# आसियान र सार्क : एक तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह (एम.ए) को दशौँ पत्रको
प्रयोजनार्थ पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र
विभाग, पोखरामा प्रस्तुत

**शोधपत्र**


**प्रस्तुतकर्ता**

निरज कायस्थ

स्नातकोत्तर तह दोस्रो वर्ष

परीक्षा रोल नं. : ४८०२१७

त्रि.वि. दर्ता नं. : ८४५५-९४


२०७५

त्रिभुवन विश्वविद्यालय

# पृथ्वीनारायण क्याम्पस पोखरा

## मानविकी तथा सामाजिकशास्त्र सङ्काय

## राजनीतिशास्त्र विभाग

# शोध निर्देशकको सिफारिस पत्र

प्रस्तुत **आसियान र सार्क : एक तुलनात्मक अध्ययन** नामक शोधपत्र राजनीतिशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति एम.ए. दोस्रो वर्षका छात्र **निरज कायस्थ**द्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निकै परिश्रम र लगनशीलताका साथ अध्ययन र विश्लेषण गरी तयार गरिएको यस शोधकार्यदेखि म पूर्णतया सन्तुष्ट छु र शोधपत्रलाई उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा समक्ष सिफारिस गर्दछु ।

मिति : २०७५।७।९

ई.सं. २६ अक्टोबर २०१८

उप.प्रा. कमलराज पौडेल

शोध निर्देशक

राजनीतिशास्त्र विभाग,

पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय

# पृथ्वीनारायण क्याम्पस पोखरा

## मानविकी तथा सामाजिकशास्त्र सङ्काय

## राजनीतिशास्त्र विभाग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनार्थ एम.ए. दोस्रो वर्षका नियमित छात्र **निरज कायस्थ**द्वारा **आसियान र सार्क : एक तुलनात्मक अध्ययन** शीर्षकमा तयार गरिएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

सह-प्रा.डा. उमानाथ बराल ..................................
(विभागीय प्रमुख)

उप प्रा. कमलराज पौडेल ..................................
(शोध निर्देशक)

सह-प्रा. ठानबहादुर क्षेत्री ..................................
(बाह्य परीक्षक)

मिति : २०७५।०७।२५
ई.सं. ११ नोभेम्बर २०१८

# मेरो भनाई

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको पाठ्यक्रम अन्तर्गत ऐच्छिक विषयमा शोधपत्र तयार पार्नु पर्ने भएकोले मेरो विषयगत इच्छा र विश्व राजनीतिमा महत्त्वपूर्ण भूमिका भएको हुनाले **आसियान र सार्क : एक तुलनात्मक अध्यायन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । विद्यार्थीले कुनै पनि सङ्कायमा अध्ययन गर्दा सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञान हासिल गर्नु आवश्यक हुन्छ । यसै उद्देश्यलाई पूरा गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयले राजनीतिशास्त्रको अध्ययनलाई विशेष जोड दिँदै स्तर अनुसार विद्यार्थीको ज्ञानलाई परिमार्जित गराई दक्ष, योग्य एवम् समय सापेक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य अनुरूप राजनीतिशास्त्र एम.ए. दोस्रो वर्षका विद्यार्थीहरूका लागि पाठ्यक्रममा शोधपत्र जस्तो विषयलाई ऐच्छिक विषयको रूपमा भए पनि समावेश गरेको परिवेश स्वागतयोग्य छ । यस अनुसन्धानमा विषय वस्तुमा केन्द्रित रहेर अध्ययन अपनाइएको सबै विधिलाई समेट्ने प्रयास गर्दै तुलनात्मक अध्ययन विधिलाई बढी जोड दिई यस शोधपत्रका निर्देशकज्यूको निर्देशन, सुझाव, सल्लाहका साथ यो शोधपत्र तयार गरेको छु ।

अन्तर्राष्ट्रिय राजनीतिमा क्षेत्रीयतावादको उदय र विकासको क्रममा दक्षिण एसिया र दक्षिण पूर्वी एसियाको उल्लेखनीय भूमिका छ । क्षेत्रीयता सम्बन्धी अवधारणाको विकासमा विश्वका विभिन्न क्षेत्रीय सङ्गठनहरू मध्येका दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन आसियान र दक्षिण एसियाली राष्ट्रहरूको सङ्गठन सार्क सगठनको विकासको पृष्ठभूमि यी दुवै संगठनको परिचय, दुवै संगठनको सदस्य राष्ट्रहरूको सामान्य परिचय, आसियानको तुलनामा सार्कले गर्न नसकेको प्रगति, यी दुवै संगठनले गरेको उपलब्धिहरू, चुनौतीहरू र सम्भावनाहरूलाई तुलनात्मक रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । आसियानले सार्कको तुलनामा बढी प्रगति गरेको छ । सार्कभन्दा आसियान जेठो सङ्गठन हो । आसियानले क्षेत्रीय सङ्गठन मध्येको सफल र प्रभावकारी संगठनको रूपमा रहेको युरोपली युनियनलाई मार्गदर्शक मानेर अगाडि बढिरहेको छ । त्यसैगरी सुस्त गतिमा हिडिरहेको सार्कले पनि इयु र आसियानलाई मार्गदर्शक मानेर अगाडि बढ्नु पर्ने देखिन्छ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्नो व्यस्तताको बावजुद पनि आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सहयोग, सुझाव दिनु हुने आदरणीय शोध निर्देशक कमलराज पौडेललाई विशेष धन्यवाद दिँदै विभागीय प्रमुख डा. उमानाथ बराल, आदरणीय गुरुहरू ठानबहादुर क्षेत्री, डा. गिरीधारी दाहाल, गिरीधारी सुवेदी, कृष्णप्रसाद तिमिल्सिना, कपिलमणि दाहाल तथा तारा बरालप्रति आभारी छु । साथै शोधपत्र तयार गर्ने क्रममा शुरु देखि अन्त्यसम्म विशेष सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु भीमनाथ बराललाई आत्मैदेखि धन्यवाद नदिई बस्न सक्दिन । त्यसै गरी अनुसन्धानमा सहयोग पुऱ्याउनु हुने मेरा अनन्य मित्रहरू ओमबहादुर पौडेल, दिपक पौडेल, शुभाष पौडेल, पुष्कर सारु, कुवेर गुरुङलगायत सम्पूर्ण मित्रहरू धन्यवादका पात्र हुनुहुन्छ । सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, पोखरा सार्वजनिक पुस्तकालय, पोखरा र सम्बद्ध कर्मचारहिरूप्रति पनि आभारी छु । प्रस्तुत शोधपत्रको मस्यौदा माथिको मौखिक परीक्षामा महत्त्वपूर्ण सुझावहरू दिनु हुने बाह्य परीक्षक एवम् सम्बद्ध गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मौखिक परिक्षामा विज्ञद्वारा औंल्याइएका कमजोरीहरुलाई सुधार गरी उहाँहरुबाट प्राप्त सुझावहरु समेतलाई समावेश गरी परिमार्जित प्रति तयार पारेको छु ।

स्नातकोत्तर स्तरको अध्ययनमा हौसला प्रदान गर्नुका अतिरिक्त शोधपत्र लेखन कार्यमा आफ्नो कार्य व्यस्तताका बाबजुत पनि समय निकाली आवश्यक वातावरण तयार गरिदिने मेरी श्रीमती मुना कायस्थप्रति म सधै ऋणी छु । साथै अध्ययन कार्यमा सधै प्रेरणा प्रदान गर्नुहुने स्व. माता ज्ञानुमाया कायस्थलाई यस अवस्थामा स्मरण गर्न चाहन्छु भने लामो समयसम्म शैक्षिक संस्थामा आफ्नो कर्मथलो बनाउनु भएका मेरा प्रेरणाका श्रोत आदरणीय बुवा क्षेत्रलाल कायस्थप्रति आभारी छु । त्यसैगरी अधययनको वातावरण नबिगारिदिएकोमा पुत्रद्वय उत्कर्ष कायस्थ र निष्कर्ष कायस्थलाई धन्यवाद व्यक्त गर्दछु । साथै भाषा सम्पादनमा सहयोग गर्नुहुने मित्र केदार धमलालाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा, शोधपत्र तयार पार्ने क्रममा कम्प्युटर टङ्कन गरी सहयोग गर्ने श्रेष्ठ कम्प्युटर सर्भिस नदीपुरका ईश्वर श्रेष्ठलाई पनि धन्यवाद नदिइरहन सक्दिन ।

...................

निरज कायस्थ

# शोधसार

क्षेत्रीय सुरक्षा र क्षेत्रीय प्रबन्धको अवधारणा मानव समुदायको आवश्यकताबाट आएको हो । हरेक मानव समुदाय राष्ट्रिय राज्य प्रणालीमा आबद्ध भएको हुन्छ र राज्य प्रणालीमा प्रारम्भिक इकाई भनेको राज्य हुनु जो स्वतन्त्र र सम्प्रभुता सम्पन्न भएकाले आफ्नो कानुन र नियम आफैँ बनाउन तथा कार्यान्वयन गराउन सक्षम हुन्छ । तर राज्यहरू स्वतन्त्र भए पनि आर्थिक, व्यापारिक र राजनीतिक आधारमा एक अर्कामा अन्तरनिर्भर हुन्छ । विश्वव्यापीकरण, सञ्चार क्रान्ति तथा विज्ञान र प्रविधिको विकासले विश्व एक गाउँमा रुपान्तरण भएको अवस्थामा राज्यका आवश्यकताले आफ्नो राष्ट्रिय सीमा नाघेर अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूको निर्धारण भएको पाउँछौँ ।

प्रथम विश्वयुद्ध पश्चात् विश्वमा स्थायी शान्ति स्थापनार्थ राष्ट्रसंघको असफलतापछि दोस्रो विश्वयुद्ध भयो । तत्पश्चात् विश्वमा एउटा प्रभावशाली अन्तर्राष्ट्रिय संगठनको आवश्यकता अनुसार ५१ राष्ट्रको उपस्थितिमा विधिवत रूपमा १४ अक्टोबर १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएको थियो । विश्वका सबै क्षेत्रको विविध समस्यालाई समाधान गर्न सम्भव नभएको अवस्थालाई हृदयङ्गम गरी संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ५२, ५३ र ५४ मा क्षेत्रीय संगठनको स्थापना सम्बन्धी व्यवस्था गरेअनुरूप आशियान, सार्क लगायत विश्वमा कैयौँ क्षेत्रीय सङ्गठन स्थापना भएको पाउँछौँ ।

विश्व शक्ति राष्ट्रहरूको खेल मैदानको रूपमा रहेको दक्षिणपूर्वी एसियाको क्षेत्रहरूलाई तटस्थताको नीतिलाई क्षेत्रीय सुरक्षा र आफ्नो क्षेत्रको विकासमा सदस्य राष्ट्रहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक क्षेत्रमा आपसी सहयोग गरी दक्षिणपूर्वी एसियालाई शान्त, स्वतन्त्र र तटस्थ क्षेत्र कायम गर्ने उद्देश्यले ८ अगस्ट १९६७ मा बैङ्कक घोषणापत्रद्वारा आशियान संगठनको स्थापना भएको पाउँछौँ ।

यस संगठनको उद्देश्य र सिद्धान्तलाई स्वीकार गर्ने कुनै पनि दक्षिणपूर्वी राष्ट्रहरूलाई यस संगठनमा संलग्नताको बाटो खुला गरिएको पाउँछौँ । प्रारम्भमा ५ वटा सदस्य राष्ट्र सहभागी भएको उक्त संगठनमा हाल आएर सदस्य सङ्ख्या ११ पुगेको छ । यस संगठनको संस्थापक सदस्यहरमा इन्डोनेसिया, थाइल्याण्ड, फिलिपिन्स, मलेसिया र

सिंगापुर थियो भने पछि गएर भियतनाम, कम्बोडिया, लाओस, म्यानमार, ब्रुनाई र पूर्वी टिमोर रहेको छ ।

यसैगरी पृथ्वीको गोलार्द्धको दक्षिणी भागमा अवस्थित हिमालय पर्वतदेखि हिन्द महासागरसम्म फैलिएको दक्षिण एशियाली क्षेत्रका राष्ट्रहरूका बिच क्षेत्रीय सहयोग र पारस्परिक हित अभिवृद्धि गर्दै मैत्री भाव सामुहिक अन्तरनिर्भरता अभिवृद्धि गर्दै यस क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने उद्देश्यले ७, ८ डिसेम्बर १९८५ मा विधिवत रूपमा सार्कको स्थापना भएको पाउँछौँ ।

यस संगठनमा नेपाल लगायत भारत, पाकिस्तान, श्रीलंका, माल्दिभ्स, भुटान, बङ्गलादेश सहभागी थिए भने पछिल्लो पटक अफगानिस्तान आठौँ सदस्य राष्ट्रको रूपमा आएको पाउँछौँ । सार्कले आफ्नो स्थापनाकालको ३३ औँ वर्ष पूरा गरेको पाउँछौँ ।

एसियाको राजनीतिमा आसियानले विगत ५१ वर्षदेखि महत्वपूर्ण भूमिका खेल्दै आएको पाउँछौँ । यस सङ्गठन मूलतः दक्षिणपूर्वी एसियामा पर्दछ । यो प्रशान्त महासागर र हिन्द महासागरबीच अवस्थित छ । बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुराजनीतिक यहाँको मूल समस्या हो । यस क्षेत्रको कैयौँ मुलुकमा अहिलेसम्म प्रजातन्त्रको लागि अनुकूल बन्न सकेको छैन । आज पनि यस क्षेत्रमा अमेरिका र चीनको प्रभाव छ । यहाँ राजनीतिक अस्थिरता छ । पृथ्वीको गोलार्द्धको दक्षिणी भागमा अवस्थित नेपाल, भारत, पाकिस्तान, भुटान, बङ्गलादेश, अफगानिस्तान, श्रीलंका, माल्दिभ्स मिली क्षेत्रीय रूपमा एकाकार भई सार्क स्थापना भएको पाउँछौँ । यसरी क्षेत्रीय रूपमा एककाकार भए पनि विश्व राजनीतिमा तनाव क्षेत्रमध्ये यस क्षेत्रलाई एक मानिन्छ । यस क्षेत्रको भारत तथा पाकिस्तान जन्मकाल देखि नै द्वन्द्वात्मक अवस्थामा छन् ।

यी दुवै क्षेत्रमा देखा परेको गरिबी, अशिक्षा, अनियन्त्रित जनसङ्ख्या आदि यस क्षेत्रको साझा समस्या हो । यसको अतिरिक्त आणविक शास्त्रास्त्रको होडबाजी, जातीय समस्या, साम्प्रदायिक दंगा, पृथकतावादी क्रियाकलाप, प्रजातन्त्रको स्थापना र मानव अधिकारको प्रत्याभूतिमा कमी यो क्षेत्रको मूल समस्या हो । यो क्षेत्रमा आतंकवादी गतिविधि बढ्दो छ । जसरी आसियानका देशहरू इन्डोनेसिया, फिलिपिन्स र म्यानमारमा आतङ्कवादी क्रियाकलाप बढ्दो छ, त्यसरी नै दक्षिण एसियामा नेपाल, भारत, पाकिस्तान, अफगानिस्तानहरूमा आतङ्कवादको दर उच्च छ ।

क्षेत्रीय संगठनको रूपमा उदाएका दुई संगठनहरू सार्क र आसियान बीचको तुलनात्मक अध्ययन गर्नु यस शोधको प्रमुख उद्देश्य हो ।

क) विश्वमा क्षेत्रीय संगठनको अवधारणाको विकासको बारेमा चर्चा गर्नु,

ख) सार्क र आसियानको उद्देश्य र उपलब्धिहरूको तुलनात्मक विवरण प्रस्तुत गर्नु,

ग) आसियान र सार्कको चुनौती र सम्भावनाको खोजी गर्नु ।

यस शोध विधि तयार गर्नका लागि मुख्यतया पुस्तकालय अध्ययन विधि अपनाइएको छ । यस शोधपत्रको अत्यन्तै महत्वपूर्ण अंश मानिने अध्ययन विधि तुलनात्मक अध्ययन विधि हो । यसको मूल स्रोतको रूपमा विभिन्न पत्रपत्रिकाहरू विभिन्न विद्वान्हरूद्वारा गहन अध्ययन गरी लेखिएका पुस्तकहरू, अनुसन्धानको क्रममा प्राप्त पूर्व शोधपत्रहरू, इन्टरनेटमा उपलब्ध विभिन्न लेख तथा तथ्याङ्कहरू, आसियान तथा सार्कको बडापत्रहरू, प्राथमिक तथा गौण तथ्याङ्कहरूको आधारमा वर्णनात्मक र विश्लेषणात्मक हुँदै अध्ययन विधि रहेको छ भने तुलनात्मक अध्ययन विधिलाई विशेष प्राथमिकता दिएको छ ।

शान्त, स्वतन्त्र र तटस्थ क्षेत्र कायम गर्ने उद्देश्यले दक्षिणपूर्वी एसियामा क्षेत्रीय संगठनको रूपमा स्थापना भएको आसियानले आफ्नो स्थापनाको ५१ वर्ष पूरा गरिसकेको छ । यस हालसम्म ३३ वटा शिखर सम्मेलनहरू सफलतापूर्वक सम्पन्न गरिसकेको छ भने दक्षिणपूर्वी एसियाका देशहरू बीच आर्थिक क्रियाकलाप बढाउने उद्देश्यले ASEAN Free Trade Association (AFTA) स्थापना गरेको छ । यस क्षेत्रको राष्ट्रहरूमा विभिन्न विवाद हुँदाहुँदै पनि यस क्षेत्रमा राजनीतिक प्रशासनिक, आर्थिक, विचारधारात्मक, न्यायिक आदि क्षेत्रमा एकीकरण संयन्त्र विकास गर्ने प्रयास गरेको पाउँछौं । २५ जुलाई १९९५ मा ASEAN Regional Forum on Security स्थापना गर्ने योजना अगाडि सारेर प्रथम सुरक्षा व्यवस्था गरेको पाउँछौं । क्वालालम्पुर घोषणा १९७१ ले यस क्षेत्रलाई शान्ति क्षेत्र (ZOPFAN) घोषणा गरी शक्ति राष्ट्रहरूलाई बाहिर निकाल्ने प्रयास गरेको पाउँछौं ।

यसैगरी ८ डिसेम्बर १९८५ का ढाका घोषणापत्रद्वारा स्थापना भएको सार्कले आफ्नो स्थापनाको ३३ वर्ष पूरा गरिसकेको छ । हालसम्म यस संगठनले विभिन्न घोषणासहित १४ वटा शिखर सम्मेलनहरू सम्पन्न गरिसकेको छ । आर्थिक क्षेत्रमा आपसी सहयोग बढाउने उद्देश्यले SAPTA को अवधारणा अघि सारेको पाउँछौं भने सार्क क्षेत्रलाई स्वतन्त्र व्यापार क्षेत्र बनाउने उद्देश्य SAFTA को अवधारणा अगाडि सारेको पाउँछौं ।

जसको उद्देश्य यस क्षेत्रको राष्ट्रहरूलाई विना रोकटोक स्वतन्त्र रुपले व्यापार गर्न दिनु हो । यसैगरी सार्कको महत्वपूर्ण क्रियाकलापमा सार्क सूचना केन्द्र स्थापना गर्नु, सार्क क्षयरोग केन्द्र स्थापना गर्नु, सार्क जलवायु केन्द्र स्थापना, सार्क अभिलेख केन्द्र स्थापना गर्नु लगायत कैयौँ मानवीय हितको निर्णय गर्नु जस्ता क्रियाकलाप सार्कले गरेको पाउँछौँ ।

यसरी साझा हित र साझा प्रयत्नबाट क्षेत्रीय संगठनको रूपमा दोस्रो विश्वयुद्धपछि आसियान र सार्कको स्थापना भएको पाउँछौँ । शक्ति राष्ट्रहरूको खेल मैदानका रूपमा रहेको आसियान क्षेत्र धार्मिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विविधता भएको पाउँछौं । यसमा संगठनको उद्देश्य र सिद्धान्तलाई स्वीकार गर्ने कुनै पनि दक्षिणपूर्वी एसियाका मुलुकहरूलाई संगठनमा संलग्नताको बाटो खुला गरिएको यस सङ्गठन सार्क भन्दा १८ वर्षले जेठो छ । दुई पक्षीय विवादको विषयमा छलफल गर्न नपाउने र बाह्र देशहरूको संलग्नतामा बन्देज लागेको सार्क क्षेत्रमा राजनीतिक विविधता, सांस्कृति विविधता, धार्मिक विविधता, आर्थिक असमनता र आतङ्कवादी समस्या रहेको पाउँछौँ ।

तुलनात्मक रूपमा आसियान सार्कभन्दा प्रभावकारी र सक्षम संगठनको रूपमा रहेको देखिन्छ । सार्क उमेरको हिसाबले आसियानभन्दा १८ वर्ष कान्छो छ भने सार्कमा एकै पटक धेरै विषय उठाउने र कार्यान्वयन पक्ष कमजोर रहने समस्या छ भने आसियानमा सीमित विषयमा मुद्दा उठाउने र त्यसको कार्यान्वयन भएपछि मात्र अर्को विषयमा प्रवेश गर्ने चलन रहेको छ । यसरी हेर्दा आसियानले युरोपियन युनियनको बाटो हिँड्नु पर्ने देखिन्छ भने सार्कले युरोपियन युनियनको साथै आसियानको मार्ग निर्देशनमा हिँडेको खण्डमा आफ्नो उद्देश्य पूरा गर्नेमा विश्वास गर्न सकिन्छ ।

# विषयसूची


- सिफारिस पत्र
- स्वीकृति पत्र
- कृतज्ञता पज्ञ
- शोधसार

**परिच्छेद एक : परिचय** **१-१२**

१.१ अनुसन्धानको पृष्ठभूमि १

१.२ समस्या कथन ५

१.३ अनुसन्धानको उद्देश्य ६

१.४ शोधविधि ६

१.४.१ अध्ययन क्षेत्रको औचित्य ६

१.४.२ अध्ययनको ढाँचा ६

१.४.३ तथ्याङ्कको स्रोत र प्रकृति ७

१.४.४ तथ्याङ्क सङ्कलन विधि ७

१.४.५ तथ्याङ्कको प्रस्तुति र विश्लेषण ७

१.५ अध्ययनको सीमा ७

१.६ पूर्व साहित्यको अध्ययन ८

१.७ अध्ययनको महत्त्व ११

१.८ अध्ययनको संगठन ११

**परिच्छेद दुई : अध्ययनको सैद्धान्तिक पृष्ठभूमि** **१३-२२**

२.१ क्षेत्रीयतावादको अवधारणा र विकास १३

२.२ क्षेत्रीयतावादको अर्थ १५

२.३ क्षेत्रीयतावादको निर्माणको आधारहरू १६

२.४ क्षेत्रीय सङ्गठन र संयुक्त राष्ट्रसङ्घ १७

२.५ विश्वका केही प्रमुख क्षेत्रीय सङ्गठनहरू १८

२.५.१ उत्तर एडलन्टिक सुन्धि सङ्गठन १९

२.५.२ वार्सा सन्धी सङ्गठन १९

२.५.३ अमेरिका राष्ट्रहरूको सङ्गठन २०

२.५.४ अफ्रिकी सङ्घ २०

२.५.५ अरव लिग २१

२.५.६ दक्षिण पूर्वी सन्धि सङ्गठन २१

२.५.७ यूरोपिय आर्थिक सहयोगका लागि सङ्गठन २१

**परिच्छेद तीन : सार्क** **२३-४८**

३.१ ऐतिहासिक पृष्ठभूमि २४

३.२ सार्कको उद्देश्य २६

३.३ सार्कको सिद्धान्त २७

३.४ सार्कको सामान्य नियम २७

३.५ सार्कको सङ्गठनात्मक ढाँचा २७

३.६ सार्क सम्मेलनहरू (ढाकादेखि काठमाडौंसम्म) २८

३.७ सार्क शिखर सम्मेलनका उपलब्धिहरू २९

३.८ सार्कका संस्थापकहरू ३३

३.९ सार्क राष्ट्रहरूको सामान्य परिचय ३४

३.९.१ अफगानिस्तान ३५

३.९.२ बङ्गलादेश ३५

३.९.३ भुटान ३५

३.९.४ भारत ३६

३.९.५ माल्दिभ्स ३६

३.९.६ नेपाल ३७

३.९.७ पाकिस्तान ३७

३.९.८ श्रीलङ्का ३८

३.१० सार्कका उपलब्धिहरू ३८
३.११ सार्कका सम्भावनाहरू ४२
३.१२ सार्कका चुनौतीहरू ४२

**परिच्छेद चार : आसियान** **४९-७५**
४.१ पृष्ठभूमि ४९
४.२ उद्देश्य ५०
४.३ आसियान सम्बद्ध देशको परिचय ५१
४.३.१ ब्रुनाई ५२
४.३.२ कम्बोडिया ५२
४.३.३ इन्डोनेसिया ५४
४.३.४ लाओस ५४
४.३.५ मलेसिया ५५
४.३.६ म्यानमार ५६
४.३.७ फिलिपिन्स ५७
४.३.८ सिंगापुर ५७
४.३.९ थाइल्याण्ड ५८
४.३.१० भियतनाम ५८
४.११ पूर्वी टिमोर ५९
४.४ आसियानका शिखर सम्मेलनहरू ६०
४.५ आसियानका उपलब्धिहरु ६१
४.५.१ आसियान एकताको घोषणा ६२
४.५.२ मित्रता र सहयोग सम्बन्धी दक्षिणपूर्वी एशियाली सहयोग सन्धि ६४
४.५.३ वार्ता प्रणालीद्वारा सहयोग ६७
४.५.४ आसियान क्षेत्रीय मन्च ६८
४.५.५ आसियान क्षेत्रीय मन्चको उद्देश्य ६८
४.५.६ अन्य उपलब्धिहरू ७१

४.६ आसियानका चुनौतीहरु ७२

**परिच्छेद पाँच : आसियान र सार्कको तुलना** **७६-८९**

५.१ सङ्गठनको स्थापना र पृष्ठभूमि ७६

५.२ सङ्गठनका सदस्यहरू ७७

५.३ सदस्य राज्यहरूको ऐतिहासिक पृष्ठभूमि ७७

५.४ सङ्गठनका उद्देश्यहरू ७९

५.५ सङ्गठनका मुख्य चुनौतिहरू ८०

५.६ सामाजिक साँस्कृतिक आधारहरू ८१

५.७ अन्तराष्ट्रिय शक्तिको प्रभाव ८१

५.८ सार्क, आसियन र पर्यवेक्षकको भूमिका ८२

५.९ सङ्गठनको आर्थिक पक्षहरू ८४

५.१० आसियानबाट सार्कले सिक्नु पर्ने पाठहरू ८६

**परिच्छेद छ : उपसंहार** **९०-१००**

६.१ निष्कर्ष ९८

सन्दर्भ ग्रन्थ सूची १०१-१०४

## आसियान सम्वद्ध राष्ट्रहरुको भौगोलिक अवस्था







**स्रोत:**

https://www.ebay.com/p/Asia-Asian-3x5-Flag-Set-of-20-Country-Countries-Polyester-Flags-Grommets/904796892

https://geology.com/world/asia-satellite-image.shtml

## सार्क सम्वद्ध राष्ट्रहरुको भौगोलिक अवस्था







**स्रोत:**

https://www.thedailystar.net/op-ed/politics/saarc-coming-apart-1291219

# परिच्छेद एक
# अनुसन्धानको परिचय

## १.१ अनुसन्धानको पृष्ठभूमि

विश्व राजनीतिमा क्षेत्रीय सङ्गठनको अध्ययन गर्नु अन्तर्राष्ट्रिय सङ्गठनको स्थापनार्थ सफल असफल प्रयासहरूको बारेमा जानकारी राख्नु आवश्यक हुन्छ। बेष्ट फेलिया सम्मेलन १६४८, भियना सम्मेलन १८१५, पवित्र सङ्घ, चर्तुपक्षीय सङ्घ, युरोपेली सङ्घ, हेग सम्मेलनहरू (१८९९ र १९०९) आदि अन्तर्राष्ट्रिय सङ्गठनको स्थापनाका प्रारम्भिक प्रयासहरू हुन्। वैज्ञानिक प्रविधिको विकास तथा यातायातको विकासले गर्दा विश्वका राज्यहरू बीच सम्बन्ध बढ्न थालेको पाउँछौं। तर त्यो विकासक्रम सम्पूर्ण विश्वमा समान रूपमा चल्न सकेन। आर्थिक, सामाजिक, प्रशासकीय, सङ्गठनात्मक एवम् सुरक्षाको दृष्टिकोणले बढी विकसित राष्ट्रहरूले अन्य राष्ट्रहरूसँग सम्बन्ध बढाउन आवश्यक महसुस गर्न थाल्यो। यसको साथै प्रविधिको विकास सँगै विकसित राष्ट्रमा उत्पादित वस्तुको विक्रिको लागि बजारको आवश्यकता महसुस गर्न थाल्यो। यसको परिणाम स्वरूप विश्वमा उपनिवेशवादको उदय भएको पाउँछौं। विश्वमा उपनिवेश बढ्दै जाने क्रममा राष्ट्रहरू बीच युद्ध हुनु स्वभाविक हुन आयो र विश्वमा अशान्तिको वातावरण तयार भयो। फलतः युद्धले विकासको मार्ग अवरुद्ध भयो। यसरी युद्ध र युद्धबाट सिर्जना हुने वातावरणबाट बच्न एक मात्र उपाय भनेको राष्ट्र राष्ट्र बिचको आपसी सद्भाव र सहयोग परापूर्व कालमा राष्ट्रहरूबीच उत्पन्न समस्या र विवादको समाधान राजदूतहरूद्वारा गरिन्थ्यो। तर सुरुको अवस्थामा स्थायी राजदूतको व्यवस्था नभएको हुँदा अलग अलग समस्याको लागि अलग अलग विशिष्ट राजदूतहरूको नियुक्ति गरिन्थ्यो र आफूलाई सुम्पिएको उत्तरदायित्व पूरा गरे पश्चात् उनीहरूको कार्य समाप्त हुन्थ्यो। १५ औं शताब्दीसम्म यातायातको साधन एवम् सञ्चार माध्यमको विकासको साथ साथै व्यापारमा पनि प्रयाप्त मात्रामा विकास भयो। राष्ट्रहरूले वाणिज्य दूत र स्थायी राजदूतहरूको नियुक्ति गर्न थाले। १५ औं शताब्दीसम्म ग्रीस, रोम लगायतका मुलुकहरूले

स्थायी राजदूत नियुक्ति गरी सकेका थिए । विकासको क्रमसँगै अन्तर्राष्ट्रिय समस्याहरूमा पनि वृद्धि हुँदै गयो । द्विपक्षीय समस्या समाधान गर्न तयार गरिएको राजदूतहरूबाट अन्तर्राष्ट्रिय समस्या समाधान गर्न सम्भव भएन । फलतः अन्तर्राष्ट्रिय सम्मेलनको आवश्यकता महसुस गर्न थालियो । वर्तमान आधुनिक अन्तर्राष्ट्रिय सङ्गठनको विकास अन्तर्राष्ट्रिय सम्मेलनहरूबाटै भएको पाउँछौँ ।

प्रथम विश्वयुद्ध पश्चाप १० जनवरी १९२० मा विश्वमा स्थायी शान्ति स्थापनार्थ “राष्ट्रसङ्घ” को स्थापना भएको थियो । तथापि आफ्नै कमी र कमजोरीको कारणले राष्ट्रसङ्घले स्थायी रूप लिन सकेन । फलत १९३९ मा दोस्रो विश्वयुद्ध भयो । तत्पश्चात् विश्वमा एउटा सशक्त प्रभावशाली अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता महसुस हुन थाले । यही आवश्यकता पूरा गर्न सान फ्रान्सिको सम्मेलन मार्फत ५१ राष्ट्रको उपस्थितिमा विधिवत रूपमा २४ अक्टोबर १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भयो । विश्वका सबै क्षेत्रका विविध समस्याहरूलाई समाधान गर्न सम्भव नभएको अवस्थालाई हृदयङ्गम गरी संयुक्त राष्ट्र सङ्घको वडापत्रको धारा ५२, ५३ र ५४ मा क्षेत्रीय सङ्गठनको स्थापना सम्बन्धी व्यवस्था गरियो । यसै आधारमा विश्व राजनीतिमा विभिन्न क्षेत्रीय सङ्गठनहरू स्थापना हुने आधार मिल्यो । जसपश्चात् अरब महासङ्घ, अफ्रिकी एकता सङ्गठन, अमेरिकी राष्ट्रहरूको सङ्गठन, दक्षिण पूर्वी एसियाली क्षेत्रीय सङ्गठन (ASEAN) र दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (SAARC) जस्ता क्षेत्रीय सङ्गठनहरूको स्थापना र विस्तार हुदै आयो ।

राजनीतिक प्रवृत्ति र व्यवहारमा आदान प्रदान सामाजिक र सांस्कृतिक एकता, आर्थिक अन्तरनिर्भरता, भौगोलिक निकटता, राजनीतिक अन्तरनिर्भरता, सङ्गठनात्मक सामिप्यता आदान प्रदान र बनौट र सुरक्षाको आधारमा विश्वमा क्षेत्रीय सङ्गठनहरूको स्थापना हुँदै आयो । क्षेत्रीय सुरक्षा र आफ्नो क्षेत्रको विकासमा सदस्य राष्ट्रहरूको आर्थिक सामाजिक, सांस्कृतिक र प्रशासनिक क्षेत्रमा आपसी सहयोग गरी दक्षिणपूर्वी एसियालाई शान्त स्वतन्त्र र तटस्थ क्षेत्र कायम उद्देश्य लिएर ८ अगस्ट १९६७ मा बैङ्कक घोषणा पत्रद्वारा ASEAN सङ्गठन स्थापना भएको हो ।

यस सङ्गठनको उद्देश्य र सिद्धान्तलाई स्वीकार्ने कुनै पनि South East Asian Country लाई यस सङ्गठनमा संलग्नताको बाटो खुला गरिएको छ। यस क्षेत्रमा आन्तरिक युद्धको बावजुद ५ वटा सदस्य राष्ट्रहरूद्वारा स्थापना भएको थियो भने हाल यस

सङ्गठनको सदस्य सङ्ख्या ११ पुगेको छ। यस सङ्गठनको संस्थापक सदस्यहरूमा इन्डोनेसिया, थाइल्यान्ड, फिलिपिन्स मलेसिया थिए भने पछि गएर भियतनाम, कम्बोडिया, लाओस्, म्यानमार, ब्रुनाइ र पछिल्लो पटक इन्डोनेसियाबाट स्वतन्त्र भएको पूर्वी टिमोर पनि यस सङ्गठनको सदस्य राष्ट्र भएको छ।

सामान्यतया एउटै सामाजिक, आर्थिक, राजनीतिक पृष्ठभूमि भएको, एउटै धर्म संस्कृति, रहन-सहन रीतिरिवाज हुने राष्ट्रहरू बीच सहकार्य गर्न सजिलो हुन्छ। तर दक्षिण पूर्वी एसियामा यस साझा तत्वको अभाव भए तापनि यो क्षेत्र युरोपियन प्रारूप पछिको अर्को महत्त्वपूर्ण प्रबन्ध मानिन्छ। यस क्षेत्रमा विश्वका प्रमुख धर्ममा बुद्ध धर्म, मुस्लिम, इसाई र हिन्दु धर्म मान्ने सङ्ख्याको बाहुल्यता छ। धार्मिक, आर्थिक र सांस्कृतिक विविधता यस क्षेत्रको विशेषता हो। यस क्षेत्र महाशक्ति, राष्ट्रहरूको खेल मैदान रूपमा थियो। सक्रिय राष्ट्रहरू बीच यस क्षेत्रमा तीव्र प्रतिस्पर्धा थियो। अमेरिका पूर्व सोभियत सङ्घ, बेलायत, चीन, जापान, भारत आदि यस क्षेत्रका प्रमुख खेलाडी राष्ट्रहरू तत्कालीन महाशक्ति राष्ट्र अमेरिका र सोभियत संघको कारण दुई दशकसम्म यस क्षेत्रमा विशेष गरेर इन्डो-चाइनाका राष्ट्रहरू भियतनाम, लाओस् र कम्बोडियामा ती राष्ट्रहरू प्रतिस्पर्धाका कारण अशान्त र अस्थिर हुन पुग्यो। सन् १९७० को दशकमा पूर्वार्धमा यस क्षेत्रमा महत्त्वपूर्ण राजनीतिक उथलपुथल भए। भियतनाम युद्धमा अमेरिकाको अपमानजनक हार खानु पर्‍यो। अमेरिकाबाट भियतनाम मुक्त भएपछि भियतनामको एकीकरण र समाजवादी गणतन्त्रात्मक भियतनामको स्थापना भयो। यसै बीच चीन र अमेरिका बीचको सम्बन्ध सुमधुर बनायो। महाशक्ति र शक्तिशाली राष्ट्रहरूले यस क्षेत्रमा आफ्नो हितको लागि आफ्नो उपस्थिति कायम गरेका छन्। यस क्षेत्रमा युरोपले अभ्यास गरेका साझा बजार नभए तापनि ASEAN ले यस मार्गको अनुसरण गरेको छ। ASEAN राष्ट्रको १९९२ मा सिङ्गापुरमा भएको चौथो शिखर सम्मेलनले आसियन स्वतन्त्र व्यापार संघको स्थापनाको पहल गरेको छ। यस क्षेत्रका राष्ट्रहरूमा विभिन्न विवाद हुँदाहुँदै पनि यस क्षेत्रमा राजनीतिक, प्रशासनिक, आर्थिक, विचारधारात्मक, न्यायिक आदि क्षेत्रमा एकीकरण संयन्त्र विकास गर्ने प्रयास गरेको पाउँछौं। २५ जुलाई १९९५ मा ASEAN Regional Forum on Security स्थापना गर्ने योजना अगाडि सारेर प्रथम सुरक्षा व्यवस्था गरेको पाउँछौं। क्वालालम्पुर घोषणा १९७१ ले यस क्षेत्रलाई शान्ति क्षेत्र (ZOFAN) घोषणा गरी शक्ति राष्ट्रहरूलाई बाहिर निकाल्ने प्रयास गरेको पाउँछौं।

यसैगरी पृथ्वीको गोलार्द्धमा दक्षिणी भागमा अवस्थित हिमालय देखि हिन्द महासागरमा फैलिएको दक्षिण एसियाली क्षेत्रका राष्ट्रहरूका बीच क्षेत्रीय सहयोग र पारस्परिक हित अभिवृद्धि गर्दै मैत्री भाव, सामूहिक आत्मनिर्भरता अभिवृद्धि गर्दै यस क्षेत्रका जनताको आर्थिक सामाजिक, सांस्कृतिक विकास गर्ने उद्देश्यले दक्षिण एसियाली क्षेत्रीय सङ्गठन सार्क ८ डिसेम्बर १९८५ मा बङ्गलादेशको राजधानी ढाकामा विधिवत रूपमा स्थापना भएको हो ।

संयुक्त राष्ट्र सङ्घ र असंलग्न आन्दोलनका समेत सदस्य रहेका नेपाल लगायत भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का, भुटान र माल्दिभ्स गरी सात मुलुक यस सङ्गठनका संस्थापक सदस्य राष्ट्र हुन् । सार्कको वडापत्र अनुसार संस्थापक ७ राष्ट्र बाहेक अन्य राष्ट्रले सदस्यता नपाउने भएतापनि पृथ्वीको गोलार्द्धको दक्षिणी भागमा पर्ने भएकोले अफगानिस्तान आठौं सदस्य राष्ट्रको रूपमा आएको छ। सार्कले ३३ वर्ष पुरा गरेको पाउँछौ भने२७ नोभेम्बर २०१४ मा नेपालमा शिखर सम्मेलन सम्पन्न गरेको छ। यसका विभिन्न समितिहरू छन्। प्राकृतिक एवम् राजनीतिक विविधताले भरिपूर्ण सार्कका सदस्य राष्ट्रहरूमा नेपाल, भुटान र अफगानिस्तान भूपरिवेष्ठित राष्ट्र हुन् भने माल्दिभ्स र श्रीलङ्का जलपरिवेष्ठित मुलुक हुन्। भारत, बङ्गालदेश र पाकिस्तान समुन्द्री बन्दरगाहले सुविधायुक्त छन्।

राजनीतक रूपले भुटान बाहेक अन्य मुलुकको शासन व्यवस्था गणतन्त्रात्मक छ। भारत भौगोलिक, आर्थिक र जनसङ्ख्याको आधारमा ठूलो र शक्तिशाली छ जसलाई दक्षिण एसियाली मुलुकको ठुल्दाइको रूपमा पनि परिभाषित गरिन्छ। भारतको सिमाना सार्क मुलुकका अधिकांश देशहरूसँग जोडिएको छ। दक्षिण एसियालीलाई भारत केन्द्रितक्षेत्र पनि भनिन्छ। सार्कलाई अगाडि बढ्नका भारत पाकिस्तान समस्या सबैभन्दा ठूलो सम्स्याको रूपमा रहेको पाउँछौं। जुन विवाद पाकिस्तानको जन्मदेखि नै सुरु भएको हो।

सार्क र आशियान दुवै एर्क महादेशका क्षेत्रीय सङ्गठनहरू हुन् । दुवै आर्थिक समृद्धिको मुख्य मुद्र सहित स्थापना भएको पाउछौं तर यी दुवै सङ्गठनहरू मध्ये एउटा अपेक्षित रूपमा सफल सङ्गठनको रूपमा दर्जा भएका छन् भने अर्को जीवन र भरणको दोसाधमा देखिएको छ यसै क्रममा थुप्रै उपक्षेत्रिय सङ्गठनहरू पनि आस्तित्वमा आएका

पाउँछौं । अत यस भित्रको वास्तविक अवस्था के हो र आशियान कसरी सार्कको मार्ग दर्शक बन्न सक्छ भन्ने जिज्ञासा स्वरूप यो अनुसन्धान अगाडि बढाएको हो ।

## १.२ समस्या कथन

एसियाको राजनीतिमा आसियनले विगत ५१ वर्षदेखि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यो सङ्गठन मूलतः दक्षिण पूर्वी एसिया क्षेत्रमा पर्दछ । यो प्रशान्त महासागर र हिन्द महासागर बीच अवस्थित छ । दक्षिण पूर्वी एसिया विभिन्न सामूहिक जलमार्गद्वारा कुनै न कुनै रूपमा जोडिन पुगेको छ । तापनि यस क्षेत्रका समस्या अनगिन्ती छन् । बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुराजनीतिक यहाँको मूल समस्या हो । कैयौ क्षेत्र प्रजातन्त्रको लागि अनुकूल बन्न सकेको छैन । आज पनि यस क्षेत्रमा ठूला राष्ट्र अमेरिका र चिनको प्रभाव छ । यहाँ राजनीतिक अस्थिरता छ । म्यानमार, इण्डोनेसिया, फिलिपिन्स तनाव ग्रस्त छ । यी समस्या विरुद्ध आसियनको प्रभावकारी भूमिका आवश्यकता छ भने पृथ्वीको गोलार्द्धको दक्षिणी भागमा अवस्थित नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, श्रीलङ्का, माल्दिभ्स, बङ्गलादेश मिली क्षेत्रीय रूपमा एकाकार भई सार्क स्थापना भएको पाउँछौं । यसरी क्षेत्रीय रूपमा एकाकार भए पनि विश्व राजनीतिको तनाव क्षेत्र मध्ये यस क्षेत्र एक मानिन्छ । यस क्षत्रेको भारत र पाकिस्तान जन्म कालदेखि द्वन्द्वात्मक अवस्थामा छन् ।

यी दुवै क्षेत्रमा देखा परेको गरिबी, अशिक्षा, अनियन्त्रित जनसङ्ख्या आदि यस क्षेत्रको साझा समस्या हो । यसको अतिरिक्त यस क्षेत्रमा आणविक शास्त्रास्त्रको होडबाजी, जातीय समस्या, साम्प्रदायिक दंगा, पृथकतावादी क्रियाकलाप, प्रजातन्त्रको स्थापना र मानव अधिकारको प्रत्याभूतिमा कमी । यो क्षेत्रमा आतङ्कवादी गतिविधि बढ्दो छ । जसरी आसियनका देशहरू इन्डोनेसिया, फिलिपिन्स र म्यानमारमा आतङ्कवादी गतिविधि बढ्दो छ त्यसरी नै दक्षिण एसियामा नेपाल भारत पाकिस्तान अफगानिस्तानहरूमा आतङ्कवाद उच्च छ । यी समस्याहरू सँग सामना गर्न आसियनले कस्तो भूमिका खेलेको छ । आसियन देशमा भएका ठूला ठूला समस्या कसरी समाधान हुँदै आएका छन् । त्यसमा कुन कुन पक्ष उत्तरदायी छ । साथै समस्या हुँदा हुँदै पनि आसियन सङ्गठन किन प्रभावकारी छ त्यो अध्ययन गर्न र सार्कका समस्या समाधान गर्न आसियनले चालेको

कदम बढी प्रभावकारी हुन्छ हेर्ने र धिमाह गतिमा अघि बढेको सार्कलाई गतिशील बनाउन के कस्तो उपाय अवलम्बन गर्ने जमर्को गर्ने प्रयास गरेको छु ।

## १.३ अनुसन्धानको उद्देश्य

क्षेत्रीय सङ्गठनको रूपमा एसियामा उदाएका दुई सङ्गठनहरू सार्क र आसियन बीचका तुलनात्मक अध्ययन गर्नु यस शोधको प्रमुख उद्देश्य हो । यसका विशिष्ट उद्देश्य निम्न छन् :

क) क्षेत्रीय सङ्गठनको रूपमा स्थापित सार्क एवं आसियनको ऐतिहासिक विकासक्रमबारे चर्चा गर्नु,

ख) सार्क एवं आसियानको सङ्गठनात्मक संरचना र तिनले हासिल गरेका उपलब्धि एवं चुनौतिहरूको विश्लेषण गर्नु,

ग) सफल क्षेत्रीय सङ्गठनको रूपमा दुवै सङ्गठनका संभावनाहरूलाई खोजी गर्नु ।

## १.४ शोधविधि

### १.४.१ अध्ययन क्षेत्र छनौटको औचित्य

दोस्रो विश्वयुद्धपछि क्षेत्रीय सङ्गठनको रूपमा आसियान र सार्कको स्थापना भएको पाउँछौं । यसरी आसियान र सार्कको विषयमा लेखिएका धेरै पुस्तक बजारमा उपलब्ध भए तापनि आसियान र सार्कको विषयमा गहन अध्ययन गरी यी एसियाका दुई क्षेत्रीय सङ्गठनको विषयमा तुलनात्मक अध्ययनको कमी भएकोले सार्क र आसियानको बारेमा विस्तृत खोज र अनुसन्धान गर्नु एक राजनीतिशास्त्रको विद्यार्थीको हैसियतले अध्ययनको यो क्षेत्र छनौट गरिएको हो ।

### १.४.२ अध्ययनको ढाँचा

मूलतः यस अध्ययनमा आसियान र सार्क स्थापनाको भूमिका उद्देश्य, औचित्य र उपलब्धिलाई तुलनात्मक रूपमा प्रकाश पार्ने प्रयास गरिएको छ। यस अर्थमा प्रस्तुत अध्ययनका दुवै सङ्गठनको ऐतिहासिक पृष्ठभूमि, यिनका उद्देश्य, उपलब्धि र छलफलका प्रमुख गतिविधिको विवरण दिइएको हुनाले अध्ययनको ढाँचा विवरणात्मक दिइएका

विवरणलाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ । यस अर्थमा यसको ढाँचा विश्लेषणात्मक छ ।

### १.४.३ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययनको क्रममा आवश्यक तथ्याङ्कहरू द्वितीय स्रोतबाट सङ्कलन गरिएका छन् । यस अर्थमा तथ्याङ्क संकलनमा उपलब्ध पुस्तक, शोधसम्बद्ध पूर्व शोध, पत्रिका, लेख तथा दस्तावेजहरू अध्ययनका मुख्य स्रोत रहेका छन् । साथै तथ्याङ्कको संकलनको स्रोतको आधारमा स्रोतको मुख्य प्रकृति गुणात्मक रहेको छ ।

### १.४.४ तथ्याङ्क सङ्कलन विधि

मूलतः अध्ययनमा द्वितीय स्रोतका तथ्याङ्कहरू प्रयोग गरिएकाले पुस्तकालय विधिको प्रयोग गरिएको छ । यसको लागि पुस्तकालय अध्ययन, विषय सम्बद्ध लेख, पुस्तक, अनुसन्धानात्मक आलेख, प्रकाशित तथा अप्रकाशित कृति तथा दस्तावेजहरू पुस्तकालय विधि प्रयोगद्वारा नै सङ्कलन गरिएको छ ।

### १.४.५ तथ्याङ्कको प्रस्तुति र विश्लेषण

अध्ययनको क्रममा द्वितीय स्रोतबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित रूपमा प्रसङ्ग अनुसार प्रस्तुति र विश्लेषण गरिएको छ । विषयवस्तुको विवरण र विश्लेषणको क्रममा विभिन्न शीर्षक एवम् उप-शीर्षकमा विभाजन गरी प्रस्तुत शोध तयार पारिएको छ । द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा समेत प्रस्तुत गरिएको छ ।

## १.५ अध्ययनको सीमा

आसियान र सार्कको पृष्ठभूमि परिचय दुवै सङ्गठनका सदस्य राष्ट्रहरूको परिचय यी सङ्गठनहरूले गरेका उपलब्धिहरू र चुनौतीहरू त्यसबाट प्राप्त हुने समानता र असमानता तुलनात्मक रूपमा देखाइ, सार्कले आसियानबाट सिक्नु पर्ने पाठहरू पनि उल्लेख गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा आसियानको स्थापनादेखि आसियानको ३३ औं शिखर सम्मेलनसम्मको अध्ययन गरिएको छ भने सार्कको स्थापनाकालदेखि सन्

२०१४ मा काठमाडौँमा सम्पन्न १८ औँ शिखर सम्मेलनसम्म अध्ययन गरी प्रकाश पार्ने प्रयास गरिएको छ ।

## १.६ पूर्व साहित्यको अध्ययन

क्षेत्रीय सङ्गठनको रूपमा उदाएका आसियन र सार्क सम्बन्धमा अध्ययन र अनुसन्धानको अभाव त्यति छैन । तापनि हाम्रो उद्देश्य र अध्ययनसँग केन्द्रित रहेर विस्तृत अध्ययन भएको भने पाइँदैन । फेरि पनि यस अगाडि भए गरेका अनुसन्धान र प्रकाशित कृति एवम् दस्तावेजहरूले यस अध्ययनलाई मार्ग निर्देशन गरेको तथ्यमा भने दुई मत छैन ।

सार्क र आसियन दुवै एसियाका क्षेत्रीय सङ्गठनहरू हुन् । क्षेत्रीयतावादको अवधारणासँगै यिनको स्थापना र विकास हुँदै आएको पाइन्छ । मूलतः शिवाकोटी (२०६८) ले क्षेत्रीयतावादको अवधारणालाई केही हदसम्म प्रकाश पारेको पाइन्छ । अन्तर्राष्ट्रिय सम्बन्धको सन्दर्भमा सङ्क्षेपमा उल्लेखित उक्त कृतिले हाम्रो अध्ययनको मूल उद्देश्यलाई भने समेटेको छैन । तथापि सैद्धान्तिक अवधारणा प्रस्तुत भने गरेको पाइन्छ ।

वैद्य (२०१७ इ.सं.) ले क्षेत्रीय सङ्गठनको रूपमा सार्कको उपलब्धिलाई विश्लेषण गरेको पाइन्छ । उनले दक्षिण एसियाली क्षेत्रमा सार्कको स्थापनाको पृष्ठभूमि, हालसम्मका सार्क सम्मेलनहरू, यसका समस्या, बाधाहरू, सार्कले भोग्नु परेका चुनौतीहरू र यसको सुदृढीकरणका बारेमा प्रकाश पारेको पाइन्छ । विभागीय जर्नलको एउटा लेखको रूपमा प्रकाशित उक्त कृतिले समग्र अध्ययनलाई भने समेटको पाइँदैन ।

यसैगरी पाण्डे (२०७२) ले क्षेत्रीय सङ्गठनको रूपमा सार्कको विकासमा आइपरेका समस्याहरूको बारेमा चर्चा गरेको पाइन्छ । भण्डै आत्मवृत्तान्त प्रकृतिको कूटनीति र राजनीति नामक ग्रन्थमा सानो उपशीर्षकमा सार्कको सङ्क्षिप्त चर्चा गरेको पाइन्छ ।

यसै गरी मुनी (२०१०) ले परिवर्तित सन्दर्भमा सार्कको सम्भावनालाई उजागर गर्ने प्रयास गरेका छन् । मुनीद्वारा नै सम्पादित उक्त पुस्तकमा विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विद्वान्हरूले सार्कको मौजुदा आयामहरूको बारेमा चर्चा गरेका छन् । सार्क केन्द्रित उक्त पुस्तकमा सार्कको भूमिका, ऐतिहासिक, आर्थिक अवस्था, सुरक्षा, मानवीय समस्या तथा विश्वकै डरलाग्दो रूपमा देखिएको आतङ्कवाद तथा वातावरण सम्बन्धमा विशेष चर्चा भएको पाइन्छ । साथै सङ्गठनलाई हेर्ने पर्यवेक्षकको दृष्टिकोणको समेत

उल्लेख छ । यसै गरी अधिकारी (२०७०) ले आसियनको वर्तमान अवस्थासम्म आइपुग्दासम्मको घटना क्रमको बारेमा प्रकाश पारेको छ ।

त्यसैगरी बराल (२०७३) ले सार्कको अठारौं शिखर सम्मेलनको परिवेशमा सार्कका उपलब्धि र चुनौतीहरूलाई उठान गरेको पाइन्छ । मूलतः सार्क स्थापनाको सङ्क्षिप्त पृष्ठभूमि, सार्कका हालसम्मका शिखर सम्मेलनहरू, सम्मेलनका मुख्य उपलब्धि चुनौति र सम्भावनाहरूलाई संक्षेपमा चर्चा भएको छ । सङ्गठनात्मक हिसाबले सार्कको पछिल्लो सम्मेलनका गतिविधिलाई समेटि तयार गरिएको यस लेखले शोधपत्र तयार पार्न निक्कै मद्दत पुऱ्याएको छ । तथापि पछिल्लो समयमा विकसित घटनाक्रमलाई भने समेट्न सकेको पाइँदैन ।

पराजुली (२०७५) आलेखमा पाकिस्तानमा इम्रान खानको उदयपछि सार्कमा पर्न सक्ने प्रभावको बारेमा उल्लेख गरिएको छ। त्यसैगरी कान्तिपुर (२०७५) सम्पादकीयमा सार्क सुस्ताउने र विमस्टेक जुरमुराउनुलाई मिस्टेक मात्र होइन भनी उल्लेख गरिएको छ। धमला (२०६२) ले क्षेत्रीय सङ्गठनको रूपमा सार्कका विविध पक्षहरूको बारेमा उल्लेख गरेका छन् । सार्क सम्बद्ध विभिन्न तथ्याङ्कहरूको सङ्कलन तथा विश्लेषण सहित सङ्गठनका गतिविधि र विधान समेत उल्लेख भएको छ। संक्षेपमा सार्कका चुनौतिहरूलाई समेत प्रस्तुत ग्रन्थमा उठान गरिएको पाइन्छ । यो पुस्तक शोधकार्यको सम्पादनमा निकै उपयोगी सिद्ध भएको छ।

पोखरेल (२०५९) मा व्यापक तथा जटिल प्रकृतिको समस्याको लागि अन्तर्राष्ट्रिय स्तरको प्रयत्न चाहिन्छ र सामान्य प्रकृतिको समस्याको लागि क्षेत्रीय स्तरको प्रयत्न काफी हुने उल्लेख गरेको छ।

मल्ल (२०४८) मा अन्तर्राष्ट्रिय सङ्घसंस्था सम्बन्धी कानुन र मानव अधिकार सम्बन्धी विषय विस्तृत रूपमा प्रकाश पारेको पाउँछौं ।

देवकोटा (२०५८) मा विश्वमा तिव्र गतिमा स्थापित क्षेत्रीय सङ्गठनहरूले राष्ट्रहरूको स्वतन्त्रतालाई बचाई आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले क्षेत्रीय सङ्गठनहरूको विकास तीव्र रूपमा भएको बारेमा विस्तृत रूपमा लेखिएको छ।

यसैगरी सार्क बडापत्र (१९८५) र आसियानको बडापत्र (२००८) को अध्ययनले आसियान र सार्कको उद्देश्यहरू सिद्धान्त सङ्गठनात्मक उद्देश्यहरू, सिद्धान्त

सङ्गठनात्ममक संरचना, विभिन्न समिति एवम् समग्र सङ्गठनलाई मार्ग निर्देशन गरेको पाइन्छ। यिनै विधानको आलोकमा यो अध्ययन पूरा गरिएको छ।

प्रतियोगिता मञ्च (२०५८) मा सार्क शिखर सम्मेलनहरू र सम्मेलनको उपलब्धि र निर्णयहरू बारेमा उल्लेख छ। सार्कको सङ्क्षिप्त इतिहास र विशेषगरी विभिन्न सम्मेलनहरूको विवरण प्रस्तुत भएको उक्त कृतिमा सार्कका उपलब्धिहरूलाई समेत उजागर गरिएको छ। तर झण्डै डेढ दशक अधि प्रकाशित उक्त पुस्तक ऐतिहासिक पक्षको रूपमा सिद्ध भइसकेको छ। एशियाको राजनीति सम्बद्ध विषयहरू समेटिएको पियर्सन (२०१२) मा एशियाको समग्र राजनीति र यस सम्बद्ध मुख्य देशहरूको इतिहास, सामाजिक, आर्थिक, राजनैतिक एवं सामरिक अवस्थाको बारेमा चर्चा भएको छ। साथै उक्त कृतिमा दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन र दक्षिणपूर्वी राष्ट्रहरूको सङ्गठन, तिनका सम्मेलन र मुख्य उपलब्धिलाई समेत संक्षेपमा उल्लेख गरिएको छ। यो पुस्तक यस शोधको लागि अति नै उपयोगी सामग्रीको रूपमा रह्यो।

दाहाल र सिवाकोटी (२०४९) मा स्वतन्त्रताको लहरको विषयमा अन्तर्राष्ट्रिय राजनीतिक इतिहासकोमा राज्यहरूको स्थापना कालदेखि नै राज्यहरूबीच अन्तरसम्बन्ध तथा सङ्घर्ष रहेको उल्लेख गरेको पाउँछौं।

सुरक्षाको दृष्टिले सार्कका आफ्नै चुनौती रहेका छन्। ती विषयवस्तुलाई समेटेर श्रीधर कुमार खत्रीद्वारा सम्पादित "रिजनल सेक्युरिटी इन साउथ एशिया" (इ.सं. १९८७) ले यस क्षेत्रको बढ्दो सुरक्षा चुनौती बारेमा उल्लेख गरेको छ। तर झण्डै २ दशक अगाडि प्रकाशित यो पुस्तकले पछिल्लो घटनाक्रमलाई समेट्न भने सक्ने अवस्था छैन।

बराल (२०१८ इ.सं.) द्वारा हालसालै प्रकाशित "साउथ एशिया : एन ओभर भ्यू" मा सार्क र समग्र दक्षिण एशिया क्षेत्रको बारेमा चर्चा भएको पाइन्छ। यस क्षेत्रको परिचय, भू-राजनीति, आर्थिक, सामाजिक, राजनैतिक जस्ता पक्षको चर्चा गर्दै यस क्षेत्रमा बढ्दै गएको अन्तर्राष्ट्रिय शक्ति राष्ट्रको प्रभावलाई विश्लेषण गर्दै क्षेत्रीय सङ्गठनको रूपमा सार्कका गतिविधिलाई उक्त कृतिमा उल्लेख गरिएको छ। तर हाम्रो अध्ययनको उद्देश्यसँग सम्बन्धित विषयलाई भने उक्त पुस्तकले समेट्न सकेको छैन।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, व्यवस्थापिका संसद (२०१७) द्वारा प्रकाशित ग्रन्थमा सार्क सम्बन्धमा विषद चर्चा भएको पाइन्छ। "सार्कको प्रभावकारितामा लागि क्षेत्रीय सम्मेलन" शीर्षकमा सम्मेलनको निष्कर्षलाई आधार मानेर तयार गरिएको यो

पुस्तक हाम्रो अध्ययनको क्रममा निकै सहयोगी रह्यो । फरक सोभन, आनन्द आदित्य, शङ्करप्रसाद शर्मा, महेन्द्र पि. लामा लगायतका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विद्वानहरूका धारणा समावेश गरिएको उक्त ग्रन्थमा सार्क, यसको पृष्ठभूमि, आर्थिक, सामाजिक अवस्था, चुनौती, सम्भावना जस्ता विषयहरूलाई प्रष्ट्याउने प्रयास भएको छ । तथापि हाम्रो अध्ययनको सम्पूर्ण पक्ष र सिलसिलालाई समेट्न केवल सहयोगी दस्तावेजको रूपमा यो कृति रहेको छ ।

यी माथि उल्लेखित साहित्यको अलावा थुप्रै पत्रपत्रिका, जर्नल तथा एवं पुस्तकहरूमा सार्क र आसियान सम्बन्धमा उल्लेख भएको छ । यि विषयमा केन्द्रीत रहेर विभिन्न शोधकार्य समेत गरिएको छ । सम्भव भएसम्मका श्रोतलाई यहाँ उल्लेख समेत गरिएको छ । तर यस शोधको उद्देश्य अनुरूप पछिल्लो विषयवस्तुलाई समेटेर हालसम्म कुनै शोध हुन सकेको पाइदैन । यही अभावलाई आंशिक रूपमा पूर्ति गर्ने उद्देश्यका साथ यो शोधकार्य गरिएको हो ।

## १.७ अध्ययनको महत्त्व

यस शोधपत्रलाई सैद्धान्तिक आधारमा विश्लेषण गर्नुका साथै व्यावहारिक रूपमा पनि अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रमा यस दक्षिणपूर्वी एसिया र दक्षिण एसियाली क्षेत्रमा आसियन र सार्कले गरेका प्रगतिहरूको यथार्थ झलक प्रस्तुत गरी चुनौतीहरूको विश्लेषण गरी सार्कका चुनौती निवारण गर्न आसियन सङ्गठनको प्रगति कत्तिको उपयुक्त छ भन्ने पत्ता लगाउने प्रयास गरिएको छ । यस हिसावले दक्षिण एशियाली देशहरूको सङ्गठन तथा दक्षिण पूर्वी एशियाली देशहरूको सङ्गठन सम्बद्ध नीति निर्माण गर्ने, तथा यस क्षेत्रको बारेमा जानकारी लिन खोज्ने जो कोहीका लागि पन यो शोध उपयोगी हुनेछ । उल्लेखित विषयमा थप खोज गर्नका निम्ति समेत यो शोध सहयोगी हुने विश्वास गरिएको छ ।

## १.८ अध्ययनको सङ्गठन

अध्ययनको सुविधाको दृष्टिकोणले प्रस्तुत शोधकार्यलाई विभिन्न छ परिच्छेदहरूमा विभाजन गरी अध्ययन गरिएको छ । साथै आवश्यकताअनुसार विभिन्न शीर्षक र

उपशीर्षकहरूसमेत दिइएको छ। जसअनुसार परिच्छेद एक अध्ययनको परिचयसँग सम्बन्धित छ। यस अन्तर्गत शोधकार्यको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययन विधि, अध्ययनको सीमा जस्ता उपशीर्षकहरू राखिएको छ। साथै सोही परिच्छेदमा पूर्व साहित्यको अध्ययन, अध्ययनको महत्त्व र शोधको सङ्गठन जस्ता उपशीर्षकहरू समेटिएको छ।

परिच्छेद दुई अध्ययनको सैद्धान्तिक पृष्ठभूमिसँग सम्बन्धित छ। यस अन्तर्गत क्षेत्रीयतावादको अवधारणा, अर्थ, क्षेत्रीयतावादका निर्माणका आधारहरू र विश्वका प्रमुख क्षेत्रीय सङ्गठनहरूको सङ्क्षिप्त झलक प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा सार्कको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, सिद्धान्त, सामान्य नियम, सार्कको सङ्गठनात्मक ढाँचा, सार्क सम्मेलनका घटनाक्रमहरू, सार्क शिखर सम्मेलनहरू, सार्कका संस्थापकहरूको बारेमा लेखिएको छ भने सार्क राष्ट्रहरूको सामान्य परिचय सार्कका उपलब्धिहरू, सार्कको सम्भावनाहरू, सार्कको चुनौतीहरू यसै परिच्छेदमा उल्लेख गरिएको छ।

परिच्छेद चारमा आसियान सम्बद्ध देशहरूको बारेमा सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ भने यसै परिच्छेदमा आसियानका उपलब्धिहरू, आसियानको शिखर सम्मेलनहरू, आसियानको चुनौतीहरूको बारेमा उल्लेख गरिएको छ।

परिच्छेद पाँचमा आसियान र सार्कको तुलना गरिएको छ भने आसियानबाट सार्कले सिक्नु पर्ने पाठहरू यसै परिच्छेदमा समेटिएका छन्।

अन्त्यमा, परिच्छेद छ मा शोधको उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ।

# परिच्छेद दुई
# अध्ययनको सैद्धान्तिक पृष्ठभूमि

## २.१ क्षेत्रीयतावादको अवधारणा र विकास

क्षेत्रीयवाद र क्षेत्रीय प्रबन्धको अवधारणा मानव समुदायको आवश्यकताबाट आएको हो । हरेक मानव समुदाय राष्ट्रिय राज्य प्रणालीमा आबद्ध हुन्छ र राज्य प्रणालीको प्रारम्भिक एकाइ भनेको राज्य हो, जो स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न भएकोले आफ्नो कानुन र नियम आफै बनाउने तथा कार्यान्वयन गराउन सक्षम हुन्छ । तर राज्यहरू स्वतन्त्र भए तापनि आर्थिक व्यापारिक र राजनीतिक आधारमा एक अर्कासँग अन्तरनिर्भर हुन्छ । विश्वव्यापीकरण सञ्चारमा आएको क्रान्ति तथा विज्ञान र प्रविधिमा भएको विकासले विश्व एक गाउँमा रूपान्तरण भएको अवस्थामा राज्यका आवश्यकताले अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्न पुग्छ र यस्ता अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूको निर्धारण भएको हुन्छ (मलहोत्रा, २०१२ : १४८) । क्षेत्रीय व्यवस्था प्राचीन समयदेखि चल्दै आएको छ । ग्रीस महासङ्घ, भारतीय महामण्डल जस्ता प्राचीन क्षेत्रीय व्यवस्था देखिएका छन् भने आल्पस प्रायदिपलाई तटस्थता प्रदान गर्ने सन्धी, आयोनिक प्रायदिप सम्बन्धी सन्धी सन् १८६३, कङ्गो कानुन सन् १८८५ आदि १९ औ सताब्दी यसका उदाहरणहरू हुन् । जर्मन महासङ्घ अन्तर अमेरिका सङ्घ, बाल्कान समूह लोकार्नो सन्धी तथा कमन बेल्थ आदि पनि  क्षेत्रीय अवधारणाअन्तर्गत तयार भएको पाउँछौ ।

औपचारिक रूपमा अन्तर्राष्ट्रिय सङ्गठनको सुरुआत सन् १६४८ को वेस्टफालिया सम्मेलनलाई नै मान्नु पर्ने हुन्छ । त्यसपछि क्रमशः भियना सम्मेलन १८१५ पवित्र सङ्घ चर्तुपक्षीय सङ्घ, यूरोपेली सङ्घ हेग सम्मेलन आदि । प्राचीन कालमा राष्ट्रहरू मतभेद एवं विवादहरू भए समाधानका लागि राजदूतहरू नियुक्ति गरिन्थ्यो । सुरुमा स्थायी राजदूत हुन्थ्यो । अलग अलग समस्याको लागि विशिष्ट राजदूतहरू नियुक्ति गरिन्थ्यो । समस्या समाधान भए पश्चात् उनीहरू स्वत मुक्त हुन्थे । १५ औं शताब्दी सम्ममा यातायातको साधन एवं सञ्चारको माध्यमको विकासले व्यापारमा पनि प्रयाप्त विकास भयो र

राष्ट्रहरूले वाणिज्यदूत तथा स्थायी राजदूतहरू नियुक्ति गर्न थाले। विकासको क्रमसँगै अन्तर्राष्ट्रिय समस्यामा पनि वृद्धि हुन थाल्यो। अन्तर्राष्ट्रिय समस्या समाधान गर्न राजदूतहरूद्वारा सम्भव थिएन। त्यसैकारण अन्तर्राष्ट्रिय सम्मेलनहरूको आवश्यकता महसुस गरियो। अन्तर्राष्ट्रिय सङ्गठनहरूको विकास अन्तर्राष्ट्रिय सम्मेलनहरूबाट भएको पाइन्छ। क्षेत्रीय सङ्गठनको आधार अन्तर्राष्ट्रिय सम्मेलनहरूलाई मान्न सकिन्छ।

आज राज्यहरू स्वतन्त्र छ। तर पनि राज्यहरू एक आपसमा अन्तरनिर्भर छन्। तिनीहरू राष्ट्रिय सिमानाबाट वाहिर निस्कीएर पारस्परिक सम्बन्ध सुत्रमा बाँधिनु पर्दछ। आज विश्वमा आएको परिवर्तनले विश्वलाई एउटा गाउँको रूपमा परिवर्तन गरेको छ। त्यस्तो अवस्थामा राज्यहरू आफ्नो राष्ट्रिय सिमाना नाघेर अन्तर्राष्ट्रिय जगतमा पुग्नु र अन्यत्र राज्यतिर निर्भर बढ्नु स्वभाविकै हुन आउँछ। अन्तर्राष्ट्रिय सहयोग र अन्तर्राष्ट्रिय सङ्गठनहरू राज्यहरूको यिनै आवश्यकताका परिणाम हो भन्न सकिन्छ।

विश्वमा आएको सञ्चार यातायात तथा प्रविधिमा भएको विकासले विश्वका राज्यहरूबीच सम्बन्ध बढ्न थाल्यो। विकासको क्रम समग्र विश्वमा समान रूपले चल्न सकेन आर्थिक, सामाजिक, प्रशासकीय, सङ्गठनात्मक एवम् सुरक्षाको दृष्टिकोणले बढी विकसित राष्ट्रहरूले अन्य राष्ट्रहरूसँग सम्बन्ध बढाउन  थाले। आफ्ना देशमा उत्पादित वस्तुको लागि बजार तथा उत्पदानको लागि आवश्यक कच्चा पदार्थको लागि उपनिवेशवादको विस्तार हुन थाल्यो। विश्वमा आफ्नो उपनिवेश बनाउने क्रममा राष्ट्रहरू बीच युद्ध हुन थाल्यो। विश्वमा युद्धद्वारा अशान्तिको वातावरण फैलन थालेपछि युद्ध विकासको बाधकको रूपमा उपस्थित हुन थाल्यो। युद्ध र युद्धबाट सिर्जना हुने अशान्ति र असहज वातावरणबाट बच्न राष्ट्र राष्ट्रबीच आपसी सहयोगमा विस्तार गर्न थाल्यो। आजको विश्वमा जुन अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरू देखेका  छौं ती सबै राज्यहरूको आपसी सहयोग र साझा हितको उपज हो। यसरी हामीले भन्नुपर्दा राज्यहरूकै साझा हित र साझा प्रयत्नबाट अन्तर्राष्ट्रिय सङ्गठन बनेका छन् भने तिनै हित र प्रत्यत्नबाट क्षेत्रीय साझा सङ्गठन बनेको पाउँछौ।

प्रथम विश्वयुद्धको परिणाम स्वरूप सन् १९१९ मा शान्ति सम्झौता भएका थिए। भर्सेलिज सन्धिपछि प्रथम पटक छब्बीस धाराहरूको रूपमा राष्ट्रसङ्घको विधान तयार भई १९२० मा राष्ट्रसङ्घ विधिवत रूपमा स्थापना भयो। राष्ट्रसङ्घको स्थापना पश्चात्

यसमा भएको कमी कमजोरीको कारण अर्को विध्वंसकारी दोस्रो विश्वयुद्ध भयो । त्यस पश्चात् विश्वमा एक सशक्त प्रभावशाली अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता महशुस भए मुताविक सन् फ्रान्सिस्को सम्मेलन मार्फत ५१ राष्ट्रले हस्ताक्षर गरी संयुक्त राष्ट्र सङ्घको विधान तयार भई विधिवत् रूपमा २४ अक्टोबर १९४५ मा संयुक्त राष्ट्रसङ्घ (UNO) को स्थापना भएको पाउँछौ ।

दोस्रो विश्वयुद्धपछिको विभाजित र युद्धको खतराले मडारिएको विश्वमा आफ्नो रक्षाका लागि राष्ट्रिय साधनहरूको समूह बनाएर प्रयोग गर्ने इच्छाको उपज हो । लामो समयसम्म राष्ट्रिय राज्यको घेरामा सीमित रहेका राज्यहरू पनि आज स्वतन्त्र इकाइका रूपमा मात्र सिमित नभई क्षेत्रीयतावादको अवधारणा राज्यहरूको मेलमिलाप र सहयोग भावनाले गर्दा भएको पाउँछौ । कुनै पनि क्षेत्रका ३ वा सो भन्दा बढी राज्यहरूद्वारा साझा उद्देश्य पूरा गर्न को लागि स्थापना भएको हुन्छ । जातिय, धार्मिक, सांस्कृतिक र भौगोलिक अवस्थितिबाट माथि उठी आर्थिक  राजनीतिक, सामाजिक सांस्कृतिक क्षेत्रीयतावाद जस्ता आधारहरूमा सङ्गठित अवधारणालाई भनेर बुझिन्छ ।

## २.२ क्षेत्रीयतावादको अर्थ

सामान्यतया क्षेत्रीयतावादको अर्थ क्षेत्रको आधारमा विभिन्न राज्यहरू सङ्गठित हुनु हो । त्यसो भए क्षेत्र भनेको के हो त ? प्रश्न उठ्न सक्छ । सामान्य भाषामा क्षेत्र भूमण्डलको कुनै एक भाग हो । तर अन्तर्राष्ट्रिय राजनीतिमा क्षेत्र बन्न सिमाना जोडिएको भूखण्ड मात्र हुनु पर्दछ भन्ने छैन । क्षेत्र निर्धारण गर्ने कुनै ठोस नियम पनि छैन । वरु यो त क्षेत्र निर्माणमा संलग्न राष्ट्रहरूको सम्झौतामा भर पर्दछ । क्षेत्र निर्माणमा प्रमुख भुमिका खेल्ने तत्वहरूमा भौगोलिक अवस्थितिको साथै जातिगत निकटता संस्थागत बन्धन प्रतिरक्षाको आवश्यकता, सुरक्षा र राजनीतिक स्वार्थहरू प्रमुख रहेका छन् (अधिकारी, २०७० : १०६) ।

क्षेत्रीयतावाद वर्ण, वर्ग, जाति, संस्थाभन्दा उच्च आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक धारणा हो । यी साझा उद्देश्य र लक्ष्यमा आधारित भएर स्थापित सङ्गठनको स्वरूप हो । Brucet Russett का अनुसार क्षेत्रीयतावादमा मुख्य ५ तत्वहरू विद्यमान हुन्छन् ।

१. सामाजिक र सांस्कृतिक एकरूपता,

२. समान प्रकारको राजनैतिक प्रवृत्ति र व्यवहार,

३. राजनैतिक स्वतन्त्रता र पारस्पारिक संस्थागत सदस्यता,

४. आर्थिक अन्तरनिर्भरता

५. भौगोलिक निकटता ।

त्यसैगरी E.N Kleftens का अनुसार "संयुक्त उद्देश्य भएको सामान्य हित भएका, सम्बन्धमा आक्रामक नभएका खास क्षेत्रका सार्वभौमसत्ता सम्पन्न राज्यहरूको आपसी सङ्गठन नै क्षेत्रीय प्रबन्ध हो ।"

क्षेत्रीयतावाद सामान्यतया क्षेत्रीयता समस्याहरूको समाधान गर्न गठित यसमा सदस्य राष्ट्रहरूको साझा उद्देश्य स्थापना गरिएको हुन्छ । विभिन्न उद्देश्यका साथ गठन गरिएको हुन्छ । कोही आर्थिक समृद्धि र विकासको लागि भने कोही समग्र विकासको लागि सङ्गठित भएका हुन्छन् भने सुरक्षा यसको कुनै न कुनै चासोको रूपमा अन्तरनिहित हुन्छ । भूगोलको यसमा विशेष महत्त्व भएता पनि यसलाई सर्वेसर्वा तत्व भने मान्न सकिदैन ।

## २.३ क्षेत्रीयतावादको निर्माणको आधारहरू

क्षेत्रको निधार्रणका विषयमा कुनै नियम छैन । तिनको अस्तित्व, परिस्थिति र निर्धारणमा संलग्न मुलुकहरूको सर्तमा भर पर्दछ । जातिगत निकटता, संस्थागत बन्धन, प्रतिरक्षाको आवश्यकता, सुरक्षा, राजनीतिक स्वार्थहरू नै यसका प्रमुख कारण हुन् जसले क्षेत्र र क्षेत्रीय सङ्गठनको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । निश्चित क्षेत्रका राज्यहरूले मिलेर जव कुनै सङ्गठन बनाउँछ तर त्यो क्षेत्रीय सङ्गठन कहलाउँछ र त्यस्तो सामूहिकरणको भावना क्षेत्रीयता कहलाउँछ । क्षेत्रीय सङ्गठनको निर्माण सामान्यतया निम्न तरिकाले हुन्छ (मलहोत्रा, २०१२ : १४९) ।

क) भौगोलिक आधार जस्तै सार्क, असियान

ख) सैन्य आधार जस्तै नेटो, वार्सा,

ग) आर्थिक आधार जस्तैः युरोपियन युनियन

घ) मिश्रित आधार जस्तैः अमेरिकी राज्यहरूको सङ्गठन, अफ्रिकी एकता सङ्गठन

यी आधार बाहेक अन्य आधारहरू पनि रहेका छन् । सामाजिक र सांस्कृतिक एकता, राजनीतिक प्रवृत्ति र व्यवहारको आदान प्रदान, आर्थिक अन्तरनिर्भरता, राजनीतिक अन्तरनिर्भरता र सङ्गठनात्मक सदस्यताको आदान प्रदान र बनोट, भौगोलिक निकटता आदि रहेका छन् । यस बाहेक भाषा, धर्म, संस्कृति, जनघनत्व र जलवायुका आधारमा पनि राज्यहरू समूहिकृत भएको पाउँछौ ।

## २.४ संयुक्त राष्ट्रसङ्घ र क्षेत्रीय सङ्गठन

दोस्रो विश्वयुद्धपछि भावी विश्वलाई युद्धको विभिषिकाबाट मुक्त गर्न र विश्वमा स्थायी अमनचयन र शान्ति कायम गर्ने उदेश्यले विश्व सङ्गठनको रूपमा संयुक्त राष्ट्रसङ्घको स्थापना २४ अक्टोवर १९४५ मा ५१ राष्ट्रहरू सहभागी भई सन् फ्रान्सिस्को सम्मेलन मार्फत भएको थियो । दोस्रो विश्वयुद्धपछिको विभाजित मानसिकता र युद्धको खतराले मडारिएको विश्वमा आफ्नो रक्षाको लागि राष्ट्रिय सङ्गठनहरूको समूह बनाएर क्षेत्रीयतावादको प्रबन्ध संयुक्त राष्ट्रसङ्घको वडापत्रको भाग ८ को धारा ५२, ५३ र ५४ मा उल्लेख गरिएको छ ।

क्षेत्रीय सङ्गठनको उत्पत्ति हुनुमा थुप्रै कारणहरू जिम्मेवार देखिन्छन् । जसमा मुख्य गरेर साम्यवादको आगमन, सम्भावित युद्धबाट सुरक्षा, आपसी अविश्वास, निसेरता, आर्थिक आवश्यक, शीत युद्ध रहेका छन् (शिवाकोटी, २०६८ : ७९६) । यस्ता अनगिन्ती समाचारहरूबाट सहज रूपमा निकास पाउनका लागि सामूहिक रूपमा अगाडि बढ्नु पर्ने विकल्पका रूपमा क्षेत्रीय सङ्गठनहरूको विकास भएको पाउँछौं । द्वितीय विश्वयुद्ध भन्दा अगाडि नै दक्षिण अमेरिकामा क्षेत्रीय सङ्गठनहरू विकास भएका थिए । अन्तर अमेरिकी राज्यहरूको एक भेलाबाट सन् १९४७ मा पारस्परिक सहयोगको भावनाले रियो सन्धी सम्पन्न गऱ्यो । अमेरिकी राज्यहरूको सङ्गठन (OAS) ले व्यापक रूपमा क्षेत्रीय सङ्गठनको ढाँचा तयार पारेको पाउँछौ । १९४८ मा क्यारेवियन कमिसन अस्तित्वमा आयो । सुरक्षाको नाममा अमेरिकाको नेतृत्वमा ४ अप्रिल १९४९ मा बेल्जियम, क्यानाडा, डेनमार्क, फ्रान्स, इटाली, लक्जेम्वर्ग, हल्यान्ड, नर्बे, पोर्चुगल, थाइल्यान्ड मिलेर उत्तर एटलान्टिक सन्धी सङ्गठन (NATO) को गठन गरे । पछि यसमा ग्रिस, टर्की पश्चिम जर्मनी र स्पेन पनि समावेश भए । ८ सेप्टेम्बर १९५४ मा अस्ट्रेलिया, फ्रान्स न्यूजिल्यान्ड र पाकिस्तान फिलिपिन्स, थाइल्यान्ड, अमेरिका र इग्ल्यान्ड मिलेर दक्षिण पूर्वी एसियाली

सन्धी सङ्गठन (SEATO) स्थापना गरे। सन् १९५१ मा अस्ट्रेलिया, न्युजिल्यान्ड र अमेरिका मिलेर ANZUS COUNCIL को स्थापना गरे भने तत्कालिन सोभियत सङ्घले आफ्नो सुरक्षार्थ सन् १९५५ मे १४ मा वार्सा सम्झौता (Warsaw Pact) गठन गऱ्यो। यसरी २५ जनवरी १९४९ मा पारस्परिक आर्थिक सहयोग परिषद (Council of Mutual Economic Assistunce COMECON) गठन भयो जसमा पूर्वी जर्मनी, क्यूबा बुल्गेरिया, चेकास्लाभाकिया, पोल्यान्ड, हंगेरी, मंगोलिया, रोमनिया, भियतनाम र सोभियत सङ्घ सदस्य थिए। यसै सिलसिलामा आर्थिक विकासका लागि १ जनवरी १९५८ मा युरोपियन आर्थिक समुदाय (European Economic Community) (EEC) को स्थापना भयो। पछि गएर यसको नाम परिवर्तन गरी European Union (EU) राखियो। तेल निर्यात गर्ने राष्ट्रहरूको आर्थिक हित सुरक्षा गर्ने उद्देश्यले १५ जोभेम्बर १९६० मा पेट्रोलियम निर्यात गर्ने देशहरूको सङ्गठन (OPEC) स्थापना भएको थियो। १९६७ मा पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (Association of South East Asian Nations (ASEAN) को स्थापना बैंकक घोषणाबाट भएको पाउँछौं। त्यसैगरी विश्वमा धमाधम गुट निर्माण भइरहेको अवस्थामा आफूलाई कुनै गुट तिर समावेश नगरी स्वतन्त्र रूपमा चाल्ने राष्ट्रहरूबीचको गठबन्धनका रूपमा असंलग्न आन्दोलन (Non-Aligned Movenent-NAM) को जन्म सन् १९५५ अप्रिलमा बाङडुङ सम्मेलनबाट भयो। त्यसैगरी उपनिवेश समाप्त गर्ने उद्देश्यले अफ्रिकाका ३२ राष्ट्र मिलेर सन् १९६३ मा अफ्रिकी एकता सङ्गठन (Organization of African Unity-OAU) स्थापना भयो। त्यसैगरी दक्षिण एसियाका सात राष्ट्रहरू मिलेर सन् १९८५ मा दक्षिण एसियाली क्षेत्रीय सङ्गठन सार्कको स्थापना गरी पछि २००७ मा गएर अफगानिस्तानलाई सहभागी गराएर यसको सदस्य सङ्ख्या ८ पुगेको छ। यसरी विभिन्न क्षेत्र र समयमा स्थापित क्षेत्रीय सङ्गठनहरूले राष्ट्रहरूको स्वतन्त्रतालाई वचाई राख्न आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा टेवा पुऱ्याएकाले विश्वमा त्यस्ता सङ्गठनहरूको विकास तीव्र रूपमा भएको हो।

## २.५ विश्वका केही प्रमुख क्षेत्रीय सङ्गठनहरू

दोस्रो विश्वयुद्धको समाप्तीपछि विश्वमा पुन युद्धको विभिषिकाबाट मुक्त राखी विश्वमा स्थायी शान्ति कायम गर्ने उद्देश्यले २४अक्टोवर १९४५ मा संयुक्त राष्ट्रसङ्घ

स्थापना भएको हो । राष्ट्रसंघको विधानमा उल्लेखित प्रावधानको भावना बमोजिम थुप्रै क्षेत्रीय सङ्गठनको स्थापना र विकास हुदै आयो । संयुक्त राष्ट्रसघंको विधानको अलावा भौगोलिक ऐतिहासिक, आर्थिक एवं अन्य आधारमा स्थापित विशवका प्रमुख क्षेत्रीय सङ्गठनको सङ्क्षिप्त चर्चा निम्नानुसार छ :

- उत्तर एट्लान्टिक सन्धी सङ्गठन
- वार्सा सन्धी सङ्गठन
- अरब लिग
- अफ्रिकि सङ्घ
- अमेरिकी राष्ट्रहरूको सङ्गठन
- युरोपेली आर्थिक समुदाय वा युरोपेली सङ्घ
- दक्षिण पूर्वी सन्धि सङ्गठन

राष्ट्रसंघको विधानमा उल्लेख प्रावधानको भावना वमोजिम धेरै नै क्षेत्रीय सङ्गठनहरूको स्थापना र विकास हुँदै आएको पाउछौं । संयुक्त राष्ट्र संघको विधानको अलाबा भौगोलिक ऐतिहासिक आर्थिक सामाजिक र अनय आधारमा स्थापित प्रमुख क्षेत्रीय सङ्गठनको सङ्क्षिप्त चर्चा निम्न अनुसार छ ।

### २.५.१ उत्तर एडलन्टिक सुन्धि सङ्गठन

यो युरोपेली संघको सुरक्षात्मक व्यवस्था हो । यसको स्थापना सन् १९४९ मा अमेरिका लगायत युरोपियन राज्यबाट भएको थियो । उत्तर एटलान्टिक सन्धि सङ्गठनको गठन तत्कालिन सोभियत सङ्घ तथा साम्यवादी देशद्वारा आक्रमण भएमा व्यक्तिगत तथा सामुहिक रूपले रक्षा गर्नु, संयुक्त राष्ट्रसंघको वडापत्र अनुसार पारस्परिक विवादलाई शान्तिपूर्ण समाधान गर्नु तथा अन्तराष्ट्रिय आर्थिक नीतिलाई हटाउन र पारस्परिक आर्थिक नीतिलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थापना भएको पाउछौं ।

### २.५.२ वार्सा सन्धी सङ्गठन

दोस्रो विश्व युद्धपछि विश्व स्पष्ट रूपमा दुई ध्रुवमा ध्रुविकृत हुन पुगेको थियो । एउटा ध्रुवको नेतृत्व अमेरिकाले गरेको थियो भने अर्को ध्रुवको नेतृत्व तत्कालिन सोभियत

संघले गरेको थियो । यसरी अमेरिकाले आफू र आफ्नो सदस्य राष्ट्रहरूको हित र सुरक्षार्थ नेटो, सङ्गठन गरेको थियो भने तत्कालिन सोभियत संघले आफू र आफ्ना सदस्य महाराष्ट्रहरूको सरक्षार्थ सन् १९५५ मे १४ मा वार्सा सम्झौता गठन गरेका थिए । जसका अल्वानिय वुल्गेरिया, पूर्वी जर्मनी, चेकोस्लोमाकिया हंगेरी पोल्याण्ड रोमोनिया र सोभियत सङ्घ समेत थियो (अधिकारी २०७० : १०८) । सन् १९९० मा सोभियत संघको पतनसँगै यस सङ्गठनको अस्तित्व सकिएको पाउछौँ ।

### २.५.३ अमेरिका राष्ट्रहरूको सङ्गठन

अमेरिकी राज्यहरूलाई संगठित गर्ने काम अमेरिकी राज्यहरूको सङ्गठनले गरेको छ । अमेरिकी राष्ट्र सङ्गठनको स्थापना सन् १८२६ मा स्थापित अमेरिकी संघको आधारमा सन् १९४८ मा भएको हो । अमेरिकी मुलुकहरूमा संगठित गर्नका लागि दोस्ो विश्वयुद्ध पछि २ सेप्टेम्बर १९४७ मा व्राजिलको रियो द जेनेरियोमा एक सन्धि समपन्न भयो । यसमा डेमिनिकन गणतन्त्र, पानामा भेनेजुएला एल साल्भाडोर पेरु, पाराग्वे, ग्वाटेमोला, कोस्टरिका, अर्जेन्टाइना, व्राजिल, इक्वेडर, मेक्सिको, उरुग्वे, हाइरी, चिली, क्यूवा होन्डुरस, कोलम्विया वोलिभिया तथा संयुक्त राज्य अमेरिकाले हस्ताक्षर गरेका थिए । यो सन्धिमा कुनै पनि राज्यद्वारा एक अमेरिकी राज्य विरुद्धको आक्रमण सबै अमेरिकन राज्य विरुद्धको आक्रमण मान्ने र सदस्य राष्ट्रले सामुहिक रूपमा प्रतिकार गर्ने भन्ने यो सङ्गठनको मूल उद्देश्य रहेको पाउछौँ ।

### २.५.४ अफ्रिकी सङ्घ

यो अफ्रिकी क्षेत्रीय व्यवस्थाको प्रमुख निकाय हो । अफ्रिकाम आएको जागरण र अफ्रिकी एकताको लागि सय वर्ष देखि भएको प्रयासहरू सन् २००२ मा अफ्रिकी एकता सङ्गठनलाई विस्थापन गरी अफ्रिकी सङ्घ, अफ्रिकी युनियनको स्थापना भएको हो । विभिन्न जातिहरूमा कुनै जातिलाई सर्वश्रेष्ठ नमानी समानताको आधारमा सह-अस्तित्वको अफ्रिका वारपारको पनि अफ्रिकावाद्को अवधारणा सर्वप्रथम सन् १९०० को लन्डनमा भएको पान अफ्रिका सम्मेलनमा भयो । यस्तै सन् १९१९ मा अमेरिकी निग्रो नेता डयुस वोइसको सक्रियतामा पान अफ्रिका सम्मेलन गरी अफ्रिकालाई औपनिवेशिक दासताबाट मुक्ति गर्ने निर्णय गरियो । सन् १९३७ मा लण्डनमा अफ्रिकी सर्मिस व्यूरोको गठन भएर

यसैबाट अफ्रिकी जागरण र अफ्रिकी एकताको लागि प्रयास प्रारम्भ भएको पाउछौँ ( शिवाकोटी, २०६८ : ८१५) ।

### २.५.५ अरव लिग

मध्य पुर्वमा अरव जातिको राष्ट्रवाद युद्धोत्तरकालिन इतिहासमा महत्वपूर्ण घरमा मानिन्छ । १६ औं शताब्दिमा नै अटमन तर्कले अरवको भूमिको ठूलो भूभाग आफ्नो अन्तरगत ल्याएका हुन् । १९ औं शताब्दिको प्रारम्भमा त्यहाँ यूरोपले प्रवेश गरेपछि तर्कहरूको सामान्य अन्त्य हुन पुगेको पाउछौँ । प्रथम विश्वयुद्धको पछि अरव तर्कराज्य फ्रान्स, विट्रेन, इटालीबीच वाडियो र लेवनान, व्रिट्रिसले इराक, इजिप्ट, अडेन र प्यालेस्टाइन तथा इटालीले लिविया पाए । द्वितीय विश्वयुद्ध पछि अरवमा राष्ट्रवाद तीव्र भयो । त्यहा प्रत्येक राज्य स्वतन्त हुन थाले । अरव राष्ट्रवादको सब भन्दा महत्वपूर्ण घटना अरव एकता सम्मेलन भयो र अरव लिगको स्थापना भयो । अरव लिगको जन्म २२ मार्च १९४५ मा भयो (शिवाकोटी, २०६८ : ८२६) ।

### २.५.६ दक्षिण पूर्वी सन्धि सङ्गठन

चीनको त्यस क्षेत्रमा बढ्दो प्रभाव रोक्न अमेरिकीको सक्रियतामा ६-८ सेप्टेम्वरमा फिलिपिन्सको बागेमा भन्ने ठाउँमा त्यस क्षेत्रका साथै दक्षिण एसियाको राष्ट्रहरूको सम्मेलन भयो । दक्षिण एसियाबाट पाकिस्तानले मात्र भाग लियो भने यस सम्मेलनमा विट्रिस, फ्रान्स, अस्ट्रेलिया, अमेरिका पाकिस्तान, फिलिपिन्स, न्यूजिल्याण्ड तथा थाइल्याण्डले यस सङ्गठनको गठन गरेको थियो । यस सन्धिको धारा ४ मा कुनै राष्ट्रका विरुद्ध सशस्त्र आक्रमण भएमा सबै राष्ट्रहरूले सामूहिक रूपमा प्रसितकार र कारवाही गर्ने भन्ने व्यवस्था छ । यसको मुख्य कार्यालय वैककमा छ भने फ्रान्स सन् १९६७ मा यस सङ्गठनबाट अलग भएको छ (शिवाकोटी, २०६८ : ८३१) ।

### २.५.७ यूरोपिय आर्थिक सहयोगका लागि सङ्गठन

१६ राष्ट्र सदस्य भएको यो सङ्गठनले एक अर्कालाई आर्थिक सहयोग सम्बन्ध विकास गर्ने हो । यसको मुख्य लक्ष्य उत्पादन बयाउने तथा व्यापार विस्तार गर्ने नै थियो । यस सङ्गठनमा क्यानडा अमेरिका, जापान लगायत २४ राष्ट्रहरू सदस्य छन् । साझा

बजारका लागि सन् १९५२ मा यूरोपेली कोइला र स्पात समूह निर्माण भएको पाउछौँ । यसमा छ सदस्य भए । सन् १९५५ मा यस्तै व्यवस्था उद्योगमा पनि गर्ने निणर्य भयो । फलस्वरूप सन् १९५६ मा यूरोपिय आर्थिक समुदाय तथा यूरोपीय आणविक उर्जा समुदायको गठन भई १ जनवरी १९८५ देखि कार्यान्वयन भयो । यसले यूरोपिय साझा बजार निर्माण भयो । यसको उद्देश्य सदस्यहरू वीच स्वतन्त्र व्यापार क्षेत्र निर्माण गर्नु, आयात निर्यातमा भन्सार घटाउने, समाज भन्सार नीति लागु गर्ने, श्रमिक तथा पुँजीको स्वतन्त्रता पूर्वक आवत जावत गर्न दिनु ज्याला सामाजिक स्थिति, कर तथा भौतिक नीति समान पार्नु, यातायात र कृषिमा समाज नीतिनिर्माण गर्ने तथा सबै समुदायलाई पुग्दो खास सामग्री उत्पादन गर्न सदस्य राष्ट्रहरूलाई प्रोत्साहन गर्ने थियो ।

उपरोक्त सङ्गठनको अलावा एसियाका चर्चित आशियान र सार्क जस्ता सङ्गठनहरूका चर्चा अगामी अध्यायमा गरिएको छ ।

# परिच्छेद तीन

# सार्क

करिव तीन दशक अगाडि दक्षिण एसिया क्षेत्रका जनताको कल्याण अभिवृद्धि र उनीहरूको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य लिएर सन् ७-८ डिसेम्वर १९८५ मा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्कको स्थापना भएको हो। दोस्रो विश्वयुद्ध लगत्तै शक्ति राज्यहरूको ध्रुवीकरणको प्रकृतिमा विचारधाराले स्थान लिन पुग्यो। परिणामस्वरूप तत्कालिन विश्व शक्ति पुँजीवादी र साम्यवादी गुटमा विभाजित हुन पुगी क्रमशः नेटो र वार्सा जस्ता गुटहरूले जन्म लिन पुगे (आचार्य, २०६१ : १८६)। विनाशकारी युद्धको परिणाम स्वरूप राज्यहरूले बेहर्नु परेको विशाल मानवीय एवम् भौतिक पक्षको क्षतिको पुननिर्माण गर्नु एउटा आवश्यकता थियो भने दिगो आर्थिक विकास विना उक्त आवश्यकता पुर्तिको सम्भावना थिएन।

यसै गरी भूमण्डलीकरण र विश्वव्यापीकरणले राज्यका गतिविधिले राष्ट्रिय सीमा हुँदै Global village को भावनामा एकाकार हुन पुग्यो। अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान गरी विश्व शान्ति कायम गर्ने मूल उद्देश्य लिएको विश्व सरकारको रूपमा स्थापित संयुक्त राष्ट्रसङ्घको विधानको धारा ५२, ५३ र ५४ मा क्षेत्रीय, सङ्गठन गठन गर्न सकिने कुरो उल्लेख छ। संसारको भूबनोट, हावापानी, संस्कृति रहनसहन, प्राकृतिक संम्पदा आदिमा विविधता हुँदा हुँदै पनि विश्वका विभिन्न क्षेत्रका मानिसहरूका चाहना एवम् साधन र स्रोतमा समेत एक रूपता भेटिदैन। यसैले हरेक समुदायले सम्बन्धित क्षेत्रका मानवीय हितका निम्ति प्राप्त साधन र स्रोतको अधिकतम उपयोगको चाहना राख्नु स्वभाविक हुन आउँछ। यस्तो हितको पुर्ति एवम् संरक्षण केबल आपसी सहयोग र समझदारीमा निर्भर गर्दछ। यही वास्तविकतालाई आत्मसात गरी झण्डै आधा दशकको प्रत्यक्ष एवम् अप्रत्यक्ष प्रयासपछि दक्षिण एसियाली क्षेत्रको क्षेत्रीय सङ्गठनको रूपमा नेपाल, भारत, बङ्लादेश, पाकिस्तान, भुटान, माल्दिभ्स, श्रीलङ्का र आठौ

सदस्यको रूपमा अफगानिस्तान (सन् २००५ मा सामेल भएको) गरी आठ राष्ट्र सम्मिलित सार्कको स्थापना र विकास भएको हो ।

## ३.१ ऐतिहासिक पृष्ठभूमि

क्षेत्रीय सङ्गठनहरूको अवधारणा र विकासको क्रमलाई विश्लेषण गर्ने हो भने सन् १९५० को दशकको वरिपरि पुग्नु पर्ने हुन्छ । दोस्रो विश्वयुद्धपछिको युद्धकालिन क्षेत्रीय सङ्गठनको निमार्णमा सुरक्षाको प्रशस्त गन्ध भेटिन्छ। शुत युद्धकालिन सैनिक तथा राजनीतिक चरित्रका NATO तथा Warshawa Pact जस्ता सङ्गठनहरूलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ (मलहोत्रा, २०१२ : १४९) । यसपछि SEATO, CENTRO, ANZUS जस्ता सङ्गठनहरूमा समेत सैनिक तत्वहरूको प्रधानता भेटिन्छ । तर जव जब शीतयुद्ध तनाव शैथिल्यको अवस्थामा पुग्यो तव ती क्षेत्रीय सङ्गठनहरू आर्थिक समृद्धिको उद्देश्यबाट निर्देशित हुँदै आएको भेटिन्छ । यसरी हेर्दा विश्व राजनीतिको प्रकृति अनुरूप हालसम्म आधिकांश क्षेत्रीय सङ्गठहरू सैनिक, राजनीतिक, आर्थिक, एवम् मिश्रित स्वरूपमा पाइन्छ (मलहोत्रा, २०१२:१४९ । विश्वमा यसरी क्षेत्रीय सङ्गठनहरू जन्मिदै हुर्किदै गरेको समय दक्षिण एसियाली राष्ट्रहरूको पनि यसतर्फ सोचाइ जानु अस्वभाविक थिएन । यस क्षेत्रको सबै भन्दा सक्षम राज्य भारतले भन्दा पनि अन्य साना र कमजोर राज्यहरूले आफ्नो स्वतन्त्रता प्रति कहिल्यै ढुक्क रहन सकेनन् । त्यस्तो क्षेत्रीय सहयोगको माध्यमद्वारा यस क्षेत्रमा शान्ति, सुरक्षा र स्थिरताको वातावरण सिर्जना गरी आफ्नो सुरक्षा, सम्प्रभुता र अखण्डता प्रति विश्वस्त हुन र आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको लागि पनि साना मुलुकहरू सकृय रहे । हुनत दक्षिण पूर्वी एसियाका इन्डोनेसिया, थाइल्यान्ड, फिलिपिन्स, मलेसिया, सिंगापुर गरी पाँच देशहरूले क्षेत्रीय शान्ति, स्थायित्व र आपसी मतभेदहरू संयमित भएर सुल्झाउन सन् १९६७ मा नै ASEAN (Association of South East Asian Nations) गठन गरेका थिए । १९६९ मा निर्वाचित युरोपेली संसदको स्थापनाले (पाण्डे, २०७३ : २२८) पनि दक्षिण एसियाली राज्यहरूमा सङ्गठनको स्थापना गर्ने कार्यमा थप उर्जा मिलेको पाइन्छ । यसै क्रममा वि.स २०३१ फाल्गुन १३ गते तत्कालिन राजा श्री ५ वीरेन्द्रबाट नेपालको तर्फबाट विश्वमा शान्ति क्षेत्र को प्रस्ताव राखियो । जुन प्रस्तावलाई छिमेकी राष्ट्र भारतले स्वीकार

गरेन। फलतः दक्षिण एसियामा क्षेत्रीय सङ्गठनको आवश्यकता झन खड्कियो (बराल, २०६४ : २१३) । यसै क्रममा दक्षिण एसियाका राष्ट्रहरू बीच सहयोगको संस्थागत आवश्यकता सार्वजनिक गर्दै सन् १९७७ मा काठमाडौँमा आयोजित कोलोम्बो प्लान परामर्श समितिको बैठक उद्घाटन भाषणमा नेपालको तर्फबाट तत्कालिन राजा श्री ५ वीरेन्द्र बाट नेपालको अपार जलस्रोत उपयोग गर्न क्षेत्रीय सङ्गठनको आह्वान गरियो ( पाण्डे, २०६२ : २३०)। नेपालद्वारा प्रस्तावित यो आह्वानलाई कार्यरूप दिने औपचारिक रूपमा संस्थालाई गति दिने काम बङ्गलादेशका तत्कालिन राष्ट्रपति सैनिक शासक जियाउर रहमानले गरेको पाइन्छ (धमला, २०६२ : १) हुनतः आफ्नो सैनिक शासनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न आसियानको सदस्यता लिने ढाकाको प्रयास असफल भएपछि सन् १९८० मे २ मा उनले क्षेत्रीय सङ्गठनको अवधारणा अगाडि ल्याएका हुन्। यस क्षेत्रको राष्ट्राध्यक्ष एवम् सरकार प्रमुखहरूको शिखर बैठकको आह्वान गरी पत्राचार समेत गरी सार्क स्थापनाको औपचारिक पहल गरेको पाउँछौ। सन् १९८१ अप्रिलमा दक्षिण एसियाका परराष्ट्र मन्त्रीहरूको पहिलो बैठक कोलम्बोमा बस्यो। उक्त बैठकले सातवटै देशले एक आपसमा गर्नुपर्ने सहयोगका पाँच क्षेत्रहरू (कृषि, जलवायु स्वास्थ्य तथा जनसङ्ख्या, दुरसञ्चार र ग्रामिण विकास) को पहिचान गर्‍यो। सोही सालको नोभेम्वरमा भएको बैठकले यातायात, हुलाक सेवा, विज्ञान र प्रविवधि, खेलकुद तथा कला र संस्कृतिलाई थप पहिचान गर्‍यो। सन् १९८३ मार्चको चौथो बैठकले सहयोगको क्षेत्रमा एकीकृत कार्ययोजना, अगस्टमा भारतको नयाँ दिल्लीमा बसेको यस क्षेत्रका विदेश मन्त्रीहरूको बैठकले सार्कको उद्देश्य र सिद्धान्त प्रकाश पारी घोषणापत्र समेत जारि गर्‍यो। दिल्ली घोषणाको नामले परिचित यस घोषणापत्रले सङ्गठनको संस्थागत विकासको लागि स्थायी समिति प्राकृतिक समिति र कार्यसमिति गरी तीनवटा समितिहरू समेत गठन गर्‍यो। यसै क्रममा सन् १९८५ को मे १३र १४ मा भुटाननको राजधानी थिम्पुमा सम्पन्न मन्त्रीहरूको बैठकले सन् १९८५ डिसेम्वर ७ र ८ मा पहिलो शिखर सम्मेलन ढाकामा गर्ने निर्णय गर्नुका साथै सार्क वडापत्रको मस्यौदा समेत तयार पार्‍यो। थिम्पु बैठकको निर्णय अनुरूप बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न पहिलो ऐतिहासिक सम्मेलनले सार्क को विधिवत स्थापना भएको पाउँछौ।

## ३.२ सार्कको उद्देश्य

क्षेत्रीयतावाद सम्बन्धी अवधारणा द्वितीय विश्वयुद्ध पछिको विश्व राजनीतिको उपज हो । मूलतः विश्वमा बढ्दै गएको सुरक्षा चुनौतीलाई दृष्टिगत गरी दोस्रो विश्वयुद्धोत्तरकालमा नेटो, वार्सा, सिटो, सेन्टोजस्ता सैनिक चरित्रका क्षेत्रीय सङ्गठनहरू गठन हुन पुगे भने कतिपय क्षेत्रमा आर्थिक समृद्धिको चाहनास्वरूप आसियान, युरोपियन युनियन जस्ता आर्थिक प्रकृतिका क्षेत्रीय सङ्गठनहरू पनि क्रमशः गठन हुँदै आए । एकातर्फ संयुक्त राष्ट्रसंघको विधानको धारा ५२, ५३ र ५४ ले विश्व राजनीतिमा क्षेत्रीय सङ्गठन सम्बन्धी आधार तयार गऱ्यो भने सम्बन्धित क्षेत्रको भूगोल, आर्थिक अवस्था, सामाजिक संरचना आदि तत्वले पनि निश्चित क्षेत्रका राज्यहरूलाई क्षेत्रीय रूपमा संगठित हुने आधार प्रदान गरेको पाइन्छ । त्यसै क्रममा सन् १९८० को दशकमा दक्षिण एशिया क्षेत्रमा आएको जागरणले क्षेत्रीय सङ्गठनको रूपमा सार्कको जन्म गराइदियो । यसै क्रममा ८ डिसेम्बर १९८५ को शिखर सम्मेलनबाट पारित सार्क वडापत्रमा उल्लेख भएबमोजिम सङ्गठनका उद्देश्यहरू निम्नानुसार छन्:

१) दक्षिण एसियाका जनताको हित अभिवृद्धि गर्ने र उनीहरूको जीवन स्तरमा सुधार गर्ने

२) यस क्षेत्रमा तिव्र आर्थिक वृद्धि, सामाजिक प्रगति र सबै व्यक्तिलाई उनीहरूको पूर्वा सार्थकता महसुस गर्न सम्मान पूर्वक अवसर प्रदान गर्न ।

३) दक्षिण एसियाली मुलुकबीच सामूहिक आत्मनिर्भरताको सम्वर्द्धन विस्तार गर्न

४) एक अर्काप्रति पारस्परिक विश्वास र साझेदारी बढाउन तथा मुल्याङ्न गर्न

५) आर्थिक सामाजिक, सांस्कृति, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहभागिता र पारस्पारिक सहयोगको अभिवृद्धि गर्न

६) अन्य विकासशील क्षेत्रसँगको सहयोगलाई दरिलो पार्नु

७) साझा हितको विषयमा अन्तर्राष्ट्रिय मञ्चमा आपसमा गर्नु पर्ने सहयोग बलियो पार्नु

८) समान लक्ष्य र उद्देश्य भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनसँग सहयोग कायम गर्नु ।

## ३.३ सार्कको सिद्धान्त

सार्क वडापत्रको धारा २ मा व्यवस्था भए बमोजिम सङ्गठनका सिद्धान्तहरू निम्नानुसार छन् :

१) एक अर्काको असमनता, सार्वभौम क्षेत्रीय, अखण्डता,राजनीतिक, स्वतन्त्रता तथा एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेप र पारस्परिक हित सिद्धान्तको सम्मानमा आधारित हुनेछ ।

२) यस्तो सहयोग द्विपक्षीय तथा बहुपक्षीय सहयोगको वदलामा नभई त्यस्को पुरकको रूपमा हुनेछ ।

३) यस्ता सहयोग दिपक्षीय तथा बहुपक्षीय दायित्वको उद्देश्य विपरित हुने छैन ।

## ३.४ सार्कको सामान्य नियम

सार्कले आफ्नो कार्य सञ्चालनमा सामान्य नियम समेत तय गरेको छ । वडापत्रमा व्यवस्था भए अनुसार सङ्गठनका सामान्य नियमहरू निम्नानुसार छन् :

१) सार्कमा भएको सबै तहको निर्णयहरू सर्वसम्मत हुनपर्ने ।

२) सार्कमा दिपक्षीय र विवादित विषयहरूलाई बढाउन नपाइने

## ३.५ सार्कको सङ्गठनात्मक ढाँचा

सार्कको वडापत्रमा वर्णन गरीए अनुसार सार्कको सङ्गठनात्मक ढाँचा यस प्रकार रहेको छ ।

१) राष्ट्र प्रमुख सरकार प्रमुखहरूको शीर्षस्थ सार्कको सवभन्दा माथिल्लो स्तरको शक्तिको रूपमा रहेको यस्तो शीर्षस्थ भेला प्रत्येक वर्ष वस्ने व्यवस्था छ ।

२) परराष्ट्र मन्त्रस्तिरीय मन्त्री परिषद परराष्ट्र मन्त्री स्तरीय मन्त्री परिषद सार्कको नीति निर्माण गर्ने निकायको रूपमा रहने गर्दछ र वर्षमा २ पटक सामान्यतया र विशेष रूपमा समेत यसको बैठक हुन सक्ने व्यवस्था छ ।

३) परराष्ट्र सचिवस्तरीय स्थायी समितिः- सार्कका सम्पूर्ण कार्यक्रमहरूलाई सञ्चालन र समन्वय गर्न गर्दछ

४) प्राविधिक समिति :- सार्कको प्राविधिक समिति (STC) विभिन्न क्षेत्रमा कार्यगर्ने सार्क राष्ट्रका प्राविधिकहरूको समिति हो । सन् १९८५ कै प्रारम्भ देखि सार्कले एकीकृत कार्ययोजना (SAARC Intergrated program of Action( SIPA) हाल यस अन्तर्गत विभिन्न प्राविधिक समिति रहेको छ ।

## ३.६ सार्क सम्मेलनहरू (ढाकादेखि काठमाडौँसम्म)

**तालिका १**

| क्र.स | सम्मेलन | सम्मेलन वर्ष (इ.सं.) | आयोजक देश | सहर |
|---|---|---|---|---|
| १. | पहिलो | ७-८ डिसेम्बर, १९८५ | बंगलादेश | ढाका |
| २. | दोस्रो | १६-१७ नोभेम्बर, १९८६ | भारत | बैङ्लोर |
| ३. | तेस्रो | ३-४ नोभेम्बर, १९८७ | नेपाल | काठमाडौँ |
| ४. | चौंथो | २९-३१ डिसेम्बर, १९८८ | पाकिस्तान | इस्लामावाद |
| ५. | पाँचौं | २१-२३ नोभेम्बर, १९९० | माल्दिभ्स | माले |
| ६. | छैटौं | २१ डिसेम्बर, १९९१ | श्रीलङ्का | कोलम्बो |
| ७. | सातौं | १०-११ अप्रिल, १९९३ | बंगलादेश | ढाका |
| ८. | आठौं | २-४ मे, १९९५ | भारत | नयाँ दिल्ली |
| ९. | नवौं | १२-१४ मे, १९९७ | माल्दिभ्स | माले |
| १०. | दसौं | २९-३१ जुलाई, १९९८ | श्रीलङ्का | कोलम्बो |
| ११. | एघारौं | ४-६ जनवरी, २००२ | नेपाल | काठमाडौँ |
| १२. | बाह्रौं | ४-६ जनवरी, २००४ | पाकिस्तान | इस्लामावाद |
| १३. | तेह्रौं | १२-१३ नोभेम्बर, २००५ | बंगलादेश | ढाका |
| १४. | चौधौं | ३-४ अप्रिल, २००७ | भारत | नयाँ दिल्ली |
| १५. | पन्ध्रौं | १-३ अगष्ट, २००८ | श्रीलङ्का | कोलम्बो |
| १६. | सोह्रौं | २८-२९ अप्रिल, २०१० | भुटान | थिम्पु |
| १७. | सत्रौं | २४-२५ नोभेम्बर, २०११ | माल्दिभ्स | अड्डु |
| १८. | अठारौं | २६-२७ नोभेम्बर, २०१४ | नेपाल | काठमाडौँ |
| १९. | उन्नाइसौं | नोभेम्बर, २०१६ | पाकिस्तान | प्रस्तावित हालसम्म हुन नसकेको |

स्रोत : रिजनल कन्फ्रेन्स अन सार्क इफेक्टिभनेश, इण्टरनेशनल रिलेसन्स एण्ड लेबर कमिटी (२०१७, पृ. २३२) ।

## ३.७ सार्क शिखर सम्मेलनका उपलब्धिहरू

आफ्नो उद्देश्य हासिल गर्ने क्रममा यो क्षेत्रीय सङ्गठनले विभिन्न १८ वटा शिखर सम्मेलनहरू मार्फत ८०० भन्दा बढी घोषणाहरू गरी सकेको छ। सन् १९८५ मा ढाकामा सम्पन्न पहिलो शिखर सम्मेलनले सार्वभौम समानता, विवादहरूको शान्तिपूर्ण समाधान, अहस्तक्षेप, अन्य राज्यको राजनीतिक स्वतन्त्रता र प्रादेशिक अखण्डता विरुद्ध धम्की र बल प्रयोग नगर्ने कुरामा प्रतिबद्धता जाहेर गर्दै १४ बुँदे घोषणापत्र मार्फत संयुक्त राष्ट्र सङ्घ र असंलग्न आन्दोलनप्रति विश्वास व्यक्त गरेको पाइन्छ (बराल, २०१८ : ५९)। यसैगरी बैङ्लोरमा सम्पन्न सार्कको दोस्रो सम्मेलनले काठमाडौँमा सचिवालय स्थापना गर्ने निर्णय गर्नुका साथै सार्कको उद्देश्यलाई अझ विकसित तुल्याई साझा समस्याको समाधान गर्न सबै राष्ट्रहरूको दायित्वलाई पुनःस्मरण गराउँदै अन्तर्राष्ट्रिय आतङ्कवाद विरुद्धको सङ्घर्षमा सार्ककातर्फबाट सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ ( बराल, २०६४:२१४)।

काठमाडौँमा सम्पन्न सार्कको तेस्रो सम्मेलनले दक्षिण एसियाली खाद्य सुरक्षा सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुका अतिरिक्त आतङ्कवाद विरुद्धको क्षेत्रीय अभिसन्धीलाई अनुमोदन गरेको पाइन्छ। सार्क श्रव्यदृश्य आदानप्रदान कार्यक्रमको सञ्चालन गर्ने, सार्क अभिलेख केन्द्रको स्थापना जस्ता विषयहरू यस सम्मेलनका महत्त्वपूर्ण उपलब्धि रहे (शिवाकोटी, २०६८:८४)। यसरी नै पाकिस्तानको इस्लामावादमा सम्पन्न चौँथो सम्मेलनले सार्क क्षेत्रको भयानक समस्याको रूपमा रहेको दरिद्रता हटाउन आधारभूत आवश्यकताको पूर्तिका लागि पहल गर्ने, पाकिस्तानमा मानव संशाधन विकास केन्द्र स्थापना गर्ने जस्ता महत्त्वपूर्ण निर्णयहरू लिइएको पाइन्छ भने माल्दिभ्समा सम्पन्न पाँचौं सम्मेलनले लागु औषध तथा मनोदि्वपक पदार्थ (Narcotic Drug) विरुद्धको क्षेत्रीय अभिसन्धीलाई अनुमोदन गर्नुका साथै सार्क अभिलेख केन्द्र तथा सार्क क्षयरोग केन्द्र क्रमशः भारत र नेपालमा स्थापना गर्ने निर्णय लिइएको पाइन्छ। साथै सम्मेलनले १९९० को दशकलाई 'सार्क बालिका वर्ष'को रूपमा मनाउने समेत घोषणा गरेको पाइन्छ (घोष, २०११:२३०)।

श्रीलङ्काको कोलम्बोमा सम्पन्न छैटौं सम्मेलनले SAPTA (South Asian Preferential Trading Arrangement) को स्थापना, बाल शिक्षा, दक्षिण एसियाली गरिबी

निवारण आयोगको गठन, अन्तर्राष्ट्रिय राजनीति, साना राज्यहरूको सुरक्षा, जनस्तरमा सम्पर्क प्रवर्द्धन, विज्ञान र प्रविधि लगायतका विषय सहित ४८ बुँदे कोलम्बो घोषणापत्र जारी गरेको पाइन्छ। त्यसपछि दुई पटकसम्म स्थगित भई १९९३ मा ढाकामा सम्पन्न सार्कको सातौँ शिखर सम्मेलनले दक्षिण एसियाबाट गरिबी उन्मूलन गर्नका लागि शिक्षा, स्वास्थ्य, मानवीय स्रोत विकास, उद्योग धन्दाको विकासका अतिरिक्त साफ्टालाई कार्यान्वयनमा ल्याउने निर्णय सहित ६३ बुँदाको ढाका घोषणापत्र जारी गरेको पाइन्छ। यसै गरी भारतको नयाँ दिल्लीमा सम्पन्न आठौँ सम्मेलनले साफ्टाको कार्यान्वयन गर्ने र सन् १९९६ लाई 'सार्क साक्षरता वर्ष' को रूपमा मनाउने निर्णय गरेको पाइन्छ। यसै गरी कृषि, सञ्चार, शिक्षा र संस्कृति, लागू पदार्थ दुर्व्यसन् एवम् अवैध कारोवारको नियन्त्रण, ग्रामीण विकास, विज्ञान र प्रविधि, पर्यटन, यातायात तथा महिला विकास सम्बन्धी विषयहरू यस सम्मेलनका महत्त्वपूर्ण सवालको रूपमा रहेको पाइन्छ।

माल्दिभ्सद्वारा दोस्रो पटक आयोजित सार्कको नवौं शिखर सम्मेलनले ७० बुँदे घोषणापत्र सहित दक्षिण एसियाबाट सन् २०१० सम्ममा बालश्रम समाप्त पार्ने, मौसम परिवर्तनबाट हुने डर लाग्दा समस्याहरूबाट बँच्न हरित गृह प्रभावलाई कम गर्ने कानुनी व्यवस्था र सो सम्बन्धी प्रोटोकललाई यस क्षेत्रमा सन् २००५ भित्रै लागू गर्ने जस्ता महत्त्वपूर्ण घोषणा गरेको पाइन्छ। साथै सार्कको कार्य प्रणालीलाई सशक्त बनाउन, सल्लाह दिन र सार्कका एजेण्डा तयार गरी २० वर्षे दीर्घकालीन योजना तयार पार्न सार्क राष्ट्रका प्रतिष्ठित व्यक्तिहरूको समूह (Group of Eminent Persons-GEP) गठन गर्ने जस्ता दूरगामी निर्णयहरू गरिएका पाइन्छन् (बराल, २०६४:२१५)। यसैगरी १९९८ मा कोलम्बोमा भएको सार्कको दसौँ सम्मेलनले दक्षिण एसियाको विशिष्ट कलालाई प्रवर्द्धन गर्नका लागि दक्षिण एसियाली सांस्कृतिक केन्द्र स्थापना गर्ने, विश्वव्यापीकरण र उदारीकरणको बढ्दो विस्तारसँगै उदय भइरहेका अन्य प्रतिष्ठान र व्यापारीक सङ्गठनहरूसँग सार्कको सम्बन्ध विस्तार गर्ने, सार्क अनुसन्धान कर्ताको सञ्जाल (SAARC Network of Researchers) को स्थापना, खुल्ला अध्ययन र दूर शिक्षाको माध्यमद्वारा यस क्षेत्रमा समान अवसर प्रदान, दक्षिण एसियाली सांस्कृतिक केन्द्रको स्थापना जस्ता घोषणाहरू गरेको पाइन्छ।

४२ महिनापछि नेपालले सन् २००२ मा आयोजना गरेको सार्कको एघारौं सम्मेलनले ५६ बुँदे घोषणापत्र सहित दक्षिण एसियाली क्षेत्रमा महिला र पिछडिएका वर्गका

लागि विशेष कार्यक्रम लागू गर्ने, दक्षिण एसियाली स्वतन्त्र गरिबी निवारण आयोगको पुनःसंरचना गर्ने, सार्क सांस्कृतिक केन्द्रको स्थापना, सन् २००५ सम्ममा सार्क क्षेत्रमा पोलियो उन्मूलन, सार्क आतङ्कवाद अपराध अनुगमन निकाय एवम् सार्क लागूपदार्थ अपराध नियन्त्रण निकायलाई प्रभावकारी रूपले सञ्चालन गर्ने र सार्क बैठकका निर्णयहरू परिणाममुखी बनाउने घोषणा गरेको पाइन्छ। यसरी नै २००४ मा पाकिस्तानको इस्लामावादमा सम्पन्न १२ औं सम्मेलनले ४३ बुँदे घोषणा सहित सार्कको सामाजिक बडापत्रमा हस्ताक्षर, साफ्टा सम्बन्धी सम्झौता र आतङ्कवाद नियन्त्रण सम्बन्धी दक्षिण एसियाली क्षेत्रीय अतिरिक्त अभिसन्धीको अनुमोदन गरेको पाइन्छ (बराल, २०६४:२१५)। यसै गरी सन् २००५ मा बंगलादेशमा तेस्रो पटक आयोजित सार्कको तेह्रौं शिखर सम्मेलनले ५३ बुँदे घोषणापत्र जारी गर्दै जनवरी १, २००६ देखि साफ्टा कार्यान्वयन गर्ने, अफगानिस्तानलाई सार्कको आठौं सदस्यको रूपमा सहभागी गराउने, विवाद समाधानका लागि साझा Arbitration Council को गठन गर्ने, गरिबी निवारण कोषको रकम वृद्धि गर्ने तथा एचआइभी एड्स नियन्त्रण गर्न ठोस कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ (घोष, २०११:२३२)।

सन् २००७ मा भारतमा सम्पन्न सार्कको चौंथो सम्मेलनले ३० बुँदे घोषणा पत्र जारी गर्दै यस क्षेत्रका देशहरूमा आपसी अन्तरनिर्भरता बढाउने र प्रत्येक सदस्य राष्ट्रमा एउटा ग्रामीण क्षेत्रलाई SAARC Village को रूपमा विकास गर्ने, विद्यमान ऊर्जाको दिगो विकास गर्ने र नवीकरणीय ऊर्जाको सुदृढ उपयोग गर्ने, साफ्टाको प्रभावकारी कार्यान्वयन, भन्सार प्रक्रियामा सरलीकरण, भारतमा सार्क विश्व विद्यालयको स्थापना गर्ने जस्ता प्रतिबद्धताहरू व्यक्त गरेको पाइन्छ। यसै गरी सन् २००८ मा श्रीलङ्काले तेस्रो पटक आयोजना गरेको सार्कको पन्ध्रौं सम्मेलनले सार्क विकास बैंकको स्थापना, सार्क विकास कोष बडा पत्र, गुणस्तर निर्धारण संस्था स्थापना तथा खाद्य सुरक्षा र पोषणको क्षेत्रमा महत्त्वपूर्ण निर्णय लिइएको पाइन्छ। यसै गरी सन् २०१० मा भुटानमा पहिलो पटक आयोजित सार्कको सोह्रौं सम्मेलनले ३७ बुँदे थिम्पु घोषणा पत्र सहित वातावरण, व्यापार, गरिबी निवारण, सुशासन, लोकतन्त्रको सुदृढीकरण, जलवायु परिवर्तन, आतङ्कवादको विरोध जस्ता विषयलाई जोड दिइएको पाइन्छ भने माल्दिभ्समा आयोजित सत्रौं सम्मेलनले समेत दैवी प्रकोप, गरिबी निवारण लगायतका विषयमा जोड दिँदै विगतका निर्णयहरू कार्यान्वयनमा चासो व्यक्त गरेको पाइन्छ।

सार्कको पछिल्लो सम्मेलन (अठारौँ) ३६ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै २७ नोभेम्बर, २०१४ मा काठमाडौँमा सम्पन्न भयो। अफगानिस्तानका राष्ट्रपति असरफ घानी, बंगलादेशका प्रधानमन्त्री शेख हसिना बाजेद, भुटानका प्रधानमन्त्री छिरिङ टोग्वे, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, माल्दिभ्सका राष्ट्रपति अब्दुल्ला यमिन अब्दुल गयुम, नेपालका प्रधानमन्त्री सुशील कोइराला, पाकिस्तानका प्रधानमन्त्री नवाज सरिफ, श्रीलङ्काका राष्ट्रपति महिन्द्रा राजापाक्सेले उक्त सम्मेलनमा आआफ्नो देशको प्रतिनिधित्व गरेका थिए (http://www.saarc-sec.org, 2015). यस सङ्गठनको पर्यवेक्षकको रूपमा रहेका युरोपियन युनियन, संयुक्त राज्य अमेरिका, जापान, चीन, अष्ट्रेलिया, दक्षिण कोरिया, म्यान्मार, मौरिसस र इरानको समेत उपस्थिति रहेको उक्त सम्मेलनको उद्घाटन नेपालका प्रधानमन्त्री सुशील कोइरालाले गरेका थिए। नेपालले तेस्रो पटक आयोजना गरेको यस शिखर सम्मेलनमा (१) शान्ति, स्थायित्व र समृद्धिका लागि क्षेत्रीय सहयोग (२) भूपरिवेष्ठित र अति कम विकसित देशको हितलाई प्रवर्द्धन गर्न दक्षिण एसियाली आर्थिक युनियनको स्थापना (३) व्यापारमा देखिएका प्राविधिक समस्याको अन्त्य गर्दै साफ्टा र व्यापार सरलीकरण (४) साफ्टा मार्फत सार्कका विकासोन्मुख र भूपरिवेष्ठित मुलुकलाई विशेष सहयोग (५) साना र कमजोर देशको हितलाई ध्यानमा राखी विश्व अर्थतन्त्रमा सुधार (६) भूपरिवेष्ठित र टापु मुलुकको दिगो विकासमा जोड (७) सार्कका कार्यक्रमको प्रभावकारिताका लागि सार्क विकास कोषको सबलीकरण (८) सार्क क्षेत्रलाई यातायातका साधन र विशेष गरी रेलवे सञ्जाल मार्फत जोड्ने (९) ऊर्जा विकास (१०) दिगो विकास मार्फत गरिबी मुक्त क्षेत्र (११) आर्थिक विकास (१२) दिगो विकास मार्फत सन् २०१५ पछिको विकास लक्ष्यको निर्धारण (१३) कृषि र खाद्य सुरक्षा (१४) वातावरण परिवर्तन सम्बन्धी थिम्पु घोषणापत्रको कार्यान्वयन (१५) समुन्द्र केन्द्रित अर्थनीति (१६) एच.आइ.भी.एड्स लगायत अन्य महामारीबाट मुक्ति र स्वास्थ्य सुरक्षा (१७) निरक्षरताको अन्त्य र गुणस्तरीय शिक्षा (१८) युवा परिचालन (१९) महिला र बालबालिकालाई बेचबिखन एवम् शोषणबाट मुक्ति (२०) वृद्ध, अशक्त, महिला, बेरोजगार आदिको सामाजिक सुरक्षा (२१) श्रम, बसाइँसराइको सुरक्षित एवम् उत्तरदायी व्यवस्थापन (२२) विज्ञान र प्रविधिको विकास (२३) सुरक्षा र सञ्चारमा पहुँच (२४) दक्षिण एसियामा पर्यटनको दिगो विकास (२५) सांस्कृतिक सम्पदा र संस्कृतिको संरक्षण (२६) सार्क सदस्य राष्ट्रहरू बीच सहज सम्पर्कका लागि निजी र सार्वजनिक मिडियाको भूमिका (२७)

आतङ्कवाद र अन्य अपराधहरूको नियन्त्रण (२८) जवाफदेही, पारदर्शिता, कानुनी शासन र जनसहभागिता मार्फत सुशासनको प्रतिबद्धता (२९) शान्ति, स्थिरता, लोकतन्त्र र विकासमा सदस्य राष्ट्रहरू बीच सहकार्य (३०) सार्क प्रक्रियाको सबलीकरण (३१) सार्कका हरेक संयन्त्रमा नतिजा उन्मुख ढङ्गको कार्य प्रणाली (३२) सार्क सचिवालयको सक्रियतामा जोड (३३) विशेष समितिको प्रभावकारिता र परिणाममुखी कार्यान्वयन (३४) शिखर सम्मेलन कम्तीमा दुई वर्षमा एक पटक, स्थायी समिति कम्तीमा एक वर्षमा एक पटक, मन्त्री परिषद् एक वर्षमा एक पटक र कार्यक्रम समिति वर्षमा दुई पटक (३५) पर्यवेक्षकहरूको स्वागत र (३६) सार्कको आगामी (उन्नाइसौँ) शिखर सम्मेलन पाकिस्तानमा गर्ने जस्ता निर्णय सहितको काठमाडौँ घोषणा जारी गरिएको थियो (http://www.saarc-sec.org) .

विभिन्न ३६ बुँदामा लिपिबद्ध गरिएका काठमाडौँ घोषणा सम्बद्ध यी सवालहरू नयाँ भने छैनन्। अधिकांश बुँदाहरूले यस अघिका घोषणाहरूमा समावेश गरिएका प्रावधानहरूसँग सामीप्यता राख्दछन्। शान्ति, स्थायित्व र समृद्धिको मूल गन्तव्य हासिल गर्न यस अघिका घोषणाहरू नै पर्याप्त देखिन्छन्। तथापि ती घोषणाहरूको कार्यान्वयनको पक्ष कमजोर रहँदा यी प्रतिबद्धताहरू बढी कागजमा सीमित हुन पुगेका छन्।

## ३.८ सार्कका संस्थापकहरू

१. श्री ५ वीरेन्द्र विर विक्रम शाहदेव - राजा, नेपाल

२. राजीव गान्धि - प्रधानमन्त्री, भारत

३. जियाउल हक - राष्ट्रपति, पाकिस्तान

४. जुलियस रिचर्ड जयवर्दने- राष्ट्रपति, श्रीलङ्का

५. हुसेन मोहम्मद यर्साद - राष्ट्रपति, बङ्गलादेश

५. जिग्मेसिग्मे वाङचुक - नरेश, भुटान

७. मौमुन अब्दुल गयुम - राष्ट्रपति, माल्दिभ्स

## ३.९ सार्क राष्ट्रहरूको सामान्य परिचय

**सार्क आबद्ध देशहरूको विवरण**

| क्र.सं. | देश | क्षेत्रफल वर्ग कि.मी. | जनसङ्ख्या | प्रति व्यक्ति आय (डलर) | साक्षरता प्रतिशत | राजधानी | संयुक्त राष्ट्रसंघमा प्रवेश |
|---|---|---|---|---|---|---|---|
| १. | अफगानिस्तान | ६५२,८६४ | ३६,६३०,४६० | १४९८.८ | ३१% | काबुल | १९४६ |
| २. | बंगलादेश | १४७,४७० | १६६,८९६,४८२ | १४६६ | ७२.८% | ढाका | १९७४ |
| ३. | भुटान | ३८,३९४ | ८०७,६१० | २९५५.८ | ५९.५% | थिम्पु | १९७१ |
| ४. | भारत | ३,२८७,४६९ | १,३५८,७५१,५२७ | १६७० | ७४.०४% | नयाँ दिल्ली | १९४५ |
| ५. | माल्दिभ्स | २,९७८ | ४४६,६४२ | ७३०० | ९८.६% | माले | १९६५ |
| ६. | नेपाल | १४१,१८१ | २९,३०४,९९८ | १००० | ६५.९% | काठमाडौँ | १९५५ |
| ७. | पाकिस्तान | ८८१,९१३ | २०१,९९३,९२४ | १६४१ | ५८% | इस्लामाबाद | १९४७ |
| ८. | श्रीलंका | ६५,६१० | २०,९७३,११२ | ३८४२ | ९२% | कोलम्बो | १९५५ |

https://en.m-wikipedia.org2016

### ३.९.१ अफगानिस्तान

अधिकांश भागहरू दक्षिण एसियामा परेर पनि दक्षिण एसियाको सदस्याताबाट लामो समयसम्म वञ्चित रहेको अफगानिस्तान विश्वका अति सङ्कटग्रस्त क्षेत्र मध्ये एउटा मानिन्छ। दोस्रो विश्वयुद्धपछि शक्ति राष्ट्रहरूको क्रिडास्थल बनेको अफगानिस्तानको इतिहास दुख र पिडादायक छ। यसको क्षेत्रफल ५६२,८६४ वर्ग किमी छ। यो एउटा इस्लामिक गणतन्त्रात्मक मुलुक हो। यस मुलुकको जनसङ्ख्या ३६,५३४५७६ छ भने यस मुलुकको प्रति व्यक्ति, आय ५६२ अमेरिकी डलर रहेको छ। अमेरिकाको ट्वीन टावरमा ११ सेप्टेम्वर २००१ मा भएको आतङ्ककारी हमलामा अलकायदालाई अफगाानिस्तानले सघाएको आरोपमा अमेरिकाको नेतृत्वमा अफगानिस्तान मा हमला गरेको थियो। यस अघि सन् १९७९ देखि १९८९ सम्म रुसी हस्तक्षेपको असर अफगानिस्तानलाई पिडादयक रह्यो। यसरी विदेशी हस्तक्षेपको चपेटामा परेको अफगानिस्तान अहिले पनि गृहयुद्धको चपेटामा परेको छ भने लाखौको सङ्ख्यामा विदेशी सेनाको उपस्थिति छ (बराल, २०१८ : ४०)।

### ३.९.२ बङ्गलादेश

सन् १९७१ मा पाकिस्तानबाट छुट्टिएर पूर्वी पाकिस्तानको रूपमा रहेको क्षेत्र बङ्गलादेशको उदय भएको थियो। बङ्गलादेश छुट्टिनुको प्रमुख कारणमा पाकिस्तान सरकारको भाषिक, आर्थिक, र राजनीतिक नीति प्रमुख थियो। बङ्गलादेशको क्षेत्रफल १ लाख ४४ हजार वर्ग कि.मी छ। यहाको जनघनत्व आधिक भएको मुलुक हो। यहाँको मुख्य धर्म इस्लाम हो। बङ्गलादेशको जनसङ्ख्या करिब सोह्र करोड छ। बंगलादेश लामो समयसम्मको राजनीतिक अस्थिरतापछि स्थायित्व तर्फ जाँदैछ। तटिय क्षेत्रमा रहेकाले बाढी, पहिरो जस्ता समस्याबाट ग्रसित छ।

### ३.९.३ भुटान

४८००० वर्ग कि.मी क्षेत्रफल रहेको भुटान एउटा संरक्षित राज्य हो। यहाँको जनसङ्ख्या करिब ८० लाख छ। ८ अगस्ट १९४९ मा भारत र भुटानबीच भएको सन्धीमा भुटानको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र विदेश मामलामा भारत सरकारको मार्गदर्शन र सल्लाह अनुसार भुटानले काम गर्ने उल्लेख छ। भारत युद्धपछि

भुटानले आफ्नो प्रतिरक्षाको भार पनि भारतलाई नै सुम्पीएको थियो । भुटान सन् १९७१ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बन्यो । कहिले काहि भुटानले भारतको प्रभावबाट वाहिर निस्कने प्रयास पनि गर्दै आएको छ । १९७४ मा भुटानले सन्धीको धारा २ को व्याख्या गर्दै भुटान वैदेशिक सम्बन्धको मामिलामा भारतको परामर्श मान्नुको लागि बाध्य छैन भनी सन्धीमाथि प्रश्न उठाएको पाउँछौ (पियरसन, २०१२ : १८१) । चीनले भुटानको ३०० वर्ग माइल क्षेत्रमा दावा गर्दै आएको छ । यसरी पछिल्लो पटक चीनले बाटो खोल्ने विषयमा ठूलो विवाद भएको थियो । हाल भुटान एउटा अन्तर्राष्ट्रिय व्यक्तित्वको रूपमा विकसित भएको छ ।

### ३.९.४ भारत

भारत दक्षिण एसियाको प्रभावशाली मुलुक हो। भारत भूगोलको हिसावले संसारको सातौ ठूलो देश हो भने विश्वका भनै १ अरब ३० करोड मानिसहरू यहाँ बसोबास गर्दछन् । संसारको सबैभन्दा मजवुत प्रजातन्त्रका अभ्यास भएको मुलुकको रूपमा भारत देखिन्छ (पियरसन, २०१२ : १८०) । यी क्षेत्रफल, सामर्थ्य र जनसङ्ख्याको हिसाबले सबै भन्दा ठूलो छ । सन् १९४७ मा भारत वृटिश उपनिवेषबाट स्वतन्त्र भएयता प्रजातान्त्रिक शासन प्रणाली अपनाएको छ। आर्थिक विकास, सामाजिक न्याय र ग्रामिण विकास स्वतन्त्र भारतको लागि चुनौतीपूर्ण समस्याको रूपमा रहेको छ। जातिवाद र साम्यवादको कारणले देशमा क्षेत्रवाद, वढेर गएको पाउँछौ। स्वतन्त्रतापछि भारतले असंग्लनताको विदेश नीतिअगालेको छ। छिमेकी देश चीन र पाकिस्तान युद्ध लड्नु पर्ने अवस्था आयो भने भारत आप्रवासी समस्या र जातीय समस्याले गर्दा चिन्तित छ। भारतको शान्ति सेना धेरै समयसम्म रह्यो। नेपालमा पनि कालापानी लगायत कयौं स्थानमा सीमा विवाद समस्याको रूपमा रहेको छ। त्यस्तै गरी बङ्गलादेशसँग सीमा विवाद लगायत पानीको बाँडफाँडको विषयमा विवाद कायमै छ ।

### ३.९.५ माल्दिभ्स

यो देश हिन्द महासागरमा १२०० भन्दा बढी दीपहरू भएको टापुहरूको राष्ट्र हो । सार्क सदस्य राष्टहरूमध्ये सबै भन्दा सानो देश हो । यी मध्ये सबैभन्दा यो टापु ६ किलो मिटरको छ। ६४ वटा टापु पर्यटकीय दृष्टिकोणले पर्यटन विकासको लागि छुट्याइएको

छ। समुन्द्री सतहबाट सरदर १२ मिटर माथि रहेको यो देशको सबैभन्दा उच्च स्थान १० मटरको उचाइमा पर्दछ। समुद्री सतह बढेको खण्डमा अतित्व नै गुम्ने आशंका गरिएको छ। यसको सिमाना चारैतिर समुन्द्र छ। नजीक छिमेकी राष्टमा श्रीलङ्का (९७५कि.मी) छ। त्यसपछि भारत पर्दछ। माल्दिभ्स सार्क सदस्य राष्टहरूमध्ये एक हो।

### ३.९.६ नेपाल

नेपाल एक भुपरिवेष्ठित मुलुक हो। उत्तरमा चीन र पूर्व, पश्चिम र दक्षिणमा भारतले घेरिएको छ। यसको क्षेत्रफल १४७१८१ व.कि.मी. र जनसङ्ख्या करिब ३ करोड रहेको छ। नेपालमा ८० प्रतिशत भन्दा बढी हिन्दुहरूको बाहुल्य रहेता पनि विश्व परिवेश र विश्व परिवेशको साइड इफेक्टरले गर्दा धर्म निरिपेक्ष राष्ट्रको रूपमा दर्ज भएको छ। नेपाल एउटा गणतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरिसकेको छ। गणतान्त्रिक शासन व्यवस्थापछि नेपालमा तीन तहकै चुनाव सम्पन्न भइ गणतान्त्रिक शासन व्यवस्था सञ्चालन भएता पनि संस्थागत हुन बाँकी रहेको अवस्था छ। चीन र भारत सँग समदुरी समनिकटता नीति अपनाएको नेपाल असंलग्न आन्दोलनमा सामेल भएको छ। नेपालले आफुलाई शान्ति क्षेत्र घोषणा गर्न चाहेको तर विदेशी स्वार्थको कारण यो चाहना साकार हुन नसकेको अवस्था छ।

### ३.९.७ पाकिस्तान

मुस्लिम बाहुल्य रहेको पाकिस्तान १४ अगस्ट १९४७ मा भारतबाट विभाजन भएर जन्मिएको हो। प्रारम्भमा पूर्वी बङ्गाल पनि पाकिस्तानको भाग थियो। संयुक्त पाकिस्तानको जनसङ्ख्या ११ करोड थियो र हाल पाकिस्तानको जनसङ्ख्या झण्डै २० करोड पुगेको छ (धमला, २०६२ : १०९)। पाकिस्तानको महत्त्वपूर्ण एकताको शुत्र इस्लाम धर्म हो। पाकिस्तान प्रादेशिक वा धर्म, निरिपेक्ष राष्ट्रवादमा आधारित छैन। पाकिस्तानको राजनीतिमा सेनाको भूमिमा देखिँदै आएको छ। पाकिस्तानको प्रजातन्त्रात्मक शासन व्यवस्था थोरै समयको लागि मात्र रहयो। सन् १९४८,१९६५र १९७१ र कारगिल युद्ध १९९९ मा पाकिस्तानले भारतसँग युद्ध लड्न पऱ्यो। १८ सेप्टेम्वर १९५४ मा उसले SEATO को सदस्यता लियो। ५ मार्च १९५९ मा अमेरिका र पाकिस्तानबीच पारस्परिक सहयोगको सम्झौता भयो। अमेरिकाले पाकिस्तानलाई धेरै मात्रामा आर्थिक, सैनिक

सहयोग प्रदन गऱ्यो । अफगानिस्तानको घटनाले पाकिस्तान,चीन, अमेरिकाबीचको दुरी मजवुज वनायो । वर्तमान अवस्थामा पाकिस्तानको राजनैतिक आर्थिक झुकाव चिनसँग बढेको देखिन्छ ।

### ३.९.८ श्रीलङ्का

श्रीलङ्का एउटा जलपरिवेष्ठित मुलुक हो। यो भारतको दक्षिणमा हिन्द महासागरमा अवस्थित छ। जसको क्षेत्रफल ६५,५२५ वर्ग.कि.मी छ र जनसङ्ख्या २०,९७३,११२ छ। श्रीलङ्काले असंलग्नताको विदेश नीति अङ्गालेको छ। सुरुमा श्रीलङ्काको झुकाव पश्चिमी गुटतर्फ थियो । सन् १९४८ मा श्रीलङ्काले विट्रेनसँग एउटा सुरक्षा सन्धी गऱ्यो (पियरसन, २०१२ : १८०) । सन् १९५६ पछि विदेश नीतिमा केही परिविर्तन आयो । श्रीलङ्का वृटिश अड्डाको विरुद्ध थियो । धेरै प्रयत्नपछि वृटिश अड्डा हेऱ्यो । श्रीलङ्का पनि राष्ट्र मण्डलको सदस्य बन्यो । जुलाई १९६० मा श्रीमती सिरीमाको भण्डारनायके प्रधानमन्त्री बने र उनले अन्तर्राष्ट्रिय सम्बन्धमा सकृय भाग लिए । भारत र चीन बीचको युद्धमा उनले असंलग्न राष्ट्रहरूको सम्मेलन बोलाउने प्रत्यत्न गरे र कोलोम्बो प्रस्ताव तयार गरे। श्रीलङ्काले असंग्लग्न आन्दोलनलाई अगाडि बढाउन धेरै प्रयत्न गरेको पाउँछौ । सन् १९७६ मा कोलोम्बोमा पाँचौ असंलग्न शिखर सम्मेलन भयो । सन् १९७७ पछि जयवर्द्धने राष्ट्रपति वने । उनको नीति पश्चिमा समर्थक रह्यो । श्रीलङ्का भारी मात्रमा आर्थिक एवम् सैनिक सहयताको अमेरिकी मित्र बन्यो । श्रीलङ्कामा भइरहेको अल्पसङ्ख्यक तमिलहरूको नरसंहार भारतको लागि चिन्ताको विषय भएको थियो । श्रीलङ्कामा तमिल समस्याकै कारणले तत्कालिन भारतीय प्रधानमन्त्री राजीव गान्धिको हत्या समेत भएको थियो भने सन् २००९ मा राजापाक्छे सरकारले आन्तरिक विद्रोहलाई समाप्त गरिएको छ (बराल, २०१८ : ५४) ।

## ३.१० सार्कका उपलब्धिहरू

सन् १९८५ मा क्षेत्रीय सङ्गठन सार्कको स्थापना आफैमा एउटा महत्त्वपूर्ण उपलब्धि हो । दक्षिण एसियाका नेताहरू सार्कको उपलब्धि र उद्देश्यहरू हासिल गर्नका लागि क्षेत्रीय सहयोगको लागि विभिन्न क्षेत्रीय संसाधन र संयत्रहरूको स्थापना गरेका छन् । तर तिनिहरूले लक्षित उद्देश्य हासिल गरेका छन् । तर सार्कका माध्यमबाट यस

क्षेत्रका जनताले केहि हद सम्म भए पनि जीवनस्तर उकास्ने अवसर पाएका छन् । सार्कलाई गरिब राष्ट्रहरूको सङ्गठन भनि आरोप लगाउने पनि गरिन्छ । सार्क युरोपियन युनियन र आसियान भन्दा कान्छो सङ्गठन हो । यसलाई आसियानको देखासिकी गरेर स्थापना गरेको भन्ने आरोप पनि लाग्ने गरेको छ । सार्क अन्य क्षेत्रीय सङ्गठनहरूले जस्तै गतिलिन सकिरहेको छैन । यसको आफ्नै बाध्यता र विवशताहरू छन् । तर यसो भन्दैमा हरेश खाइहाल्नु पर्ने अवस्था छैन । यसले आफ्नो स्थापनाकाल देखि विभिन्न उपलब्धिहरू हासिल गरिसकेको छ ।

सार्क बडापत्र अनुसार सार्कले द्विपक्षीय र विवादस्पद विषयमा कुरा गर्न नपाउने भएकोले (धारा १० ख) यो राजनैतिक र सुरक्षात्मक विषयमा पूर्ण रूपमा सफल छ । यो सार्कको सबै भन्दा ठूलो कमजोरीको रूपमा रहेता पनि यसले गैर राजनीतिक र गैर सुरक्षात्मक केही सकरात्मक कार्य भने अवस्य गरेको छ । विवाद र समस्यै समस्याले घेरिएको यस क्षेत्रीय सङ्गठन सार्कको स्थापना नै महत्त्वपूर्ण उपलब्धि हो । हालसम्म यसको उपलब्धिलाई सफलताका साथ अगाडि बढीरहेका युरोपियन युनियन र आसियानसँग तुलना, गरेर हेर्न मिल्दैन । छिमेकी सार्क क्षेत्रको आफ्नै विशेषता र समस्या रहेका छन् । सार्कले आफ्नो स्थापनाकाल ३३ वर्षमा बीचमा केही विराएर भए पनि हालसम्म १८ वटा शिखर सम्मेलनहरू सफलताको साथ सम्पन्न गरेको छ । यस बाहेक मन्त्री परिषदको परराष्ट्र र अन्य मन्त्री स्तरीय बैठक, स्थायी समितिको सचिवालय बैठक, प्राविधिक समिति अन्य बैठकहरू सार्क सचिवालय काठमाडौँमा स्थापना गरेको छ । जसमा सार्क राष्ट्रहरूको औपचारिक र अनौपचारिक रूपमा अन्तरक्रिया गर्ने मौका पाएको छ । सार्क शिखर सम्मेलनले सार्कको दुई विपरित रूपमा रहेको भारत र पाकिस्तानलाई एउटै मञ्चमा राखेर शान्तिपूर्ण रूपमा समस्या सुल्झाउने अवसर प्रदान गरेको छ ।

दिपक्षीय विवादास्पद राजनीतिक र सुरक्षात्मक विषय बाहेक अन्य क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । सार्क ढाँचा अन्गरगत विभिन्न क्षेत्रीय स्तरका समस्या सुल्झाउन र क्षेत्रीय स्तरमा विचार विमर्श गर्न विभिन्न क्षेत्रीय केन्द्रहरू स्थापना भएका छन् (धमला, २०६२ : २७) ।

१) सार्क कृषि सुचना केन्द्र

२) सार्क क्षयरोग केन्द्र

३) सार्क अभिलेख केन्द्र

४)	सार्क जलवायु अनुसन्धान केन्द्र

५)	सार्क मानव संसाधन विकास केन्द्र

यस अतिरिक्त भविश्यमा यस प्रकारको अध्ययन केन्द्र थप हुनै जान सक्ने सम्भावना रहेको छ। यसै गरी सार्क शिखर सम्मेलन र अन्य सम्मेलनहरूले हालसम्म एकीकृत कार्य योजना तय गरेको छ। जसमा निम्न क्षेत्रहरू समेटिएका छन् (धमला, २०६२ : २७)।

१)	कृषि तथा ग्रामिण विकास समिति

२)	वातावरण, जलवायु तथा वनविज्ञान समिति

३)	विज्ञान तथा प्रविधि समिति

४)	सार्क मानव संसाधन विकास समिति

५)	यातायात तथा सञ्चार समिति

६)	शिक्षा तथा संस्कृति समिति

७)	स्वास्थ एवं जनसंखया समिति

सार्कले राष्ट्रहरूले आपसी राजनैतिक र सुरक्षात्मक विवादको वावजुद पनि यी माथिका क्षेत्रमा वसी विचार विमर्श गर्ने मौका पाएका छन्। जुन सार्कको अर्का उपलब्धि हो। सन् १९८५ मा सार्कको स्थापना भए देखि काठमाडौँमा सम्पन्न १८ औ शिखर सम्मेलन २०१४ सम्म सार्कले विभिन्न क्षेत्रीय घोषणा महासन्धीहरूमा हस्ताक्षण सम्पन्न गरेका छन्। जुन निम्न छन् :

१)	सार्क खाद्य सुरक्षा-सम्वन्धि सम्झौता

२)	आतङ्कवाद विरुद्ध सार्क क्षेत्रीय महासन्धी

३)	लागु पदार्थ विरुद्ध सार्क क्षेत्रीय महासन्धी

४)	सहुलियत पूर्ण व्यापार सम्वन्धि सार्क क्षेत्रीय महासन्धी

५)	चेलीवेटी तथा वालवालिका वेचविखन र देह व्यापार विरुद्ध महासन्धी

६)	वालकल्याण सम्वन्धि क्षेत्रीय व्यवस्था गर्ने महासन्धी

सार्कको उपलब्धिहरूलाई वुदागत रूपमा निम्न तरिकाले उल्लेख गर्न सकिन्छ।

१.	सार्कको यथार्थमा विश्वका अत्याधिक गरिब प्रतिनिधित्व गर्ने सार्कलाई गरिबहरूको क्लव समेत भन्ने चलन छ। यस अर्थमा यी राष्ट्रले एक अर्कालाई

सहयोग पुऱ्याई, गरिबी निवारणमा महत्त्वपूर्ण भुमिका निर्वाह गर्नु पर्ने हुन्छ । यसै यसको उपलब्धि निहित हुने हुन्छ ।

२. सार्कको विधिवत स्थापना र संस्थागत विकास, सचिवालयको स्थापना सार्क वडापत्र स्वीकार जस्ता प्रारम्भिक कुरालाई यस विवादस्पद क्षेत्रमा एक उपलब्धि मान्न सकिन्छ ।

३. सार्कको उपलब्धि भनेको युरोपियन मोडेल र स्वतन्त्र व्यापारको प्रारूपमा आधारित सार्क राष्ट्रको व्यापार तथा वाणिज्य क्षेत्रमा SAPTA समभौंता कार्यान्वयन गर्न र यस क्षेत्र सार्क क्षेत्रलाई स्वतन्त्र व्यापार क्षेत्रको रूपमा विकसित गर्न सकिन्छ। साष्ट्रहरूबीच सर्वसम्मति हुनुको अर्को आर्थिक र व्यापारीक उपलब्धि हो

४. सार्कले राजनीतिक र सुरक्षात्मक कुराहरू बाहेक अन्य आर्थिक, व्यापारीक, सामाजिक, सांस्कृतिक बौद्धिक, शैक्षिक, भाषिक आदि क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। सार्क राष्ट्रहरूबीच यस्ता क्षेत्रमा सहयोग र पारस्परिक सद्भाव विकास गर्न एउटा दरिलो सङ्गठन बनेको छ ।

५. सार्कले समानान्तर स्तरको विश्वका अन्य क्षेत्रीय संस्थाहरूसँग पनि नजिकको सम्बन्ध स्थापना गर्ने र विश्वका विभिन्न मुलुकसँग यसका कार्यका लागि रकम जुटाउने नीति अबलम्बन गरे पश्चात् यस क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि भएका छन् । अन्तर्राष्ट्रिय भूमिका प्रभावकारी र यस क्षेत्रलाई एक क्षेत्रको रूपमा स्वीकादै आएका छन् ।

६. सार्कले सार्क पुरस्कारको व्यवस्था गरेको छ र साना राष्ट्रको सुरक्षाका लागि सामूहिक आवाज उठाउने नीति लिएको छ ।

७. सार्क ढाँचा भित्र रहेर आज सार्क राष्ट्रका सभामुखहरूको भेला(२) सार्कका प्रधानन्याधिसहरूको भेला (३) सार्क राष्ट्रका लेखक, कलाकार, पत्रकार, शिक्षाविध, शिक्षक, प्राध्यापक आदिको भेला र आदान प्रदान कार्य सुचारु रूपले चलिरहेको छ । यसलाई पनि महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ ।

८. सार्कको अर्को महत्त्वपूर्ण उपलब्धि भनेको सहयोगका क्षेत्रहरू निर्धारण गर्ने हो ।

९. वेश्यावृत्तिका लागि वालवालिका एवं महिलाको अवैध व्यापार रोक्न महासन्धी दक्षिण एसियामा वाल कल्याण प्रवर्द्धन गर्ने क्षेत्रीय महासन्धी हुन् ।

१०. अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र सम्बन्ध गासिनु

११. सार्क खोज, सुरक्षा भण्डार सम्वन्धि सम्झौता

१२. सार्क आतङ्कवाद विरुद्धको क्षेत्रीय महासन्धी

१३. सार्क लागु औषध तथा मनोदिपक पदार्थ सम्वन्धि महासन्धी

१४. सार्क सहुलियत पूर्ण व्यापार सम्वन्धि सम्झौता

१५. दक्षिण एसियाली कोषहरूको निर्माण गर्न निर्णय

यस क्षेत्रको अर्को सकारात्मक उपलब्धि हो। जसमा निम्न कोष रहेका छन् ( अधिकारी, २०७० : १४६)।

- सार्क क्षेत्रीय परियोजनाको कोष
- सार्क क्षेत्रीय कोष
- दक्षिण एसियाली विकास कोष
- सार्क जापान विशेष कोष
- विभिन्न कोषहरूको निर्माण सार्कको एउटा महत्त्वपूर्ण उपलब्धि हो।

यसरी हेर्दा हामीले सार्कले आफ्नो स्थापनाको ३३ वर्षको अवधिमा जति प्रगति गर्नुपर्ने हो, सो गर्न नसकेता पनि केही महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। सार्कले आफु भन्दा प्रभावकारी र जेठा सङ्गठनहरू युरोपियन युनियनबाट शिक्षा लिदै अगाडि बढ्नु पर्दछ।

## ३.११ सार्कका सम्भावनाहरू

विश्व मानचित्रमा प्रचुर मात्रामा गन्तव्य र संभावना रहेको दक्षिण एसिया क्षेत्रको आन्तरिक समस्यालाई समाधान गर्न सके यस क्षेत्रको विकासको प्रसस्त संभावनाहरू रहेका छन् (अधिकारी, २०७० : १४४)।

१. क्षेत्रीय स्तरको सबै विषयहरूलाई छलफलको विषय बनाउन सके सार्कले उन्नति गर्न सक्ने संभावना हुन्छ।

२. सार्क भारत केन्द्रीत क्षेत्र भएको सार्कको भविश्य भारतमा निर्भर छ। भारतले ठुल्दाई प्रवृत्ति त्यागी एउटा कुशल अभिभावक को भूमिका निर्वाह गरेको खण्डमा सार्कको भविश्य उज्ज्वल छ।

३. SAFTA लाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न सके यसको आर्थिक क्षेत्रको विकासमा टेवा पुग्ने थियो ।

४. भारत-पाकिस्तान विवादलाई क्षेत्रीय स्तरमा समाधान गर्न सके सार्कको प्रगति गर्न सक्छ ।

५. आपसी स्वार्थ, विवादलाई त्यागेर क्षेत्रीय हितको लागि काम गरेको खण्डमा सार्कले प्रगति गर्ने संभावना छ ।

६. दक्षिण एसियामा भएको प्राकृतिक स्रोत र साधनको क्षेत्रीय स्तरमा उपयोग गर्न सके यस क्षेत्रको प्रगति सम्भव छ ।

७. सार्कले सुविधा प्राप्त व्यापार सम्झौता र युरोपियन युनियज र आसियानले गरे जस्तो काम र व्यापार क्षेत्रको स्थापना गर्ने प्रयासलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न पर्ने हुन्छ ।

८. सार्क राष्ट्रबीच हाल विद्यमान समस्याहरू यसै संस्थामार्फत सँगठनात्मक र व्यवहारिक व्यवस्था गर्न सक्ने देखिन्छ ।

९. सार्क राष्ट्रहरूमा भारतले आफ्नो विशालभुमि क्षेत्र, जनसङ्ख्या आर्थिक र प्रविधिमा विकासका कारण आफ्नो वडापन देखाउनाले पनि कहिले काही यस क्षेत्रमा अनावश्यक विवादको सिर्जना हुन भएकोले भारतले यस क्षेत्रमा साना राष्ट्रहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्ने हुन्छ ।

१०. सार्क राष्ट्रका हामी सबै जनता एक हौ भन्ने मनोवैज्ञानिक भावनाको विकास गर्न सके सार्कको प्रगतिको संभावना छ

११. युरोपियन युनियन र आसियानबाट शिक्षा प्राप्त गरेर काम गरेको खण्डमा यसले अवश्य सफलता हासिल गर्न सक्नेछ ।

१२. दक्षिण एसियाको क्षेत्रका राष्ट्रहरूबीच हिमालय उपयोग गर्न सके प्रसस्त संभावनाहरू रहेका छन्

१३. सार्क उपक्षेत्रीय सहयोग सङ्गठनको अवधारणाले यस क्षेत्रको आर्थिक सामाजिक, सांस्कृतिक आदि क्षेत्रहरूमा थुप्रै संभावनाका ढोकाहरू खुलेको छ ।

१४. वातावरणीय आर्थिक, सामाजिक व्यापारिक तथा पारवाहन प्राकृतिक स्रोतको उपयोग जस्ता विभिन्न क्षेत्रहरूमा संयुक्त लगानीका संभावनाहरू प्रसस्त रहेका

छन् । यसरी सार्क उपक्षेत्रीय सहयोग सङ्गठन गर्ने अवधारणाले सार्क मुलुक भित्रको सम्बन्धमा एउटा नयाँ आयाम थपेको छ ।

## ३.१२ सार्कका चुनौतीहरू

विश्वका अन्य क्षेत्रीय सङ्गठनहरू झैं दक्षिण एसियाली क्षेत्रमा पनि क्षेत्रीय सहयोग प्रवर्द्धनको अवधारणालाई संस्थागत स्वरूप प्रदान गर्न आज भन्दा ३३ वर्ष अगाडि यस क्षेत्रका मुलुकहरूले 'सार्क' मार्फत सहयोग विस्तारको चुनौतीपूर्ण यात्रा सुरु गरेको पाइन्छ। तथापि आफ्नो ३३ वर्षको आन्दोलनमा यस सङ्गठनले लक्ष्य गरेअनुरूपको न्यूनतम गन्तव्यमा पुग्न समेत थुप्रै चुनौतीहरूको सामना गर्नु परिरहेको छ। ३३ वर्षको यात्रा र प्रतिबद्धताहरूको आंकलन गर्ने हो भने यस सङ्गठनले प्रगतिको ठूलो फड्को मारि सक्नु पर्ने हो तर अहिले पनि यस सङ्गठनले 'Poor Club of the World' भन्ने पगरी पाएको छ (लामा, २०१७ : १०७)। अझ आठौं सदस्यको रूपमा अफगानिस्तानको प्रवेशले 'जोगीको घरमा सन्यासी पाहुना' को उखानलाई चरितार्थ गराएको छ। सामान्यतया यस क्षेत्रीय सङ्गठनको प्रगतिको बाधकका रूपमा देखापरेका चुनौतीहरू निम्नानुसार छन् :

**१) भारतको नीति र यसप्रतिको अविश्वास**

सार्क सम्बद्ध देशहरूमध्ये भारत भूगोलको हिसाबले ठूलो सामर्थ्यको हिसाबले शक्तिशाली र बढी जनसङ्ख्या भएको देश हो। 'Super Powr of South Asia' को उपनामले समेत परिचित भारतको यस क्षेत्रका प्रायः सबै देशहरूसँग समस्या छ (खत्री, १९९८:३३)। भुटान माथि भारतको अघोषित उपनिवेश कायम छ। नेपाल र भारत बीच सीमा विवाद, जलस्रोत सम्बन्धी विषयहरू, भारतबाट नेपालको आन्तरिक मामलामा हस्तक्षेप, कालापानीमा भारतीय सेनाको उपस्थिति, लिपुलेक तथा अपराधजन्य समस्या र समय समयमा आफू प्रतिकूल हुँदा घोषित एवम् अघोषित नाकाबन्दी लादेर आफ्नो हैकम प्रदर्शन गरी रहेको छ। भारत र पाकिस्तान बीच राज्य निर्माणको प्रारम्भदेखि नै विवाद र सङ्घर्ष छ (शिवाकोटी, २०६८:८४९)। अफगानिस्तान र भारत बीच पनि आतङ्कवाद र अतिवादको समर्थन गरेको आरोप प्रत्यारोप छ। बंगलादेश र भारत बीच सीमा विवाद लगायतका समस्या छन्। यी समस्याहरूको निकास खोज्ने भन्दा पनि आफ्नो प्रभुत्व कायम राख्ने भारतीय प्रवृत्तिले समग्र सार्क प्रक्रिया घाइते बन्न पुगेको छ।

## २.	आतङ्कवाद

आतङ्कवाद दक्षिण एसियाका लागि नयाँ समस्या होइन। कास्मिर स्थित लस्करे तोइवा, अलकायदा, जैसे ए मोहम्मद, तालिवान जस्ता अन्तर्राष्ट्रिय आतङ्कवादीको सूचीमा परेका सङ्गठनहरू यहाँ सक्रिय छन्। नेपाल पनि झण्डै १० वर्षसम्म (२०५२-२०६२ सम्म) माओवादीको युद्धबाट पीडित भयो भने श्रीलङ्का झण्डै तिन दशकको तामिल सङ्गठन र यसले सञ्चालन गरेको गुरिल्ला युद्धबाट प्रभावित भयो। केही दशक यता यस क्षेत्रमा भारतका प्रधानमन्त्रीद्वय इन्दिरा गान्धी र राजीव गान्धी, श्रीलङ्काका रणसिंहे प्रेमदासा, पाकिस्तानकी पूर्व प्रधानमन्त्री वेनेजिर भुट्टो जस्ता व्यक्तिहरू आतङ्कवादीको निसानामा परि सकेका छन्। हालसालैका अफगानिस्तान, पाकिस्तान, भारत लगायतका देशमा भएका श्रृंखलाबद्ध बम विष्फोटनका घटनाले पनि यस क्षेत्रमा आतङ्कवादको डरलाग्दो समस्यालाई उजागर गरेको छ। यद्यपि यो समस्यासँग जुध्न सार्कले सामूहिक प्रतिबद्धता त जाहेर गरेकै छ तथापि यो प्रतिबद्धताले व्यावहारिक समाधान दिन सकेको भने छैन (बराल, २००५:९२)। बरु यस क्षेत्रका दुई आणविक शक्ति बीच आतङ्कवादलाई एक अर्काका विरुद्ध प्रयोग गरेको भन्दै वाक्युद्ध चलि रहेको छ। यसरी मौलाएको आतङ्कवादले समाधान होइन कि समस्या थपिदिएको छ।

## ३.	गरिबी

गरिबी दक्षिण एसिया क्षेत्रको अर्को चुनौती हो। झण्डै १८० करोड जनसङ्ख्यामध्ये करिब ५० करोड जनसङ्ख्या गरिबीको सीमा रेखामुनि छन् (बराल, २०६४:२२०)। करोडौंको सङ्ख्यामा विमार ग्रस्त छन्। भोकै सुत्छन्। तीव्र जनसङ्ख्या वृद्धि, रोजगारीका अवसरहरूमा कमी, मुख्य पेसा कृषि जस्ता कारणले विभिन्न प्रतिबद्धताका वावजुद पनि गरिबी निवारण हुन सकेको छैन। प्रचुर मात्रामा प्राकृतिक सम्पदा भएर पनि यी सम्पदाको समुचित प्रयोग गर्न नसक्नुको मुख्य कारण यस क्षेत्रका जनता भोक, रोग, अशिक्षा र गरिबीजस्ता मानवीय पीडाबाट ग्रसित छन्। सन् २००६ देखि २०१५ सम्मलाई गरिबी निवारण दशकको रूपमा स्वीकार गरिए तापनि प्रभावकारी कार्यक्रमको अभावमा यो लक्ष्य हासिल हुन सकेको छैन (घोष, २०११:२३२)।

## ४. राजनीतिक अस्थिरता

दोस्रो विश्वयुद्ध अगाडिसम्म यस क्षेत्रका नेपाल बाहेक अन्य सबै देशहरू बेलायतको उपनिवेशमा थिए। उपनिवेशमा नरहेको भए तापनि झण्डै उस्तै प्रभावबाट नेपाल पनि ग्रसित भएको तथ्यलाई भने नकार्न सकिँदैन। नेपालमा आधा शताब्दीमा तिन वटा क्रान्तिहरू सम्पन्न भए, तैपनि राजनीतिले संस्थागत स्वरूप हासिल गर्न सकेको छैन। स्वतन्त्रतासँगै भारत र पाकिस्तानको विभाजन भयो। पाकिस्तानमा नागरिक र सैनिक सत्ता बिचको होडबाजीले स्थिरता प्राप्त गर्न अझै सकिरहेको छैन (खत्री, १९९८:३४)। बंगलादेश त्यही अवस्थामा छ। श्रीलङ्काले भर्खरै आतङ्कवादी समस्याबाट मुक्ति पाएको छ। भुटानमा प्रजातान्त्रिक आन्दोलन जारी छ। अन्य समयमा प्रायः शान्त रहि रहने माल्दिभ्समा हालसालै शक्ति राजनीतिको आशङ्कामा सङ्कट कालको घोषणा गर्नु परेको छ। अफगानिस्तान आतङ्कवादको चंगुलमा फँसि रहेको छ। सामाजिक फछ्र्यौटेपन, आर्थिक असमानता, धार्मिक हिंसा आदि कारणले यस क्षेत्रको राजनीतिलाई अस्थिर बनाउनुका अतिरिक्त सार्क क्षेत्रले उन्नतिको बाञ्छित गति लिन सकेको छैन ( के.सी., १९९९:४०)।

## ५. द्विपक्षीय एवम् बहुपक्षीय विवाद

सदस्य राज्यहरू बिचको द्विपक्षीय विवाद यस क्षेत्रको अर्को ठूलो चुनौती हो। नेपाल र भुटान बिचको शरणार्थी समस्या, भारत र नेपाल बिचको दशगजा एवम् अन्य आर्थिक एवम् राजनीतिक समस्या, भारत र पाकिस्तान बिचको कास्मिर लगायत आतङ्कवादी समस्या, बंगलादेश बीच सीमा समास्या आदि कारणहरूले गर्दा एउटै मञ्चमा रहेर पनि राज्यहरू बिचको सम्बन्ध न्यानो छैन। यी समस्याको समाधान गर्न यो मञ्च वैधानिक रूपमा असमर्थ पनि छ। "द्विपक्षीय विवादका सवालहरू छलफलको विषय नहुने (सार्क वडा पत्रः धारा १०(२)) भन्ने वैधानिक प्रावधानले सम्बन्धित दुई मुलुक मात्र होइन सम्पूर्ण सार्क प्रक्रिया नै प्रभावित बन्न पुगेको छ।

## ६. असमान आर्थिक विकास

भौगोलिक सामीप्यता, सामाजिक विविधता, समान हावापानी, पेसा, रहन सहन आदिका वावजुद पनि यस क्षेत्रका मुलुकको आर्थिक अवस्था असमान छ। नेपाल, भुटान,

बंगलादेश, अफगानिस्तान जस्ता देशहरू अतिकमविकसित छन् भने भारत र पाकिस्तान अपेक्षित रूपले अगाडि छन्। त्यसमा पनि भारत यो क्षेत्रको सबै भन्दा ठूलो सामर्थ्य भएको मुलुक हो। तसर्थ ऊ आफूलाई 'Big Brother' को रूपमा प्रस्तुत गर्न चाहन्छ जुन अन्य सार्वभौम देशका लागि असहज बन्दछ (घोष, २०११:२३४)। दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका पाँच शब्दहरू मध्ये चार शब्दहरू निरन्तर रहे पनि सङ्गठनको जन्मदेखि नै 'सहयोग' शब्द कहिल्यै जीवन्त हुन सकेन। यसैले सार्कले अन्य क्षेत्रीय सङ्गठनले जस्तै सदस्य राष्ट्रहरूलाई नजिक ल्याउने गरी समात्न सकेको छैन ( पाण्डे, २०७२:२३६)।

## ७. प्राकृतिक प्रकोप

उपरोक्त चुनौतीहरूको अलावा यस क्षेत्रका देशहरू प्रकृतिबाट पनि त्यति नै पीडित छन्। बंगलादेश सधैं बाढीबाट पीडित भइरहन्छ। श्रीलङ्का सुनामी र समुन्द्री आँधीबाट त्रसित छ। यही हिसाबले पृथ्वीको तापक्रम बढ्ने हो भने आगामी ३५ वर्षमा माल्दिभ्स विश्वको भूगोलबाट विलय हुने वैज्ञानिकहरूको भविष्यवाणी छ। भारत, पाकिस्तान र अफगानिस्तान पटकपटक भूकम्पबाट प्रभावित हुँदै आएका छन्। नेपाल, भुटान र अफगानिस्तान भूपरिवेष्ठित छन् (बराल, २०१८ : ७३)। बाढी पहिरो, डुबान आदि यहाँका साझा चुनौतीका रूपमा रहेका छन्।

## ८. कागजी औपचारिकता

सार्कले आफ्नो ३० वर्से यात्रामा १८ वटा शिखर सम्मेलनहरू मार्फत ८०० भन्दा बढी प्रतिबद्धताहरू घोषणा गरी सकेको छ। तर अहिलेसम्म कुनै पनि महत्त्वपूर्ण निर्णयले आम रूपमा महसुस हुने गरी व्यावहारिक स्वरूप हासिल गर्न सकेका छैनन्। निर्णय कार्यान्वयनको फितलोपनले गर्दा नै होला यो सङ्गठन 'काम थोरै कुरा धेरै गर्ने सङ्गठन'को नामले आलोचित छ। हालसम्मका प्रायः सबै घोषणामा गरिबी हटाउने विषयलाई कुनै न कुनै रूपमा सम्बोधन गरिएको छ। तर यो समस्या अरु जटिल र पेचिलो बन्दै जानुले सार्कको कार्य क्षमतामा प्रश्न चिन्ह लागेको छ। सार्कको सचिवालय समेत रहेको काठमाडौंमा सम्पन्न अठारौं शिखर सम्मेलनमा छलफल भएको गरिबी निवारण, साफ्टाको कार्यान्वयन जस्ता दर्जनौं मुद्दाहरू सम्बन्धित निकायमा नपठाई

वेवारिसे बनाइएको र अर्को शिखर सम्मेलन हुने भएपछि पुराना फाइल खोज्ने र तयारी थाल्ने अनि डकुमेण्ट बनाउने जस्ता कार्यले सङ्गठनको निर्णयमा निकै समस्या छ ( कान्तिपुर राष्ट्रिय दैनिक, २९ कार्तिक २०७२:३) ।

उपरोक्त चुनौतीहरूको अलावा दक्षिण एसिया राजनीतिक भ्रष्टाचार, आर्थिक अनियमितता, अपराधीकरण, कुशासन, ऊर्जा सङ्कट, वातावरणीय ह्रास, मानव अधिकारको उल्लङ्घन, आणविक प्रतिस्पर्धा जस्ता समस्याबाट ग्रस्त छ । यस क्षेत्रमा खड्किएको गतिशील नेतृत्वको अभावले सार्करूपी आन्दोलन सारभूत रूपमा अगाडि बढ्न सकेको छैन । महाशक्ति राष्ट्रहरूको बढ्दो चासो र चलखेलले पनि थप समस्या सिर्जना गरी दिएको छ । सार्कले क्षेत्रीय सहयोगको धारणालाई मूर्तरूप दिन मात्र होइन, शिखर सम्मेलनको आयोजनामा समेत बेलाबखत समस्या भ्केल्नु परि रहेको छ । राज्यहरूमा यदाकदा भइ रहने राजनीतिक उथलपुथल र राज्यहरू बिचको अविश्वास अनि आशङ्काले स्वभाविक प्रक्रियामा ३१ वटा सम्मेलन भइ सक्नु पर्ने यस सङ्गठनका केबल १८ वटा सम्मेलन मात्र सम्पन्न हुनुले पनि यस तथ्यको पुष्टि मिल्दछ । ती अनेकौं चुनौतीका कारण सार्कले आशातीत सफलता हासिल गर्न सकेको छैन ।

# परिच्छेद चार
# आसीयान

## ४.१ पृष्ठभूमि

अशियान मूलत दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन हो। यो एक क्षेत्रीय सङ्गठन हो। दक्षिण पूर्वी एसिया प्रशान्त महासागर र हिन्द महासागर बीच अवस्थीत विभिन्न जलमार्गद्वारा कुनै न कुनै रूपमा जोडिन पुगेको छ। यस क्षेत्रमा कम्बोडिया, ब्रुनाई, फिलिपिन्स, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, थाइल्यान्ड सिङ्गापुर, भियतनाम छ भने पछिल्लो पटक इन्डोनिसियाबाट स्वतन्त्र भई पूर्वी टिमोर आसियानको एघारौ सदस्य राष्ट्र बन्न पुगेको छ (दहाल, २००२ : १)। एसियाको शक्ति सन्तुलनका लागि यो क्षेत्रको ठूलो महत्त्व छ। यस क्षेत्रले एसिया र अष्ट्रेलियालाई जोड्ने काम गर्दछ। त्यस्तै विभिन्न सुमुन्दी जलमार्ग मार्फत हिन्द महासागरलाई जोड्ने गर्दछ। दक्षिण पूर्वी एसियाको कुल क्षेत्रफल १८ मिलियन भन्दा बढी छ। जनसङ्ख्या लगभग ६५७ मिलियन भन्दा बढी छ। आर्थिक क्षेत्रमा यसको ठूलो महत्त्व छ। औद्योगिक विकासका लागि आवश्यक पर्ने प्राकृतिक र अन्य सम्पदा यस क्षेत्रमा अत्यधिक रूपमा विद्यमान छ। थाइल्यान्ड,म्यानमार र इण्डोचाइनाको क्षेत्रलाई एसियाको धानको कचौराको रूपमा चिनिन्छ भने मलेसिया एक्लैले प्राकृतिक रवरको ९०% उत्पादन गर्दछ (अधिकारी, २०७२ : १७१) आज अमेरिका बेलायत जापान, चीन, भारत जस्ता मुलुकको यस क्षेत्रमा बढी लगानी रहेको छ। २५ मिलियन जति यिनीमा जाती यस क्षेत्रमा भएकोले चीनको यस क्षेत्रमा विशेष हात रहेको पाउँछौ।

यस क्षेत्र बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक क्षेत्रको रूपमा रहेका छन्। लाओस, म्यानमार, कम्बोडिया, थाइल्यान्ड, भियतनामको प्रमुख धर्म बौद्ध हो भने इन्डोनिसिया र मलेसिया इस्लामी राष्ट्रहरू हुन्। त्यस्तै गरी फिलिपिन्स, सिङ्गापुर इसाई धर्मालम्बी राष्ट्र हुन्। यस क्षेत्रमा साम्यवादी र पुँजीवादी दुवैको प्रभाव रहेको छ।

यस क्षेत्रको इतिहास हेर्दा विभिन्न अवधिमा विभिन्न राष्ट्रहरूद्वारा उपनिवेश बनाएको पाइन्छ। त्यस्तै यस क्षेत्र बढी प्रभावित क्षेत्र हो। राष्ट्रियताका लागि यस क्षेत्रका

लाखौ लाख जनताले आफ्नो ज्यानको आहुती दिएका छन्। यस क्षेत्रमा अमेरिकी, बेलायत, फ्रान्सेली आदिको प्रभावको साथै साम्यवादी दर्शनको प्रमुख प्रभाव परेको छ। यस क्षेत्रका देशले लामो समय सम्म विदेशी प्रभावमा वस्नु पऱ्यो। थाइल्यान्ड, मलेसिया, सिङ्गापुर इण्डोनेसिया र फिलिपिन्स जस्ता, देशहरू मिली क्षेत्रीय सङ्गठनका रूपमा Association of South East Asian Nations (ASEAN) को स्थापना ८ अगस्ट १९६७ मा भएको थियो। यो सङ्गठन सार्क जस्तो सिमित राष्ट्रहरूको सङ्गठन नभई घोषणापत्रमा नै खुला अवधारणा अनुरूप हालसम्म एघार सदस्य राष्ट्र छन्। जसमा कम्बोडिया, बुनाइ, इन्डोनेसिया, लावोस, म्यानमार, मलेसिया, पूर्वी टिमोर, फिलिपिन्स, सिङ्गापुर, थाइल्यान्ड र भियतनाम रहेको छन्।

## ४.२ उद्देश्य

विश्व शक्ति राष्ट्रहरूको खेल मैदानको रूपमा रहेको दक्षिणपूर्वी एसियाको क्षेत्रहरूलाई तटस्थताको नीतिलाई क्षेत्रीय सुरक्षा र आफ्नो क्षेत्रको विकासमा सदस्य राष्ट्रहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक क्षेत्रमा आपसी सहयोग गरी दक्षिणपूर्वी एसियालाई शान्त, स्वतन्त्र र तटस्थ क्षेत्र कायम गर्ने उद्देश्यले ८ अगस्ट १९६७ मा बैङ्कक घोषणापत्रद्वारा आशियान सङ्गठनको स्थापना भएको पाउँछौं।

**बैंकक घोषणापत्रका अनुसार सङ्गठनका उद्देश्यहरू निम्न प्रकारका छन् :**

१. आर्थिक संवृद्धि, सामाजिक प्रगति र साँस्कृतिक विकास यस क्षेत्रमा द्रुतगतिले गर्ने यस क्षेमा एउटै धारणा समानता र partnership बलियो बनाई दक्षिण पूर्वी एसियाका देशहरूमा Peaceful Community को विकास गर्ने।

२. संयुक्त राष्ट्रसंघको घोषणापत्रलाई शिरोधार्य गर्दै न्याय र कानुनको शासनको, अवधारणा विकासका साथै Regional Peace and Stability कायम गर्ने।

३. सक्रिय सहयोग, पारस्परिक संलग्नतालाई बढुवा दिँदै समान हितका कार्यहरू Economic, Social, Cultural, Technical Scientific and Administrative Field को क्षेत्रमा सहाकारिता गर्ने।

४. यस क्षेत्रलाई तटस्थ क्षेत्रका रूपमा विकसित गराउन प्रयत्न गर्ने।

५. सामूहिक सुरक्षालाई सुदृढ गरी बलियो बनाउने।

६. अन्तराष्ट्रिय र क्षेत्रीय रूपमा अस्तित्वमा रहेका समान लक्ष्य र उद्देश्य भएका सङ्गठनबीच पारस्परिक सहयोगको विकास गर्ने।

## ४.३ आसियान सम्बद्ध देशहरूको परिचय

### आसियान सम्बद्ध देशहरूको विवरण

| क्र.सं. | देश | क्षेत्रफल वर्ग कि.मी. | जनसङ्ख्या | प्रति व्यक्ति आय (डलर) | साक्षरता प्रतिशत | | राजधानी | संयुक्त राष्ट्रसंघमा प्रवेश |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | | |
| १. | इन्डोनेसिया | १९,१९,४४० | २६७,६५८,९१९ | ३,५११ | ९६.३ | ९१.५ | जाकार्ता | १९५० |
| २. | फिलिपिन्स | ३००,००० | १०७,०११,५७० | ३,५८६ | ९५.८ | ९६.८ | मनिला | १९४५ |
| ३. | मलेसिया | ३३०,८०३ | ३२,१६९,४८५ | १३,१२३ | ९६.२ | ९३.२ | क्वालालम्पुर | १९५७ |
| ४. | थाइल्यान्ड | ५१३,१२० | ६९,२२९,६६२ | ५,६९७ | ९६.६ | ९६.७ | बैङ्कक | १९४६ |
| ५. | म्यानमार | ६७६,५७५ | ५४,००५,७०९ | १,४१९ | ९५.२ | ९१.२ | निपिदा | १९४५ |
| ६. | सिंगापुर | ७२१.५ | ५,८१७,७३७ | ५२,०४९ | ९८.६ | ९५ | सिंगापुर | १९६५ |
| ७. | ब्रुनाई | ५,७६५ | ४३५,७५६ | ३७,७५९ | ९७.५ | ९४.५ | वन्दर सेरी वेगवान | १९८४ |
| ८. | कम्बोडिया | १८१,०३५ | १६,३१९,११४ | १,१११ | ८४.५ | ७०.५ | पेनिम पेहेन | १९५५ |
| ९. | लाओस | २३६,८०० | ६,९९२,६७३ | १,७०९ | ८७.१ | ९२.८ | भियनटाइन | १९९२ |
| १०. | भियतनाम | ३३१,२१० | ९६,७९२,१८५ | २,३७० | ९३.३ | ९२.८ | होन्नाई | १९४५ |
| ११. | पूर्वी टिमोर | १५,४१० | १,१६७,२४२ | ३,२३९ | ५५ | ४६ | दिलि | २००६ |

Source : https://en.m-wikipedia.org2016

### ४.३.१ ब्रुनाई

दक्षिण पूर्वी एसियाको जलपरिवेष्ठित मुलुक ब्रुनाई एक सानो आकारको ठूलो आप भएको संसारको केही मुलुकहरू मध्ये पर्दछ । यो आसियानमा १९८४ मा सहभागी भएको छैटो मुलुक हो । सोहौ शताब्दीमा यो मुलुक दक्षिण पूर्वी एसियामा शक्तिशाली मानिन्थ्यो त्यस बेला यो मुलुक हालको जस्तो सानो थिएन । उत्तरी वनियो सम्म सिमित यस मुलुकले सोहौ शताब्दीमा मनिला र जामा समेत आफ्नो सार्वभौमिकताका अङ्ग बनाई सकेका थिए । पराक्रमको सत्रौ शताब्दीको प्रारम्भिक दिनमा खुम्चिन थाल्यो । किनभने त्यस भेगमा डच र पोर्तुगाँली शक्ति फैलिन थालिसकेको थियो । डचहरूको शक्ति यो हृदयसम्म बढ्यो कि दक्षिण वर्नियो मात्र कब्जा गरेन प्रतिद्वन्द्वी पोर्तुगाली र विट्रिसहरूलाई इस्ट इन्डिया क्षेत्रमा पस्न समम दिएनन् । उन्नाइसौ शताब्दी सम्म पुग्दा ब्रुनाईको सार्वभौमिकता मात्र उत्तरी वर्नियासम्म सिमित हुन पुग्यो । जुन हालको ब्रुनाई हो ।

आजको ब्रुनाई आकारमा सानो, भए पनि प्राकृतिक ग्यास र पेट्रोलियम पदार्थको अपार भण्डार रहेकोले संसारको प्रति व्यक्ति आय उच्च रहेको मूलुक संयुक्त अरब इमिराट्स, सिङ्गापुर, जापान, कुवेतपछि प्रति ब्यक्ति आय उच्च रहेको झलक बुनाई हो । कृषि उत्पादन पनि  उक्तिकै सुदृढ अवस्थामा छ ।

### ४.३.२ कम्बोडिया

प्राचीन समयमा कम्बोडियालाई कम्बुजको नामले प्रख्यात थियो । इन्डो चाइना क्षेत्र भित्र पदथ्यो । इन्डो चाइना क्षेत्रमा कमवोडिया लगायत लाबोस र भियतनामा पर्दथ्यो । यो बढी उब्जाउ भूमि मानिन्छ । फ्रान्सका मानिसहरू सबै भन्दा पहिले धर्म प्रचारको नाममा आएका थिए । ७५ वर्षसम्म फ्रान्सको प्रभुत्वकालमा कुनै समय पनि स्वतन्त्रताको लागि विद्रोह गरेन । द्धितिय विश्वयुद्धको दौरानमा जापानले इण्डोचाइना आर्थिक सहयोग गरी राम्रा कार्य गर्न थालेपछि कम्बोडियाली जनताको आखा खुले । मार्च १९४५ मा फ्रान्सको शासनबाट मुक्त भई जापानको संरक्षणमा कम्बोडिया स्वतन्त्र भयो । दोस्रो विश्वयुद्धमा जापानको हारपछि जापानले कम्बोडिया छाडेपछि फ्रान्सका शासक फेरी कम्बोडिया गए । तर त्यहाका जनताले स्वतन्त्रताको आन्दोलन गरी कम्बोडियालाई पूर्ण रूपमा स्वतन्त्र बनाए (अधिकारी, २०७० : २०९) । १९५३ देखि १७ मार्च १९७० सम्म राजकुमार नरोद्धम सिंहानुकको शासन रह्यो । सिंहानुक कम्बोडियामा लोक प्रिय नेता भए

। सुरुमा सिंहानुक राष्ट्र प्रमुख र सरकार प्रमुख भई शासन गरेका थिए । तर अगष्ट १९६९ मा जनरल लोनलोन प्रधानमन्त्री र राजकुमार विशुक्त उपप्रधानमन्त्री वनेपछि कम्बोडियाको राजनीतिमा एक महत्त्वपूर्ण परिवर्तन सुरुआत भयो। यी दुई शासकबीच शासन र शक्ति आफ्नो हालमा केन्द्रीत गर्न प्रारम्भ भयो। सिंहानुको अभाव शक्ति आफ्नो केन्द्रित गर्न प्रारम्भ भयो। सिंहानुकको झुकाव चीन प्रति थियो भने अन्य प्रधानमन्त्री र उपप्रधानमन्त्रीको झुकाब अमेरिकासँग थियो। १९७० जनवरीमा सिंहानुक औषधि उपचारको लागि विदेश गएको समय षडयन्त्रकारीहरूले अनुकुल अवसर प्राप्त गरी सिंहानुकको सत्ता पल्टाए । सिंहानुक भागेर पेकिङ पुगे। उनले कम्बोडियाको निर्वासित सरकार चीनमा नै स्थापना गरे। चीन सैनिक सहायताबाट पोलपोट नै हर्ताकर्ता रहे। पोलपोटले ठूलो अत्याचार गरी लाखौको ज्यान लिए र लाखौ लाखौ निर्वासनमा जीवन बिताउनु पर्‍यो ।

संुयुक्त राष्ट्रसङ्घले जनवरी १४७९ मा सुरक्षा परिषदले एक प्रस्ताव पारित गरी कम्पोडियावा विदेशी सेना हटाउन माग गर्‍यो तर तत्कालिन सोभियत सङ्घले भिटो प्रयोग गरी निस्कृय पारिदियो ।

२२ अक्टुवर १९८० मा एक प्रस्ताव पारित गरी समस्याको समाधानको लागि कम्बोडियामा संयुक्त राष्ट्रसङ्घको रेखदेखमा चुनाव गरी युद्धको स्थितिलाई समाप्त गर्ने, सबै विदेशी सेनालाई हटाउने उद्देश्यले अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरी समस्याको समाधान गर्न जुलाइ १९८१ मा न्युयोर्कको संयुक्त राष्ट्रसङ्घको महासचिवले एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरे तर सममेलनमा सोभियत सङ्घ, भारत र भियतनामले भाग लिएनन्। समस्यामा कुनै सफलता भएन, यस कम्बोडिया समस्या समाधान गर्न आसियानले पनि कम्बोडियाको समस्या समाधानमा पेरिसमा एक अन्तर्राष्ट्रिय सम्मेलन बोलाउने फैसला गर्‍यो। जुन सम्मेलनमा गृह युद्ध संलग्न पक्षले पनि भाग लिए ।

२३ अक्टोवर १९९१ मा पेरिसमा भएको अन्तर्राष्ट्रिय सम्मेलनले कम्बोडियामा सङ्घर्षर सबै पक्षलाई पूर्ण सहमतिद्वारा शान्ति सम्झौतालाई अनुमोदन गर्‍यो ।

१९९१ को पेरिस सम्झौतापछि संयुक्त राष्ट्रसङ्घको पहलमा गराएको चुनाव पछाडी १९९३मा दुई प्रधानमन्त्रीको गठबन्धन सरकार बन्यो। जसमा खरिद प्रथम तथा हुनर्सेन द्धितिय प्रधानमन्त्री बने। जुलाई १९९७ मा सरकारको सत्ता पल्टाइयो र द्धितिय

प्रधानमन्त्री आफ्नो पक्ष अधिकारमा थिए। अतः कम्बोडिया शान्ति योजना वर्तमान विश्वको सबैभन्दा महंगो योजना बन्यो ।

### ४.३.३ इण्डोनेसिया

इन्डोनेसिया आसियानको एक संस्थापक राष्ट्र हो । यो धेरै दीप समूह भएको राज्य हो। यस राज्यका प्रमुख दीपहरू सुमात्रा, जाभा जस्ता टापुहरू छन्। इन्डोनेसिया १३,५०८ टापुहरूको देश हो (अधिकारी, २०७२ : २००) । अवस्थामा भएको हुँदा प्राकृतिक, आर्थिक, सांस्कृतिक भिन्नता छ। यस कारण राजनीतिक एकतामा वाधा परेको पाउँछौ । यसमा दुई तिहाई जनसंखया केवुल जाभा आइल्यान्डमा वस्दछन्। जो कुल क्षेत्रफलको १०% मात्र पर्दछ। इण्डोनेसियाको मुख्य उत्पादन रबर, टिन, सिनकाली सुर्ती, पेट्रोलियम पदार्थ मसला उत्पादन आदि हुन्। इन्डोनेसियामा सुरुमा डच जातिको अधिपत्य अन्तरगत १६०२ देखि १९४१ सम्म डचले शासन व्यवस्था शासन चलायो। दोस्रो विश्वयुद्धमा जापानको शान्ति क्षिण भएकाले संयुक्त राष्ट्रको प्रयत्न र विश्व जनमतको दवावले इन्डोनिसिया स्वाधिन भयो । २६ मे १९४५ मा । १९५० मा नयाँ संविधान लागु गरियो ।

सन् १०६७ मा इण्डानेसिया, मलेसिया, सिङ्गापुर, थाइल्यान्ड र फिलिपिन्स मिलि आसियानको स्थापना गरे। जसको उद्देश्य दक्षिण पूर्वी समयमा शाक्ति स्थापना गर्नुका साथै साझा बजार तयार गर्नु हो ।

### ४.३.४ लाओस

लाओस दक्षिण पूर्वी एसियाको सानो देश हो। यस देशको नेपाल जस्तै भू-परिवेष्ठित राष्ट्र हो । लाओसको राजनीति वुझ्नका लागि त्यहाँको शाही परिवारको तीन सौतने भाइको परिचय जान्न आवश्यक छ। यसमा सुबन्नफुमा जो तटस्थवादी थिए। दोस्रो राजकुमार सुफन्ना वाग साम्यवादी थिए। जसले प्याथर लाव नाम गरेको गुरिल्ला सङ्गठन बनाएका थिए। भने तेस्रो दक्षिणपन्थी सिद्धान्त अनुकरण गर्ने फुमी नौसवान थिए। द्धितिय विश्वयुद्धपछि ११मे १९४७ मा संवैधानिक राजतन्त्र स्थापना भएको थियो । १९ जुलाई १९४९ मा फ्रान्सेली सङ्घ अर्न्तगत लाओसलाई स्वतन्त्र राज्यको रूपमा मान्यता दिइयो । जसमा राजकुमार सुफन्ता वागले त्यो स्वतन्त्रता मान्न तयार भएनन् र pather lao नामक सङ्गठन मार्फत आन्दोल सुरु गरे । सन् १९५३-१९५४ बीचमा pather

lao नामक सङ्गठनले अनेक ठाउँमा आक्रमण गऱ्यो । जेनेभाव सम्मेलन 1954 मा लाओसलाई एक तटस्थ राज्य वनाइएको थियो । २५ डिसेम्वर १९५५ को राष्ट्रिय सभाको चुनाव भयो, जसको परिणाम स्वरूप एक तटस्थवादी प्रधानमन्त्री वने । उता प्याथर लावले गुरिल्ला युद्ध गर्न लाओसको उत्तरी प्राप्तलाई आफ्नो कब्जामा लिए । अन्ततः १९५६ अक्टुवर मा सुबन्न फुमा र सुफन्न वोग बीच एक सम्झौता भयो । दुइ पक्ष का दुई सदस्य सुबन्न फुमाको मन्त्रीमण्डलमा सामेल भए (फाडीया, सन् २००१:५८४)

जेनेभा सम्झौतामा अमेरिकाको संग्लनता थिएन तर अमेरिकाको तर अमिरेकी नीतिबाट १९५९ देखि लाओसमा गृह युद्धको स्थिति पैदा गऱ्यो । समस्या समाधान गर्न लाओसको सरकारले संयुक्त राष्ट्रसङ्घमा अपिल गऱ्यो । ९ अगस्ट १९६० मा क्याप्टेन कागलीको नेतृत्वमा एक सैनिक विद्रोह भयो । जसले लाओस को राजधानीमा अधिकार जमायो । तत् पश्चात् सोफुनन फुमाको नेतृत्वमा तटस्थ सरकारको स्थापना भयो । जुन सरकारलाइ कम्युनिष्ट देशहरूले मान्यता दिए । डिसेम्वर १९६० मा सेनापति फुमि नौसवानले अमेरिकाको सहयोग लिई राजधानी vientiance मा अधिकार जमायो । क्याम्पेट कांगली भागेर उत्तर तिर लागे र pather lao को गुरिल्ला समूहले भियतनाम र सोभियत सङ्घको सहायता प्राप्त गरी आक्रमण सुरु गरे । भीषण गृह युद्ध सुरु भयो, जसमा एक पक्षको सोभियत सङ्घ र अर्को पक्षलाई अमेरिकाको सहयोग थियो । १९६१ को आरम्भमा कम्युनिष्ट नेताहरूले उत्तर पूर्वका तीन प्रान्तमा अधिकार जमाए । यसरी युद्ध चलिरहयो दक्षिण भियतनाम र अमेरिकी आक्रमण (१९७५) मा इन्डो चाइनाको क्षेत्रमा ठूलो परिवर्तन आयो । कम्बोडिया र भियतनाममा गृह युद्धको अन्त्य भयो । जसमा कम्यूनिष्ट शक्तिको विजय भयो ।

### ४.३.५ मलेसिया

दक्षिण पूर्वी एसियामा अवस्थित आसियानको संस्थापक राष्ट्र मध्ये मलेसिया एक राष्ट्र हो । खर र टीन उत्पादनमा विशेष स्थान राख्ने मलेसिया व्रिटिश साम्राज्यले लिए पछि आर्थिक क्षेत्रमा अत्याधिक महत्त्वपूर्ण बन्यो । फेब्रुअरी १९४८ मा मलाया र विढेनबीच लामो वार्ता पश्चात् यहाको सरकार व्रिटिश संरक्षणमा मलाया सङ्घ बनाउने स्वीकृत प्राप्त भयो । जसमा सबै प्रान्त सम्मिलित थिए । सिङ्गापुर आउने उपनिवेशको रूपमा राखियो । ३१ अगस्ट १९५६ मा मलाया पूर्ण स्वतन्त्र भयो । १९४८ मा मलाया सङ्घर्ष

प्रारम्भ भयो । कारण चिनियाँ जातीलाई मताधिकार प्राप्त थिएन । फलस्वरूप चीनको अनेक भागमा उपद्र प्रारम्भ भयो । तर ब्रिटिश सेनाको मद्धतले त्यो शक्ति दवाइयो । मे १९६१ मा मलायबाट मलेसिया सङ्घ बनाउने प्रस्ताव आयो । जसमा मलाया, सिङ्गापुर, उत्तरी बर्नियो, सारावाक सम्मिलित गर्ने व्यवस्था राखिएको थियो । सिङ्गापुरले यसको तुरुन्त स्वीकृती दियो । १६ सेप्टेम्वर १९६३ मा मलेसिया सङ्घ अस्तित्वमा आयो । नवनिर्मित मलेसियाले इन्डोनेसियाको प्रवल विरोध सामना गर्नु पर्‍यो । किनकी इन्डोनेसिया छिमेकी राष्ट्र शक्तिशाली भएमा आफ्नो सुरक्षामा आच आउन सक्छ भन्ने थियो । अगस्ट १९६५ मा सिङ्गापुर मलेसिया सङ्घबाट अलग भयो ।

### ४.३.६ म्यानमार

म्यानमार दक्षिण पूर्वी एसिया र दक्षिण एसियाको बीचमा पर्ने एक देश हो । म्यानमार एक कृषि प्रधान देश हो । चामल नियमित नै विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत हो । एसियामा यही एक मात्र एउटा यस्तो राज्य हो जो आफ्नो नागरिकको सम्पूर्ण आवश्यकता स्वयं पूरा गर्ने क्षमता राख्दछ । द्धितिय विश्वयुद्धको समयमा १९४२ मा जापानले यस क्षेत्रलाई आफ्नो अधिकारमा लिएको थियो । ४ जनवरी १९४८ मा म्यानमार स्वतन्त्र भएपछि अनेक समस्याले जेलिदै आयो । यस क्षेत्रमा साम्यवादीले शसस्त्र विद्रोह गरे । सन् १९४५ मा चीनले आफ्नो सैनिक फौज म्यानमारको उत्तर पूर्वी सीमा नजिक प्रवेश गरायो र कोहिन क्षेत्रमा अधिकार कायम गर्‍यो । सन् १९६० मा म्यानमार एवम् चीनको बीच सीमा सम्झौता भयो । जसमा म्यानमारले २९९ माइल क्षेत्र चीनलाई दिनु पर्‍यो ।

यसै गरी म्यानमारको प्रजातान्त्रिक अभ्यासका दिनहरू कहाली लाग्दो छ । २६ मे १९९० मा बहुदलिय प्रणाली अनुरूप निर्वाचन भएको थियो तर आङ साङ सुकीलाई सैनिकद्वारा गरिएको निर्वाचनमा वञ्चित गरियो तर उहाको नेशनल लिग फर डेमोक्रेसी पार्टीले ४४५ स्थान मध्ये ३९२ स्थानमा विजय हासिल गरेको थियो । तर सैनिक शासकहरूले निर्वाचन अस्वीकार गरी सत्ता हस्तान्तरण गरेनन् । म्यानमारको सैनिक शासकहरूले सन् १९८८ को प्रजातान्त्रिक आन्दोलन दवाएर सत्ता प्राप्त गरेका थिए ( अधिकारी, २०७० : २१०) ।

### ४.३.७ फिलिपिन्स

यो एउटा आसियानको संस्थापक राष्ट्र हो। फिलिपिन्स को सर्वप्रथम खोज सन् १५२१ मा भएको हो। सन् १९६५ मा स्पेनले यस क्षेत्रलाई अधिकारमा लियो। स्पेन र अमेरिकाको युद्ध पश्चात् १८९८ मा अमेरिकाले यस क्षेत्रलाई अधिकारमा लिई सिमित स्वतन्त्रता प्रदान गऱ्यो। फिलिपिन्स राजनीतिक दृष्टिमा अमेरिकी अधिकृत क्षेत्र मानिन्छ। यस क्षेत्रलाई अमेरिकाले प्रर्याप्त सुविधा प्रदान गरिराखेको छ। फिलिपिन्स पूर्ण स्वतन्त्रता ४ जुलाई १९४६ मा भएको हो। अन्तर्राष्ट्रिय जगतमा यसको रवैया स्पष्ट रूपमा पश्चिम समर्थक मानिन्छ। १४ मार्च १९४६ मा फिलिपिन्सले अमेरिकासँग एक ९९ वर्षीय पारस्पारिक सहायता सन्धी गऱ्यो जस अन्तरगत फिलिपिन्सको भूमिमा अमेरिकाले सैनिक अड्डाको स्थापना गऱ्यो। सन् १९४५ मा फिलिपिन्सले सिटो सदस्यता ग्रहण गरेको छ। थाइल्यान्डपछि फिलिपिन्स अमेरिकी समर्थक देश हो।

### ४.३.८ सिङ्गापुर

द्वितीय विश्वयुद्ध अगाडि सिंगापुर विट्रिसको उपनिवेश थियो। द्वितीय विश्वयुद्धको समयमा जापानले यस दीपमा आफ्नो प्रभुत्व स्थापीत गरेको थियो (अधिकारी, २०७० : २१३)। जव द्वितीय विश्वयुद्धमा जापानले हार खानु पऱ्यो तव जापान माथिको शक्ति पनि गुम्यो। त्यसपछि व्रिटेनको पहिलेको अवस्थामा Singapore Island लाई शासन गर्न सकेन। १९४५ मा व्रिटिश सरकारले सि.गापुरका लागि नयाँ संविधान वनायो। जसमा गभर्नरलाई अत्याधिक अधिकार दिएको थियो। त्यहाँका जनता सिङ्गापुरलाई एक पटक स्वतन्त्र राज्यको रूपमा परिवर्तन भएको हेर्न चाहन्थे। तसर्थ जनचाहना बमोजिम सिङ्गापुर स्वतन्त्र राज्य बनी व्रिटिश राष्ट्रमण्डलको एक स्वतन्त्र राज्यको रूपमा रह्यो। सन् १९६३ मा जव मलेसिया सङ्घ राज्यको निर्माण भयो, त्यसमा सिङ्गापुर पनि सम्मिलित भयो। अगस्ट १९५६ मा यसबाट पनि पृथक बन्यो। विश्वयुद्धको समयमा सिङ्गापुरमा व्रिटिश सेनाको ठूलो फौज थियो तर वर्तमान अवस्थामा व्रिटिश सेना फर्किसकेको छ। अमेरिकी योजनामा सिङ्गापुरले विशेष स्थान राख्दछ। जसमा हिन्द महासागरमा गस्ती चलाउदा अमेरिकी सैनिक विमानले सिङ्गापुरलाई अड्डाको रूपमा प्रयोग गर्दछ।

### ४.३.९ थाइल्यान्ड

एसियाको दक्षिण पूर्वी भागमा, अवस्थित थाइल्यान्ड आसियानको संस्थापक सदस्य राष्ट्र हो । थाइल्यान्ड ११ औ शताब्दीमा दक्षिण चीनबाट सरेका थाईहरूबाट थाइल्यान्ड बनेको हो ।दक्षिण पूर्वी एसियामा थाइल्यान्ड एक स्वतन्त्र शब्द हो । त्यहाँ कहिल्लै विदेशी शक्ति राष्ट्रको उपनिवेश बनाउन पाएनन् । सन् १८५१ देखि १९१० सम्म त्यहाका राजा मोङ्गकुटको शक्तिशाली शासन रहेको कारण यो देश यूरोपेली देशहरूले उपनिवेश बनाउन सकेन । सन् १९४९ सम्म थाइल्यान्डलाई स्याम नामले चिनिन्थ्यो । थाइल्यान्डले बेलायत र फ्रान्ससँग व्यापारिक सम्बन्ध वढाएर आधुनिक बनाउन खोज्दा सन् १९३२ मा थाइल्यान्डमा रक्तपात पूर्ण क्रान्ति भएको थियो । सन् १९७६ मा थाइल्यान्डमा पुन सैनिक विद्रोह भई सैनिकहरूले शासन हत्याए । सन् १९८८ मा बहुदलीय निर्वाचन पश्चात् त्यहाँको सुव्यवस्थित सरकारको गठन गऱ्यो (राना, २०५८:३६) ।

### ४.३.१० भियतनाम

भियतनाम दक्षिण पूर्वीय खाडीमा इन्डोचाइना तटीय क्षेत्रमा अवस्थित छ । यो एउटा आसियनको सदस्य राष्ट्रमध्ये एक हो । द्वितीय विश्वयुद्ध पूर्व हिन्द चीनका पाँच भाग थिए chochin Chin, Annam, Tongking Laos र Combodia यी क्षेत्रमा फ्रान्सको अधिराज्य थियो । सन् १९४० पश्चात् भियतनाम जापानको अधिकारमा रहयो । जापानको भियतनाममा कब्जा भएको समयमा कम्युनिष्ट गतिविधि बढी भएको पाइन्छ । सन् १९४५ मा Annam chochin chin र Tonking मिलाई भियतनाम गणराज्य स्थापना गरिएको हो । १९४५ अगस्टमा भियतमिन्ट समूहलाई जापानले सत्ता सुम्पिएको थियो । वाओ दाईले फ्रान्ससँग सन्धी मार्फत भियतनामलाई स्वतन्त्र घोषणा गरेका थिए । वाओ दाइको सरकारलाई अमेरिका र व्रिटेनले समर्थन दिएका थिए भने भियतमिन्हको राज्यलाई चीनले मान्यता दिएको थियो ।

भियतमिन्ह छापामार फ्रान्सेली सेनाबीच निरन्तर युद्ध चल्यो । भियतमिन्ह सेनाहरूले फ्रान्सेली दिपेन विर्यन फु माथि अधिकार जमायो । यो युद्धमा फ्रान्सको हार भयो । यस युद्धमा अमेरिकाको चासो बढ्न थाल्यो । हिन्दचीन समस्या समाधान गर्न १९४५ जुलाई मा जनवामा १९ राष्ट्रको एक सम्मेलन बोलायो । जेनेभा सम्मेलनले भियतनामलाई दुई भागमा विभाजन गऱ्यो । उत्तर भियतनाम र दक्षिण भियतनाम उत्तरमा

कम्युनिष्टहरूको प्रभाव रहयो भने दक्षिणमा पश्चिमी समर्थकहरूको प्रभाव रहयो । उत्तर भियतनाममा कम्युनिष्ट शक्ति खतम गर्न अमेरिकाले डोमिनो सिद्धान्त प्रतिपादन गऱ्यो । उत्तरी भियतनाममा अमेरिकाद्वारा भिषण आक्रमण गऱ्यो । अन्त्यमा २६ जनवरी १९७३ मा पेरिस सम्झौता भई युद्धको अन्त्य भयो (फाडिया, सन् २००१:५९२) । उत्तरी भियतनाम सैनिकले दक्षिण भियतनाममा स्थायी शान्ति सम्झौता उल्लंघन गरी पुन आक्रमण गरी दक्षिण भियतनाम आफ्नो कब्जामा लियो । यस युद्धमा अमेरिकाको हार भएको थियो । २६ अप्रिल १९७६ मा उत्तर भियतनाम र दक्षिण भियतनामबीच एकिकरणका लागि चुनाव भयो र २४ जुन १९७६ मा संयुक्त भियतनाम राष्ट्र निर्माण भई राष्ट्रपति न्यूमेन थी वने । संयुक्त भियतनाममा चीनको समेत १९६९ मा आक्रमण गरेको देखिन्छ। यस युद्धमा चीनको पक्षमा अमेरिका उभिएको थियो भने भियतनामको पक्षमा सोभियत सङ्घ उभिएको थियो। भियतनाममा चीनले आक्रमण गर्नुको कारण पार्सल र स्पार्ट दीपको कारणले हो ।

### ४.३.११ पूर्वी टिमोर

पूर्वी टिमोर दक्षिण पूर्वी एसियामा पर्ने एउटा नयाँ राष्ट्र हो। यसलाई २१ औ शताब्दिको पहिलो स्वतन्त्र राष्ट्र  भन्दा पनि फरक पर्दैन। इन्डोनेसीयाबाट संयुक्त राष्ट्र सङ्घको पहलमा १९ भई २००२ मा स्वतन्त्र हुन पुगेको हो। पूर्वी टिमोर संयुक्त राष्ट्रसङ्घको स्वतन्त्र सङ्घको सुचीमा १९२ औ मुलुक बन्न पुगेको छ । १४ हजार वर्ग कि.मी मा फैलिएको पूर्वी टिमोरको राजधानी डिली हो। पूर्वी टिमोर विश्वकै सबैभन्दा गरिब मुलकमा पर्दछ। तेल र ग्यासको उद्योगको संभावना रहेको यस क्षेत्रको विकासको लागि अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले सहयोगको घोषणा गरेका छन्। पूर्वी टिमोरमा सन १६०० देखी १६१८ सम्म टिमोरको पश्चिमी मात्रमा डचहरूले कब्जा जमाए। सन १६२० देखी पूर्व टिमोरमा भने पुनः पोर्चुगलकै साम्राज्य चल्यो। दोस्रो विश्वयुद्धयता जापानले कब्जा गऱ्यो। सन १९४९ मा इन्डोनेसिया स्वतन्त्र भएपछि पश्चिम टिमोर इण्डोनेसियामा गासियो भने पूर्वी टिमोर चाहि सन १९७५ सम्म पोर्चुगलको समुन्द्र पारिको प्रान्तको रूपमा रह्यो। इन्डोनेसियाको स्वतन्त्रतापछि पूर्वी टिमोरमा पोर्चुगाली साम्राज्यको व्यापक विरोध हुन थाल्यो। त्यहाँ वामपन्थीहरूले स्वतन्त्रताको लागि सङ्घर्ष गरे भने इण्डोनेसियाली समर्थकहरूले यसलाई पनि इण्डोनेसीमा नै गाभ्ने कुरा उठाए। वामपन्थी

क्रान्तिकारी मोर्चा र टोमोरी प्रजातान्त्रीक सङ्गठनको अथक सङ्घर्ष र आन्दोलनपछि सन १९७५ को नोभेम्मर २८ का दिन जन गणतन्त्र पूर्वी टिमोरको घोषणा भयो । तर यसको लगस्तै इण्डोनेसीयाली सेना त्यहा प्रवेश गऱ्यो । सन १९७६ जुलाई १७ का दिन जवरजस्ती यसलाई आफ्नो २६ औ प्रान्तका रूपमा घोषणा गऱ्यो । उनीहरूले संघयसरी नगरेको भए न पोर्चुगली साम्राज्य अन्त्य हुन्थ्यो न जापानले त्यहाबाट आफ्नो कब्जा छोट्याइएथ्यो । अमेरिका र पश्चीमी राष्ट्रको समर्थनमा इन्डोनेसीयाली शासनले पूर्वी टिमोर माथि आक्रमण गरेका थिए ।

यसरी संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा विशेष स्थायित्वको प्रस्तावमा जनमत सङ्ग्रहको घोषणा गर्न जनमत सङ्ग्रहमा मत खसाल्न गएमा पुरै गाडलाई दण्डदिने चेतावनी जनतालाई इण्डोनेसीया पक्षधर मलेसीयाले दिए पनि ३० अगस्ट १९९९ को पूर्वी टिमोर जनताहरू मतदान केन्द्रमा आइदिए । करिव ९९% मत खसेकोमा स्वाधिनताको पक्षमा ७८.८ प्रतिशत मत परेको थियो ।

## ४.४ आसियानका शिखर सम्मेलनहरू

| क.सं | शिखर सम्मेलन | वर्ष | सहर | आयोजक देश |
|---|---|---|---|---|
| १. | पहिलो शिखर सम्मेलन | २३-२४ फेब्रुअरी १९७६ | बाली | इन्डेनोसिया |
| २. | दोस्रो शिखर सम्मेलन | ४-५ अगस्ट १९७७ | मनिला | फिलिपिन्स |
| ३. | तेस्रो शिखर सम्मेलन | १४-१५ डिसेम्बर १९८७ | मनिला | फिलिपिन्स |
| ४. | चौथो शिखर सम्मेलन | २७-२९ जून १९९२ | सिंगापुर | सिंगापुर |
| ५. | पाँचौ शिखर सम्मेलन | १४-१५ डिसेम्बर १९९५ | क्वालालम्पुर | मलेसिया |
| ६. | छैटौं शिखर सम्मेलन | ५-६ डिसेम्बर १९९८ | हनोई | भियतनाम |
| ७. | सातौं शिखर सम्मेलन | ५-६ नोभेम्बर २००१ | बन्दरसेरी | ब्रुनाई |
| ८. | आठौं शिखर सम्मेलन | ४-५ नोभेम्बर २००२ | नोन्पेन्ह | कम्बोडिया |
| ९. | नवौं शिखर सम्मेलन | ७-८ अक्टोबर २००३ | बाली | इन्डेनोसिया |
| १०. | दसौं शिखर सम्मेलन | २९-३० नोभेम्बर २००४ | भियन्टियन | लाओस |
| ११. | एघारौं शिखर सम्मेलन | १-२ डिसेम्बर २००५ | क्वालालम्पुर | मलेसिया |
| १२. | बाहौं शिखर सम्मेलन | १४-१५ जनवरी २००६ | मेट्रोसेबु | फिलिपिन्स |
| १३. | तेहौं शिखर सम्मेलन | १९-२० नोभेम्बर २००७ | सिंगापुर | सिंगापुर |

| क.सं | शिखर सम्मेलन | वर्ष | सहर | आयोजक देश |
|---|---|---|---|---|
| १४. | चौधौं शिखर सम्मेलन | ७-८ डिसेम्बर २००८ | हुवाहिन | थाइल्याण्ड |
| १५. | पन्धौं शिखर सम्मेलन | २५-२६ अक्टोबर २०१० | हुवाहिन | थाइल्याण्ड |
| १६. | सोहौं शिखर सम्मेलन | ८-९ अप्रिल २०१० | हनोई | भियतनाम |
| १७. | सत्रौं शिखर सम्मेलन | २८-३० अक्टोबर २०१० | हनोई | भियतनाम |
| १८. | अठारौं शिखर सम्मेलन | ७-८ मे २०११ | जाकर्ता | इन्डोनेसिया |
| १९. | उन्नाइसौं शिखर सम्मेलन | १४ नोभेम्बर २०११ | बाली | इन्डेनोसिया |
| २०. | बीसौं शिखर सम्मेलन | ३-४ अप्रिल २०१२ | पेन्हा | कम्पोडिया |
| २१. | एक्काइसौं शिखर सम्मेलन | १७-२० नोभेम्बर २०१२ | पोनोम पेनह | कम्पोडिया |
| २२. | बाइसौं शिखर सम्मेलन | २४-२५ अप्रिल २०१३ | वन्दर सेरी वेगावान | ब्रुनाइ |
| २३. | तेइसौं शिखर सम्मेलन | ९-१० अक्टोबर २०१३ | वन्दर सेरी वेगावान | ब्रुनाइ |
| २४. | चौबिसौं शिखर सम्मेलन | १०-११ मे २०१४ | नेपीतव | म्यानमार |
| २५. | पच्चिसौं शिखर सम्मेलन | १०-१२ नोभेम्बर २०१४ | नेपीतव | म्यानमार |
| २६. | छब्बिसौं शिखर सम्मेलन | २६-२७ अप्रिल २०१५ | क्वालालम्पुर | मलेसिया |
| २७. | सत्ताइसौं शिखर सम्मेलन | १८-२२ नोभेम्बर २०१५ | क्वालालम्पुर | मलेसिया |
| २८. | अट्ठाइसौं शिखर सम्मेलन | ६-८ सेप्टेम्बर २०१६ | भियन्टियन | लाओस |
| २९. | उनन्तीसौं शिखर सम्मेलन | ६-८ सेप्टेम्बर २०१६ | भियन्टियन | लाओस |
| ३०. | तीसौं शिखर सम्मेलन | २८-२९ अप्रिल २०१७ | पासे | फिलिपिन्स |
| ३१. | एकतिसौं शिखर सम्मेलन | १०-१४ नोभेम्बर २०१७ | पासे | फिलिपिन्स |
| ३२. | बत्तिसौं शिखर सम्मेलन | २५-२८ अप्रिल २०१८ | सिंगापुर | सिंगापुर |
| ३३. | तेत्तिसौं शिखर सम्मेलन | ११-१५ नोभेम्बर २०१८ | सिंगापुर प्रस्तावित | सिंगापुर |

http://en.mwikipedia.org

## ४.५ आसियानका उपलब्धिहरू

दक्षिण पूर्वी एसिया अन्तर्राष्ट्रिय राजनीतिमा द्धितिय विश्वयुद्ध अगाडि र पछाडी एउटा तनाव क्षेत्र र विश्वका महाशक्ति राष्ट्रहरको खेल मैदान बनेको अध्ययनबाट स्पष्ट हुन्छ। यो क्षेत्र दोस्रो विश्वयुद्ध अगाडि फ्रान्सको उपनिवेश थियो भने अन्य क्षेत्र वर्मा

मलायामा ब्रिटेनको उपनिवेश थियो । त्यस्तै इन्डोनेसिया टापुमा हलैण्ड र डचासको राम्रो प्रभाव थियो भने दोस्रो विश्वयुद्धको दौरानमा जापनले यस क्षेत्रमा प्रभाव पारेको थियो । दोस्रो विश्वयुद्धपछि जापान कमजोर भएपछि यस क्षेत्रमा स्वतन्त्रताको लहर ब्रिटेनको न्यून उपस्थिति र अमेरिका, सोभियत सङ्घ र चीनको प्रभाव बढेको देखिन्छ । यस क्षेत्रमा दोस्रो विश्वयुद्ध पछाडि उत्तरी भियतनाम लाओस र कम्बोडियामा साम्यवादी प्रभाव खतम पार्न मूलत अमेरिकी शक्तिको राम्रो उपस्थिति देखिन्छ । प्राकृतिक सम्पदाले धनी यस क्षेत्रमा शक्ति राष्ट्रहरूले प्रभाव जमाउन लालयित भएको देखिन्छ । यही उतार चढावको समयमा स्वतन्त्र राष्ट्र थाइल्यान्ड मेलसिया, इन्डोनेसिया सिङ्गापुर र फिलिपिन्स मिलेर ८ अगस्ट १९६७ मा बैङ्कक घोषणापत्र मार्फत दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन ( आसियान) निर्माण गरेका थिए । उक्त सङ्गठनले क्षेत्रीय सुरक्षा र विकासको अवधारणा लिइ जन्म भएको थियो । जसको उद्देश्य दक्षिण पूर्वी एसिया क्षेत्रमा शान्ति, स्वतन्त्रता र तटस्थ क्षेत्र बनाउने, आर्थिक प्रगति र स्थिरता कायम गर्ने, सदस्य राष्ट्रहरूबीच आर्थिक, सांस्कृतिक, प्राविधिक क्षेत्रमा सहयोग बढाउने क्षेत्रीय सहयोगको परस्पर आदान प्रदान गर्न, सास्कृतिक प्राविधिक क्षेत्रमा सहयोग बढाउने, क्षेत्रीय सहयोगको पर्सार आदान प्रदान गर्ने, सामूहिक क्षेत्रीय सुरक्षा सुदृढ तुल्याउने रहेको छ । यी मध्य उद्देश्य लिई जन्म भएको सङ्गठन आठ सन् २०१८ सम्म आइपुगदा व्यापक उपलब्धि हासिल गर्न सफल भएको छ ।

### ४.५.१ आसियान एकताको घोषणा

यो आसियान एकताको घोषणाले क्षेत्रीय स्थायित्व र राजनीतिक सहयोग, आर्थिक सहयोग, सामाजिक सहयोग जस्ता कार्यक्रम अगाडि बढाउनु हो । यो घोषणा पत्रले राजनीतिक स्थायित्वका लागि निम्त उद्देश्य र सिद्धान्त निर्माण गरेको छ ।

- प्रत्येक सदस्यले स्थायित्व आसियान क्षेत्रमा कायम गर्ने, अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा योगदान दिने आसियान क्षेत्रमा स्थायित्व र शान्तिका विरुद्ध हुने कार्यको निराकरणका लागि एक जुट भई समाधान गर्ने ।
- शान्ति, स्वतन्त्रता र तटस्थता आसियान क्षेत्रमा स्थापना गर्न प्रत्येक सदस्य राष्ट्रले व्यक्तिगत र सामूहिक रूपमा कार्य गर्ने ।

- यस क्षेत्रमा सदस्य राष्ट्रहरूले गरिबी, रोग, भोक र अशिक्षालाई पहिलो प्राथमिकता दिई निराकरणका लागि कदम चाल्ने, सामूहिक, आर्थिक सामाजिक विकासका लागि सहयोग अभिवृद्धि गर्ने र सामाजिक न्यायको अभिवृद्धि गरी जीवनस्तर उच्च बनाउन अगाडि बढ्ने ।
- प्राकृतिक विपत्तिसँग एकताको भावना विकास गरी क्षमतावान र शक्ति सम्पन्न क्षेत्रको निर्माण गर्ने ।
- राष्ट्रिय र क्षेत्रीय विकास कार्यक्रम उपयोगी बनाउन सदस्य राष्ट्रहरूबीच सहयोग र उत्तरदायी भावनाको अभिवृद्धि गर्ने ।
- सदस्य राष्ट्रहरूबीच आसियानलाई शान्तिपूर्ण वातावरण कायम गरी विकास गर्न पहल गर्ने ।
- पारस्परिक उत्तरदायी र पारस्परिक फाइदाका लागि व्यक्तिगत र सामूहिक सहयोगको भावना विकास गर्ने ।
- आन्तरिक मामिलामा स्वविवेक निर्णय, सार्वभौम समानता र अ-हस्तक्षेपको सिद्धान्तलाई मूर्त रूप दिई सामूहिक फाइदालाई बढावा दिने ।

निम्न कार्यक्रमको खाका आसियानको सहयोगको क्षेत्रमा :

(अ) राजनीतिक सहयोग

- आवश्यकता अनुसार सरकार प्रमुखहरूको बैठक गर्ने,
- मित्रता र सहयोग सन्धिमा हस्ताक्षर गर्ने,
- आन्तरिक विवाद शान्तिपूर्ण तरिकाबाट समाधान गर्ने,
- शान्ति, स्वतन्त्रता र तटस्थताको नीतिलाई विश्व मान्यता दिलाउन सहमति कायम गर्ने,
- न्यायिक सहयोग अन्तर्गत आसियान क्षेत्रमा सुपुदर्गी सन्धिको विकास गर्ने,
- राजनीतिक स्थायित्व, सहयोग सामूहिक कार्यका लागि जोड दिने ।

(आ) आर्थिक सहयोग

- Co-operation on basic commodities particulary food and energy
- Industrial co-opeation
- Co-operation in Trade

- Joint approach to international commodity problems and other world economic problems.
- Machinery for economica co-operation

(इ) सामाजिक सहयोग

- सामाजिक विकास अन्तर्गत कमजोर आयस्रोत भएको समुह र दुर्गमा जनताको पक्षमा काम गर्ने र रोजगारीमूलक विकासमा सहयोगात्मक भावनाको विकास गर्ने,
- लागू औषध र अवैध कारोबार विरुद्ध सामूहिक कदम चाल्ने,
- महिला विकास सम्बन्धी कार्य गर्ने,
- जनसङ्ख्या वृद्धि समस्या न्यूनीकरण गर्ने र अन्तर्राष्ट्रिय संस्थासँग मिलेर कार्य गर्ने ।

(ई) संस्कृति र सूचना क्षेत्रमा

- आसियान सदस्य राष्ट्रहरूले विद्यालय र संस्थाहरूमा राष्ट्रिय भाषामा आसियानको परिचय दिलाउने पाठ्यक्रम निर्माण गर्ने,
- लेख रचनाकार, कलाकार, सञ्चारमाध्यमलाई सक्रिय बनाई आसियानको विकासको जानकारी गराई क्षेत्रीय पहिचान कायम गर्ने,
- दक्षिणपूर्वी एशियामा अध्ययन अध्यापन गराउने राष्ट्रिय संस्थालाई बढावा दिने वा प्रोत्साहन दिने ।

### ४.५.२ मित्रता र सहयोग सम्बन्धी दक्षिणपूर्वी एशियाली सहयोग सन्धि

यस सन्धिले ऐतिहासिक, भौगोलिक, सांस्कृतिक रूपमा एकता कायम गर्ने, असल छिमेकीपनको विकास गर्ने, बढीभन्दा बढी प्रभावकारी बहुउद्देश्यीय क्षेत्रमा सहयोग बढाउने, कृषि र उद्योगमा बढी उपयोगिता लिन व्यापार र आर्थिक पूर्वाधार विकास गर्ने, पारस्परिक फाइदा लिन र जनताको जीवनस्तर उकास्न अरन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठन बिच पनि सहयोग बढाउने, नजिकको सम्बन्ध र सहयोग बढाउन, तालिम र अनुसन्धानको सुविधा पुर्‍याउन सामाजिक, सांस्कृतिक, प्राविधिक, वैज्ञानिक, प्रशासनिक क्षेत्रमा विकास गर्ने, बाह्य हस्तक्षेप हुनबाट रोकी आन्तरिक विश्वास र राष्ट्रिय पहिचान बढाउने, विवाद समाधान गर्न क्षेत्रीय प्रक्रिया अपनाउने, प्रतिनिधिमूलक मन्त्रीस्तरीय भेला

राखी शान्तिमा पहल गर्ने, समस्या समाधान गर्न, समन्वयन, वार्ता र मध्यस्थता जाँचबुझ जस्तो प्रक्रिया अपनाई विवादास्पद पार्टीबीच सहमति गराउने विषयमा इन्डोनेसिया, मलेसिया, फिलिपिन्स, सिंगापुर र थाइल्यान्डका राष्ट्रप्रमुख/सरकार प्रमुखबाट हस्ताक्षर भएको हो ।

आसियानको दोस्रो शिखर सम्मेलन क्वालालम्पुरमा 4-5 August 1977 मा भयो । यस सम्मेलनमा आसियान नेताहरूले अष्ट्रेलिया, जापान र न्यूजिल्यान्ड सरकारसँग विभिन्न विषयमा सामूहिक छलफल गरेका थिए । जसअन्तर्गत आसियान सङ्गठनबीच जापान, अष्ट्रेलिया र न्यूजिल्यान्ड सरकारसँग आर्थिक, सामाजिक, व्यापार जस्ता क्षेत्रमा सहयोग बढाउने विषयमा छलफल भएको थियो ।

आसियानको तेस्रो शिखर सम्मेलन 14-15 December 1987 मा मनिलामा भएको थियो । उक्त सम्मेलनमा आसियानले राजनीति, आर्थिक, सामाजिक र मानव विकासको क्षेत्रमा द्रुत गतिमा सहयोग बढाउने निर्णय गऱ्यो । कम्बोडियामा भएको शक्ति राष्ट्रबाट भएको हस्तक्षेपको विषयमा शान्तिपूर्ण रूपमा विवाद समधान गर्न आसियानले उल्लेखनीय योगदान दिएको थियो । संयुक्त राष्ट्रसंघलाई आवश्यक सल्लाह दिई पेरिस शान्ति सम्झौता गराउन सहयोग गऱ्यो । कम्बोडियामा भएको चुनावमा फ्रान्स र इन्डोनेसियामा भएको United Nations को निरीक्षण टोली गठन गरी चुनावको पर्यवेक्षण गरेको थियो ।

आसियानको चौथो शिखर सम्मेलन 27-29 January 1992 मा सिंगापुरमा भएको थियो । यस सम्मेलनले महत्वपूर्ण उपलब्धि हासिल गऱ्यो । यस सम्मेलनले आर्थिक विकासको क्षेत्रमा आसियान खुल्ला व्यापार क्षेत्र (ASEAN Free Trade Area-AFTA) निर्माण गरी भन्सार महशुल हटाई सामूहिक योजना निर्माण गर्न सफल भएको छ । सन् १९९२ मा सिंगापुरमा भएको शिखर सम्मेलनमा निर्णय भए अनुसार यस क्षेत्रलाई आगामी १५ वर्षभित्र एक मुक्त तथा स्वतन्त्र व्यापार क्षेत्र बनाइने नीति लिएअनुरूप कार्य भइरहेको छ । सिंगापुर वैठकमा सदस्य राष्ट्रहरूले एक आपसमा उच्च स्तरीय आर्थिक र व्यापार सहयोग वृद्धि गर्ने सहमति भएको थियो । आसियानका राष्ट्रहरूले व्यापारिक कारोबार अत्यधिक रूपमा पश्चिमी राष्ट्रहरूसित बढाउँदै आएको छ । यस सिंगापुर सम्मेलनले आसियानमा आर्थिक सहयोग बढाउन उल्लेखनीय प्रगति गरेको मान्नुपर्दछ ।

दक्षिण पूर्वीय एसियाका देशहरूको सङ्गठन आसियानको लक्ष्यमा आर्थिक सहयोग महत्त्वपूर्ण हो । आसियानको १९६७ को घोषणापत्रमा आर्थिक सहयोग विकास गर्ने प्रमुख

उद्देश्य मुताविक यो ASEAN Free Trade Area (AFTA) अवधारणा निर्माण भएको हो । यो खुल्ला व्यापार क्षेत्रले आसियान क्षेत्रका Half Billion जनतालाई बजार नजिक ल्याई सहयोग र फाइदा हुने भयो । कच्चा पदार्थको उपयुक्त मूल्य तोक्ने, उत्पादनलाई सक्षम र प्रतिस्पर्धात्मक बनाउन प्रत्येक देश बिच समझदारी बढाउने । आसियानका सदस्यहरूलाई प्रशान्त क्षेत्रमा समावेश गरी बजार मूल्यमा आधारित समाजको निर्माण गरी सेवा प्रदान गर्ने AFTA को ध्येय हो । AFTA ले कुनै पनि सदस्य राष्ट्रलाई कुनै बाधा बिना, व्यापार गर्न पाउने, अन्तर्राष्ट्रिय लगानीको विकास, बहुउद्देश्यीय संस्था मार्फत कार्य गरी व्यापारलाई बढावा दिनु हो ।

आशियनले खुल्ला व्यापार क्षेत्रमा राम्रो प्रगति गरेको छ। यो अवधारणा आसियानका ६ वटा राष्ट्र, इन्डोनेसिया, सिंगापुर, ब्रुनाइ, थाइल्यान्ड, मलेसिया र फिलिपिन्स सहभागी बनी निर्माण भएको हो। २००८ सम्ममा भन्सार महसुल दर क मगर्ने, भन्सार महसुल दर ०.५ प्रतिशत क मगर्ने निर्णय गरिएको छ। हाल एफ्टामा भियतनाम, लाओस्, म्यानमार र कम्बोडिया समेत सामेल छन्। यो अवधारणालाई अमेरिका र पश्चिमी राष्ट्रहरूले समेत सहमत दिएको अध्ययनबाट देखिन्छ। एफ्टा अवधारणालाई विकास गर्न एसियाली विकास बैंक समेत संलग्न छ। AFTA को विकास अर्थतन्त्र, यातायात र सञ्चार क्षेत्रमा सहयोग वृद्धि गरी उदारीकरण गर्ने हो। निम्न सहयोगका क्षेत्रमा सम्झौता भएको छ ।

क) भन्सार रहित शुल्क : यो भन्सार रहित महसुल अवधारणा आर्थिक विकासको सूचक हो । दक्षिण पूर्वी एसियाका राष्ट्रबीच २००३ सम्ममा भन्सार रहित महसुल व्यापार गर्ने निर्णय गरेको छ ।

ख) सेवाहरू : प्रत्येक सदस्य राष्ट्रलाई व्यापारका अवरोध हटाइ सेवा प्रदान गर्ने, उदारीकरणको विकास, एकता र पारस्परिक मान्यता, बहुउद्देश्यीय क्षेत्रको विकास गर्नु हो। एउटा देशमा लिएको प्रमाण पत्रको आधारमा सबै देशमा सेवा गर्ने अधिकार हुने व्यवस्था छ ।

ग) विदेशी लगानी : आसियान खुल्ला व्यापार क्षेत्रको उद्देश्य प्राप्त हुने भएमा विदेशी लगानीलाई प्रत्यक्ष बढवा दिने । लगानी आकर्षण र प्रतिस्पर्धात्मक हुनुपर्दछ ।

घ) बौद्धिक सम्पत्ति : यो बौद्धिक सम्पत्ति अन्तर्गत अधिकारको संरक्षणलाई बढवा दिने, ट्रेडमार्कको संरक्षणको अधिकार, प्रतिलपि, औद्योगिक चिन्ह, भौगोलिक सूचक चिन्हको संरक्षण गर्न आसियान सदस्य राष्ट्रबीच सहमति भएको छ ।

ङ) व्यापार : व्यापारका तीन क्षेत्रमा सहमति भएको छ। जसमा भन्सार महसुल नामावली, व्यापार मूल्य निर्धारण पद्धति, व्यापार कार्यविधि पर्दछन् ।

च) पर्यटन् : पर्यटन सम्बन्धी अनौपचारिक आसियान मन्त्री स्तरीय वैठक १९९६, १९९७, १९९८ मा बस्यो, उक्त वैठकले निम्न निर्णय गऱ्यो ।

- आसियान क्षेत्रलाई पर्यटन गन्तव्य क्षेत्र बजारको रूपमा चिनाउने
- पर्यटन जनशक्ति विकास गर्न
- अन्तर्राष्ट्रिय र बाह्य पक्षलाई आसियान यात्रामा सुधिवा प्रदान गर्नु
- वतावरणीय दिगो पर्यटनको विकास गर्नु

अतः आसियानले आर्थिक सहयोग अन्तर्गत मुख्य उपलब्धिहरूमा व्यापार क्षेत्र, औद्योगिक विकास, सेवाहरू, पूर्वाधारको निर्माणमा सहयोग, इकर्सको क्षेत्र र खाद्यान्न, कृषि र वनजङ्गलमा सामूहिक एकता गरी महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

### ४.५.३ वार्ता प्रणालीद्वारा सहयोग

आसियानले राजनीति र सुरक्षाको क्षेत्रमा सहयोगात्मक सम्बन्ध अगाडि बढाएको छ । आसियानको दोस्रो सम्मेलनदेखि नै आर्थिक सहयोगका क्षेत्रमा बाह्य देशसँग सम्बन्ध विकास गऱ्यो । यसै क्रममा आसियानका सरकार प्रमुखहरूले अस्ट्रेलिया, जापान र न्युजिल्यान्डका प्रधानमन्त्रीसँग छलफल प्रारम्भ गरे । Ministerial Conference ले वार्ता छलफल गर्ने क्रममा Australia, Canada, the European Union, Japan, Newzealand and United State बीच गऱ्यो । यो कार्य प्रत्येक वर्ष गरी विभिन्न योजनाहरू विषयमा छलफल गर्दछ । साथै यो वार्ता उत्तर दक्षिण र दक्षिण दक्षिण सहयोगमा महत्त्वपूर्ण साबित भएको छ । यस आसियान वार्ता प्रणालीमा China 1996, India 1996, The Republic of Koreaq 1991 र Russia 1996 मा सामेल छन् । यसरी आसियान सहयोगलाई अभिवृद्धि गर्न ASEAN 10 र ASEAN 10 Dialogue Partners मा अस्ट्रेलिया, क्यानडा, चीन, युरोपियन, युनियन, भारत, जापान, गणतन्त्र कोरिया, न्युजिल्यान्ड, एसिया र अमेरिका छन् । अन्य

तीन राष्ट्रमा पपुवा न्युगिनी, मंगोलिया र प्रजातान्त्रिक जनगणतन्त्र कोरिया 27 July 2000 मा यस आसियान क्षेत्रीय सङ्गठनमा सहयोग क्षेत्रमा सामेल छन् ।

### ४.५.४ आसियान क्षेत्रीय मन्च

सन् १९९२ मा सिंगापुरमा भएको चौथो शिखर सम्मेलनले शीतयुद्ध समाप्ति पश्चात् विश्व वातवारणमा परिवर्तन आएको अवसरमा आफ्नो क्षेत्रमा आर्थिक सहयोग, क्षेत्रीय शान्ति, सुरक्षा र स्थायित्व कायम राख्न, बहुपक्षीय संस्थासँग सम्बन्ध विकास गर्न यस ASEAN Regional Forum को गठन गरेको हो । यस सम्मेलनको घोषणा पत्रमा भनिएको छ "ASEAN Shall move towards higher plane of political and economic cooperation to secure reginal peace and security" भन्ने उल्लेख छ । यसरी यो सङ्गठनले नयाँ वातावरण स्थापना भएको मौकामा यस क्षेत्रको द्वन्द्व हटाई विश्वासको वातावरण निर्माण गर्न र द्वन्द्व समाप्त गर्नका लागि चालिएको कदम हो । यस Forum मा ASEAN राष्ट्र बाहेक वार्ता सहयोगीमा दश उच्च देश छन् । जापान, चीन, युरोपेली युनियन, न्युजिल्यान्ड, दक्षिण कोरिया, अमेरिका, अस्ट्रेलिया, क्यानडा, भारत र रसिया छन् भने अन्य तीन देशमा पपुवा, न्युगिनी, मंगोलिया र उत्तर कोरिया छन् । यसरी यस सहयोगी वार्ता टोली देशहरूले आसियानमा पारस्परिक सम्बन्ध र स्थायित्व वृद्धि गर्दै आसियानको उद्देश्य पुरा गर्न मद्दत गर्दछन् ।

### ४.५.५ आसियान क्षेत्रीय मञ्चको उद्देश्य

सिंगापुर घोषणा पत्रमा भनिएको छ कि आसियानको उद्देश्य पुरा गर्न क्षेत्रीय पारस्परिक सम्बन्ध र स्थायित्व निर्माण गर्न सहयोग पुऱ्याउँदछ । यस मञ्चको निम्न दुई उद्देश्य देखिन्छ :

- राजनीति र सुरक्षा सम्बन्धी विवादमा सामूहिक हित र सम्बन्धलाई आधार मानी वार्तालाई परिणाममुखी बनाउने
- एसिया प्रशानत क्षेत्रमा कुटनीतिक संरक्षण गर्न विश्वासको वातवारणको निर्माण गर्ने विषयमा योगदान दिने ।

यसरी यस मञ्च मार्फत एसिया प्रशान्त क्षेत्रमा शान्ति स्थायित्व र सहयोग बढाउन महत्त्वपूर्ण योगदान दिने देखिन्छ। यस मञ्चले July 1994 आसियान क्षेत्रमा विकासात्मक पद्धतिको विकास गर्‍यो ।

आजको विश्वव्यापीकरणमा यस मञ्चले राजनीति सुरक्षा र सहयोगमा अभिवृद्धि गरी शान्ति र स्थायित्वमा थप बल प्रदान गर्दछ । South China Sea दक्षिण पूर्वी एसियाको भौगोलिक विवादको रूपमा रहेको थियो। यस समस्या समाधान गर्न चीनसँग सौहार्दतापूर्ण तरिकाबाट विवाद समाधान गरी सहयोग बढाउन मञ्चले निर्णय गर्‍यो । पूर्वी टिमोर समस्या समााधन गर्न मञ्च मार्फत महत्त्वपूर्ण भूमिका रह्यो। आसियानले अन्तर्राष्ट्रिय समाजलाई इस्मिोरमा शान्ति स्थायित्व कायम गर्न सहयोग गर्‍यो । तदअनुरूप २० मे २००२ देखि स्वतन्त्र राज्य पूर्वी टिमोरमा घोषित भई विश्वमा १९१ राष्ट्रको दर्जा पाइ सनाना गुजमाओ त्यहाँका राष्ट्रपति भएका थिए ।

आसियान मञ्चमा जुलाइ २००० मा प्रजातान्त्रिक जनगणतन्त्र कोरियालाई सामेल गराउने कार्यमा यस मञ्चले महत्तवपूर्ण कार्य गर्‍यो । जसले सुरक्षात्मक वातवारण एसिया प्रशान्त क्षेत्रमा कायम गर्न एक उपलब्धिपूर्ण उपाय हो। आशियनले उत्तर र दक्षिण कोरियाका नेताहरूबीच १३-१५ जुन २००२ मा प्योङ्याङ्ग शिखर वार्ता गराउने व्यवस्था मिलाई मिलनको पक्षमा पुर्‍यायो। यसले गर्दा यो कार्य १९४५ पछिको उच्च स्तरको भेटघाट पनि हो ।

आज विश्वव्यापीकरण भएको छ, जसमा यो क्षेत्र पनि अछुतो छैन, क्षेत्रीय सुरषामा विश्व्यापीकरणले ठूलो प्रभाव पार्ने देखिन्छ। विश्व्यापीकरणको प्रभाव, आर्थिएक अन्तरनिर्भरता, बहुपक्षीय सुरक्षाको भावनाको अवस्था छ। तसर्थ आसियान Regional Forum ले यस्तो समस्याको बाबजुद सामूहिक सुरक्षाको भावना विकास गर्नुपर्ने देखिन्छ। यस मञ्चले दक्षिण पूर्वी एसियाका देशहरूबीच वार्ता र सहयोगको भावना राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा गर्नुपर्ने र आर्थिक सामाजिक र राजनीतिक विश्वव्यापीकरणले पार्ने प्भावसँग जुध्न आर्थिक, सामाजिक विकासमा सहयोगात्मक भावनाको परिसिथति जुटाउन पर्ने देखिन्छ ।

आसियानको पाँचौं शिखर सम्मेलनमा वैठक बै.ककमा भएको थियो। उक्त सम्मेलनले "Treaty on the south east asian nuclear weapon free zone" मा हस्ताक्षर गर्न सफल भयो, यो सन्धि Zone of peace, freedom and neutrality" को मर्मसँग सम्बन्धित छ

, यस सन्धिले दक्षिण पूर्वी एसियामा आणविक हतियार रहित क्षेत्र बनाउनमा उल्लेखनीय प्रगति मान्नु पर्दछ । यसले अन्तर्राष्ट्रिय शान्ति, स्थायित्व र सुरक्षामा थप बल प्रदानत गर्दछ र यस क्षेत्रमा वातावरणीय असर हुनबाट पनि मुक्त राख्दछ साथै आसियानले पाँच मुख्य आणविक शक्ति सम्पन्न राष्ट्र सङ्घ छलफल गरी यस क्षेत्रलाई शान्ति कायम राख्न आह्वान गरेको छ । आसियानले SEANWFZ Commission बनाई South East Asian Neclear Weapon Free Zone को कार्यान्वयन सम्बन्धमा जोड दिएको । साथै यस सम्मेलनले मानव र सामाजिक विकासमा सहयोगात्मक भावना अभिवृद्धि गर्ने निर्णय गऱ्यो ।

आसियानको छैटौं शिखर सम्मेलनमा हनोइमा भएको थियो । यस सम्मेलनले कम्बोडियालाई पनि आसियानमा सामेल गराउने निर्णय गऱ्यो । आर्थिक सहयोग क्षेत्रमा भएको प्रगतिको लेखाजोखा गर्दै थप सहयोग सम्बन्धी निर्णय गऱ्यो ।

आसियानको सातौं शिखर सम्मेलनमा बन्दरशेरी वेगावानमा भएको थियो । यो आसियानको २१ औं शताब्दीको पहिलो वैठक मान्नुपर्दछ । यस सम्मेलनले एच.आइ.भी. एड्स सम्बन्धमा विश्लेषण गर्दै रोकथाम गर्न विभिन्न उपाय सम्बन्धी सहयोगात्मक अवधारणा घोषणा पत्रमा उल्लेख छ । त्यस्तै पर्यटन विकास सम्बन्धी संयुक्त कार्य प्रणाली विकास गर्ने घोषणा गऱ्यो । २१ औं शताब्दीमा आसियान र चीन बीच नजिक सम्बन्ध सहयोग विकास गर्ने निर्णय गरेको छ ।

दक्षिण पूर्व एसियाका १० वटा देशहरू संलगन रहेको आसियान क्षेत्रीय सङ्गठनको आठौं शिखर सम्मेलन कम्बोडियाको राजधानी नोम्हपेनमा सन् २००२ को नोभेम्बर ४-५ मा सम्पन्न भएको छ । यस सम्मेलनमा सिंगापुरमा प्रधानमन्त्री गोहचोङ टोक, थाई प्रधानमन्त्री थाकसिङ सिनावात्रा, भियतनामका प्रधानमन्त्री फाम भानखाई, ब्रुनाईका सुल्तान हाजी हस्सनल बोल्कियारह, कम्बोडियाली प्रधानमन्त्री हुनसेन, इन्डोनेसियाका राष्ट्रपति मेघावती सुकार्णोपुत्री, लाओस्का प्रधानमन्त्री बोनहाङ भोराचिय, मलेसियाका प्रधानमन्त्री महाविर महम्मद, म्यानमारका वरिष्ठ जनरल थानस्वे र फिलिपिन्सकी राष्ट्रपति ग्लोरिया माकापागलआरोयो सहभागी हुनुहुन्थ्यो । नोभेम्बरको ४ र ५ गरी दुई दिनसम्म सम्पन्न भएको यस सम्मेलनमा दक्षिण पूर्वी एसियामा बढ्दो आतङ्कवादी गतिविधिका सामना एकजुट भएर गर्ने सहमति भएको छ । यसैगरी शिखर सम्मेलनमा चीनसँग खुल्ला व्यापारिक क्षेत्रको सिर्जना गर्ने र चीनसँगको सीमामा अपराध

नियन्त्रण गर्ने विष्यामा आसियान र चीनबीच सम्झौतामा हस्ताक्षर भएको छ । आसियान नेताहरूले आतङ्कवाद विरुद्ध विश्वका देशहरूसँग मिलेर काम गर्न सहमति जनाए पनि पश्चिममा देशका सकरारहरूले दक्षिण पूर्वी एसियाका देशमा आतङ्कवादको कारण आफ्ना देशका नागरिकहरूलाई पर्यटनका लागि नजान गरेको आह्वानप्रति भने विरोध जनाएका छन् । उनीहरूले सो क्षेत्रमा व्यापारिक विश्वास स्थापित गर्न आह्वान गरेका छन् । यस शिखर वैठकलाई चीन, जापान, दक्षिण कोरिया, भारत र दक्षिण अफ्रिकाका नेताहरूले पनि सम्बोधन गर्नुका साथै शीर्षस्थ नेताहरूसँग वार्तालाप गरेका थिए । भारतका प्रधानमन्त्री अटल विहारी बाजपेयी पहिलो पटक आसियान शिखर वैठकमा सहभागी हुनु भएको थियो । यस शिखर वैठकमा जापानका प्रधानमन्त्री जुनीचिरो कोइजुमी, चिनिया प्रधानमन्त्री झुरोङजी दक्षिण कोरियाका प्रधानमन्त्री किम सुक सु ले पनि भाग लिनु भएको थियो । यस सम्मेलनले निम्न विषयमा घोषणा गरेको छ ।

- आसियान र जापानबीच संयुक्त आर्थिक सहभागिता विषयक घोषणापत्र
- आसियान नेताहरू र चीनबीच सुरक्षा क्षेत्रमा संयुक्त घोषणापत्र
- दक्षिण चीन समुद्र (South China Sea) का पक्षहरूबीच हुने आचार संहिताको घोषणा
- पर्यटन सम्बन्धी घोषणा पत्र

### ४.५.६ अन्य उपलब्धिहरू

आसियानले कम्बोडिया विवाद समाधान गर्न, कूटनीतिक रूपमा उच्च स्तरीय वार्ता, आसियानले संयुक्त राष्ट्र सङ्घको साधारण सभामा कुरा उठायो भने अर्कातिर कम्बोडिया विवाद विषयमा चार वटा अनौपचारिक वैठक बसी विभिन्न शान्तिका प्रयास प्रस्तुत गऱ्यो । यसरी कम्बोडिया विवादमा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षेत्रको स्पष्ट तस्विर प्रस्तुत गऱ्यो । कम्बोडिया समस्या विषयमा पेरिस सम्मेलनमा इन्डोनेसियाले सभापतित्व गऱ्यो । २३ अक्टोबर १९९१ को पेरिस सम्मेलनमा कम्बोडिया समस्या समाधानलाई महत्त्वपूर्ण उपलब्धि हो । यसले चुनाव गराउने वातावरण बनायो र ३० अप्रिल १९९९ देखि कम्बोडिया आसियान सदस्य राष्ट्र बन्न पुगेको छ ।

ब्रुनाइको राजधानी बन्दरसेरी बेगावानमा भएको सन् २००२ को जुलाई ३१ मा सम्पन्न भएको सुरक्षा तथा आतङ्कवाद नियन्त्रण सबन्धी क्षेत्रीय सम्मेलनले यस क्षेत्रमा आतङ्कवाद अन्त्य गर्न अझ बढी सहयोग आदान प्रदान गर्न सहमत भएका छन् । यस सम्मेलनमा दक्षिण पूर्वी एसियाली राष्ट्रहरू (आसियान) र अमेरिका, अस्ट्रेलिया, क्यानडा, चीन, युरोपेली युनियन, भारत, जापान, मंगोलिया, न्युजिल्यान्ड, दक्षिण कोरिया, उत्तर कोरिया, पपुआन्युगिरी र रुसको सहभागिता रहेको थियो । यस सम्मेलनले आतङ्कवाद विरुद्ध लड्न आसियान राष्ट्र वचन बद्ध भए ।

आसियान सदस्य राष्ट्रले आर्थिक सहयोग, पूर्वाधार विकास, औद्योगिक संरचना र विकास, वैधानिक र प्राविधिक अनुसन्धान, शिक्षा, स्वास्थ्य, परिवार नियोजन विषयमा जापानसँग सहयोग विकास गरेका छन् ।

दक्षिण पूर्वी एसियामा भएको आर्थिक सङ्कटमा आर्थिक सहयोग मानवीय स्रोतको विकास, दक्षिण एसिया सहयोग बढाउन, जनसङ्ख्या वृद्धि रोक्न कानुन सुधार र आर्थिक नीति बनाउन, खुल्ला आर्थिक क्षेत्र (Free Conomic Zone) विकास गर्ने, आसियानका देशमा निर्माण भएका स्थायी NGOs लाई सहयोग पुऱ्याउन, ग्रामीण विकास गर्न जापानले सहयोग पुऱ्याएको छ ।

यसैगरी आशियानको ३३ औं शिखर सम्मेलनसम्म आइपुग्दा चीन आशियान दश प्लस एक र आशियान चीन, जापान र दक्षिण कोरिया दश प्लस तीन गरी साझेदारी कार्यक्रम अगाडि सारेको छ । त्यसैगरी चीनसँग अर्थतन्त्रलाई बलियो बनाउन आर्थिक सामाजिक सम्बन्ध अगाडि बढाउने तय गरेको छ ।

## ४.६ आसियानका चुनौतीहरू

आसियान दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन हो । दक्षिण पूर्व एसिया अन्तर्राष्ट्रिय राजनीतिमा एक महत्त्वपूर्ण स्थल मानिन्छ । यो दास्रो विश्वयुद्ध अगाडि तनावग्रस्त थियो । दोस्रो विश्वयुद्ध पश्चात् १०९० को दशकसम्म पनि यो क्षेत्र विवाद र झगडामा फसेको क्षेत्र हो । हाल आसियानका एघार सदस्य राष्ट्रहरू छन् । ती एघार राष्ट्र मध्ये मलायामा ब्रिटिस उपनिवेश थियो । फिलिपिन्स यस क्षेत्रको अर्को राष्ट्र हो । जुन

अमेरिकी अधिकृत क्षेत्र हो। थाइल्यान्ड यस क्षेत्रको स्वतन्त्र राष्ट्र हो। तर यस राष्ट्रमा २० प्रतिशत चिनियाद्वारा अर्थतन्त्रमा नियन्त्रण छ। इन्डोनेसिया २६ मे १९४९ मा स्वतन्त्र भएको थियो। त्यस्तै सिङ्गापुर राष्ट्र मलायाको क्षेत्र हो। यस क्षेत्रमा बेलायतको प्रभाव थियो। अतः यो पाँच स्वतन्त्र राष्ट्रहरूद्वारा ८ अगस्ट १९६७ मा बैङ्कक घोषणापत्रद्वारा निर्माण भएको क्षेत्रीय सङ्गठन आसियान हो। विदेशी शक्तिको प्रभावबाट बच्न दक्षिण पूर्वी एसियालाई शान्ति, स्वतन्त्र र तटस्थ आर्थिक सामाजिक, सांस्कृतिक विकास गर्ने लक्ष्य लिएको सङ्गठन हो (अधिकारी, २०७० : १६८)।

यस क्षेत्रका अन्य राष्ट्र द्वन्द्व, विवाद र विश्वका शक्ति राष्ट्रहरूको खेल मैदान थियो। भौगोलिक विवाद र जातिगत द्वन्द्व, भियतनाम युद्ध र चाइना सांस्कृतिक क्रान्तिको प्रभाव यस क्षेत्रमा परेको थियो। यस्ता अनेक तनाव र द्वन्द्वको वावजुत स्थापना भएको सङ्गठनले आज ५१ वर्ष पार गरी सक्दा उल्लेखनीय प्रगति हासिल गरेको छ। जसमा शान्ति सुरक्षाका क्षेत्रमा आर्थिक सहयोगको क्षेत्रमा युरोपियन युनियनको मोडेल भित्राएको छ (रोडोलिक, २०० : ७७) तर पनि यस सङ्गठनको अगाडि विभिन्न चुनौतीहरू स्पष्ट रूपमा देख्न सक्छौ।

- यो क्षेत्र चीनको सिमानासँग जोडिएको हुँदा यस क्षेत्रमा प्रजातन्त्रको विकासमा वाधक बनेको छ। पहिले यस क्षेत्रमा पश्चिमी शक्तिको हात थियो। पश्चिमी देशहरूको प्रभाव रहुन्जेल प्रजातान्त्रिक संस्थाको विकास हुन दिएको देखिदैन केबल आफ्नो स्वार्थपुर्ति गर्न र शोषण गर्न तल्लीन थियो। प्रजातान्त्रिक परम्परा बलियो नभएको हुँदा यहाँ सैनिक अधिनायकवाद प्रवृत्तिको विकास भएको थियो। त्यस्तै यहाँ साम्यवादी प्रभाव पनि त्यतिकै परेको देखिन्छ।
- यो क्षेत्र बहुभाषिक, बहुधार्मिक, बहुजातिय, बहुराजनितिक विशेषता भएको हुँदा यस क्षेत्रमा आसियानको उद्देश्य अनुसार कार्य गर्न ठूलो चुनौती छ । यस क्षेत्रका विभिन्न प्रकारका जातिहरूबीच परस्पर विरोधी सङ्घर्ष छ। मलेसियाका मूल जाती मलाया हो। यहाँ चिनियाँ सङ्ख्या पनि पर्याप्त छ। फिलिपिन्स अत्याधिक सांस्कृतिक एकता भएता पनि आठ भाषा वोल्दछन्। म्यानमारमा वर्मी जाती ७५ प्रतिशत छ। यहाँको आर्थिक क्षेत्रमा भारत र चीनको हात छ। यसरी यो क्षेत्रमा विभिन्न जातीको प्रभाव भएको हुँदा यो राज्य अशान्तिको प्रमुख कारण मानिन्छ।

- यो क्षेत्र हिजो जसरी महाशक्ति राष्ट्रको शोषण स्थल र युद्ध भूमि, कम्युनिष्ट राष्ट्र र पश्चिमी राष्ट्रहरूबीच थियो । त्यसरी नै आज शक्तिशाली अमेरिका र चीनको शक्तिको कारण यो स्थान आज पनि तनावग्रस्त बनेको छ ।
- यस क्षेत्रमा प्रजातन्त्रको राम्रो विकास हुन नसकेको हुँदा जनताको अधिकार कुन्ठित भएको देखिन्छ । अतः प्रजातन्त्र स्थापना गरी शान्ति कायम गर्नु चुनौती नै देखिन्छ ।

यस क्षेत्रको राष्ट्र म्यानमारमा जनताबाट निर्वाचित राष्ट्रपति आङसाङ सुकीलाई त्यहाँको सैनिक शासकले पदभारबाट मुक्त गरेको थियो भने आज त्यही आङसाङ सुकी राष्ट्रपति हुँदा त्यही म्यानमार भित्रकै अल्पसङ्ख्यक रोहिङ्ग्या जातीलाई दमन गरी विभिन्न मुलुकमा शरणार्थी जीवन बिताउन बाध्य बनाइएको छ ।

यस क्षेत्रको मलेसिया, म्यानमार जस्ता राष्ट्रहरू असंलग्नप्रति कट्टर छैनन् भने यही क्षेत्रमा इण्डोनेसिया जस्तो कट्टर र संस्थापक राष्ट्रहरू पनि छन् । फिलिपिन्सले अमेरिकासँग १९४७ मा ९९ वर्षीय सन्धी गरेको छ । सिटो सङ्गठनको मुख्य कार्यालय थाइल्यान्डको बैङ्ककमा छ । थाइल्यान्डलाई अमेरिकाबाट फौजी, हातहतियार र आर्थिक सहायता प्रदान गर्दछ भने सिङ्गापुर र ब्रुनाई बेलायतको समर्थक राष्ट्र हुन् । कम्बोडिया चीन प्रति झुकाव राख्ने मुलुक भएको हुँदा त्यहाँ राजनीतिक अस्थिरता छ ।

दक्षिण पूर्वी एसियाली राष्ट्रहरू पनि आतङ्कवादको चपेटामा परेका छन् । फिलिपिन्समा पृथकतावादी मुसलमानहरूले वर्षौंदेखि हत्या, हिंसा र अपहरणजस्ता जघन्य अपराधिक क्रियाकलाप गर्दै आइरहेका छन् । इन्डोनेसियामा पनि आदिवासी मुसलमानहरूले बेलाबेलामा सङ्कट उत्पन्न गराउँदै आइरहेका छन् । सिङ्गापुरले थुप्रै मलेसियाली तथा इण्डोनेसियालीहरलाई आतङ्ककारी क्रियाकलापमा संलग्न भएको आरोपमा गिरफ्तार गरेको छ ।

१. दक्षिण एसियामा अमेरिकी नेतृत्वमा भएको आतङ्कवाद विरोधी सैनिक कारवाही शुरु गरिएपछि आतङ्कवादी समूहका प्रमुख नाइके ओसामा विन लादेनलाई अफगानस्तानमा हत्या गरिसकेपछि आइएसआइ समूह आतङ्कवादी क्रियाकलापमा सकृय छ । जुन सम्पूर्ण दक्षिण पूर्वी एसियाको समस्याको विषय बनेको छ ।

२.  यस क्षेत्रमा सीमा विवाद पनि उत्तिकै चुनौतीको रूपमा रहेको छ । थाई- मलेसिया क्षेत्र, मलेसिया इण्डोनेसिया सिमाना क्षेत्रको विवाद, थाइल्यान्ड, कम्बोडिया सिमाना क्षेत्रमा Breach Bihar माथि दुवैको दावी जस्ता समस्या छ ।

३.  बालीमा भएको आतङ्कारी बम हमलामा करिव २०० जनाको ज्यान गएको थियो ।

४.  एक्काइसौँ शताब्दीको पहिलो राष्ट्र पूर्वी टिमोरको भावी रणनीति आर्थिक स्थायित्व सहयोग र सक्षम राष्ट्र बनाउन चाल्नु पर्ने कदम र आसियानमा पूर्वी टिमारलाई व्यवस्थीत गरी स्थायित्व कायम गर्नु अर्को चुनौती हो ।

५.  आर्थिक सहयोगको क्षेत्रमा ल्याएको अवधारणा आसियान खुल्ला व्यापार क्षेत्र (ASEAN Free Trade Area AFTA) लाई व्यापक रूपमा लागु गराउनु अर्को चुनौती हो । किनकी AFTA राम्रो रूपमा कार्यान्वयन गर्न WTO सँग संलग्न बन्नु पर्दछ ।

# परिच्छेद पाँच

# आसियान र सार्कको तुलना

दोस्रो विश्वयुद्धपछि विश्वका सबै राष्ट्रहरूले शान्ति, स्थायित्व र सुरक्षाको आवश्यकता महसुस गर्न थाले । त्यसबेला विश्व स्पष्ट दुई खेमामा बाँडिएको थियो । एकातिर समाजवादी सोभियत सङ्घ र अर्को तर्फ पुँजीवादी अमेरिकाले नेतृत्व गरेको दुइवटा गुट अगाडि बढेका थिए । यसरी यी भिन्न विचारधारा अङ्गाल्ने समूहबीच ठूलो प्रतिस्पर्धा उत्पन्न भएको थियो । दुई खेमाबीच प्रतिस्पर्धा बढ्न थालेपछि एकअर्काबाट त्रासको वातावरण महसुस गर्न थाले र सैनिक निगरानी गर्न थाले । यी दुई खेमाबीच शीतयुद्धको बेला आफ्नो अस्तित्व जोगाउन उपायको खोजीमा लागे । यसैबेला आफ्नो अस्तित्व जोगाउने उपायको खोजीमा लागे । यसैबेला सुरक्षाका लागि NATO को गठन भयो भने सोभियत सङ्घको दृष्टिले स्थापना गरिएको विभिन्न सङ्गठनबाट केही राष्ट्रहरूले सुरक्षाको महसुस गर्न थाले तर आर्थिक विकास नभएको र जनताको जीवनस्तर उच्च हुन नसकेको महसुस गर्न थाले । यसैको फलस्वरूप युरोपियन युनियनको स्थापना भएको पाउँछौं ।

## ५.१ सङ्गठनको स्थापना र पृष्ठभूमि

अतः राष्ट्रको स्वतन्त्रतालाई बचाई आर्थिक सांस्कृतिक विकासको लागि सहयोग आदान प्रदान गर्न क्षेत्रीय सङ्गठन बनाउनु ज्यादै महत्त्वपूर्ण कार्य थियो । सन् १९६७ अगस्ट ८ मा दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (Association of South East Asian Nation (ASEAN) को स्थापना भएको हो । सन् १९८५ डिसेम्मर ७ र ८ मा सदस्य राष्ट्र सरकार प्रमुखहरूको शिखर सम्मेलनबाट दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (South Asian Assaciation For Regional Co- operation SAARC) को स्थापना भएको हो (धमला, २०६२ : १) । यो दुवै सङ्गठन संयुक्त राष्ट्रसङ्घको धारा ५२, ५३, ५४ अन्तर्गत रहेर क्षेत्रीय सङ्गठन निर्माण भएको पाइन्छ । यी दुवै सङ्गठन एसिया महादेशका क्षेत्रीय

सङ्गठन हुन् । यहाँ बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय, बहुराजनीतिक विशेषता भएको पाइन्छ। यी दुवै क्षेत्रीय सङ्गठनको ऐतिहासिक पृष्ठभूमि हुँदै स्थापना कालदेखि हालसम्मका उपलब्धि एवम् चुनौतीहरूको तुलना यसरी गर्न सकिन्छ ।

## ५.२ सङ्गठनका सदस्यहरू

आसियान नामक सङ्गठनको स्थापना बैङ्कक घोषणापत्रद्वारा ८ अगस्ट १९६७ मा पाँच राष्ट्रहरू थाइल्यान्ड इन्डोनेसिया, सिङ्गापुर, मलेसिया र फिलिपिन्सका विदेश मामिला सम्बन्धी मन्त्रीहरूद्वारा निर्माण गरिएको सङ्गठन हो । जसमा दक्षिण एसियाको एघार राष्ट्रहरू थाइल्यान्ड, मलेसिया, इण्डोनिसिया, फिलिपिन्स, ब्रुनाई, म्यानमार, कम्बोडिया, भियतनाम, लाओस, सिङ्गापुर र पूर्वी टिमोर रहेको छ भने सार्कको स्थापना सन् १९८५ डिसेम्बर ७ र ८ मा सदस्य राष्ट्रका राष्ट्रध्यक्ष सरकार प्रमुखको शिखर सम्मेलनले बङ्गलादेशको राजधानी ढाकाबाट निर्माण भएको हो। भने हिमालयको काखबाट हिन्द महासागरसम्म फैलिएको दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का माल्दिभ्स, भुटान र अफगानिस्तान गरी आठ राष्ट्र मिलेर सार्कको निर्माण भएको क्षेत्रीय सङ्गठन हो ।

## ५.३ सदस्य राज्यहरूको ऐतिहासिक पृष्ठभूमि

आसियान संस्थापक पाँच राष्ट्रको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा मलेसिया व्रिटिश उपनिवेश हो । यो १९४८ मा मलाया बनाउन व्रिटेन सँग सहमत भयो । यो राष्ट्र ३१ अगस्ट १९५७ मा पूर्ण स्वतन्त्र भयो । फिलिपिन्स अमेरिकी अधिकृत क्षेत्र हो । यो ४ जुलाई १९४६ मा स्वतन्त्र भएको राष्ट्र हो। १४ मार्च १९४७ मा फिलिपिन्सले अमेरिकासँग एक ९९ वर्षीय पारस्पारिक सन्धी गरेको छ। फिलिपिन्सले सिटो सहायता ग्रहण १९५४ मा र अमेरिकी सैनिक अखडा भएको राष्ट्र हो। थाइल्यान्ड १८९६ मा स्वतन्त्र भएको राष्ट्र हो । थाइल्यान्डमा सिटोको मुख्य कार्यालय छ। इन्डोनेसिया २६ भई १९४९ मा स्वतन्त्र बनेको राज्य हो।१९५५ मा अको एसियाली सम्मेलनमा संलग्न भएको राष्ट्र हो । सिङ्गापुर मलायाको क्षेत्र हो । यो १९६३ मा मलेसिया सघंमा सम्मिलित भएको थियो। यो राष्ट्र ९ अगस्ट १९६५ मा स्वतन्त्र राजय बन्यो । यो राष्ट्र बेलायतको प्रभाव क्षेत्र हो ।

सार्कको संस्थापक राष्ट्रको ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने नेपाल एक स्वतन्त्र हिमाली राज्य हो । भारत १९४७ मा ब्रिटेनको उपनिवेशक राष्ट्र हो । यो देश १५ अगस्ट १९४७ मा स्वतन्त्र भएको राष्ट्र हो । यो दक्षिण एसियाली राष्ट्रहरूमा सबै भन्दा ठूलो र शक्ति सम्पन्न राष्ट्र हो । पाकिस्तान भारतको गर्भबाट १४ अगस्ट १९४७ मा धर्मको कारणबाट जन्म भएको हो । श्रीलङ्का ४ फेबवरी १९४९ मा ब्रिटिश साम्राज्यमा स्वतन्त्र राष्ट्र हो । बङ्गलादेश १९७१ को भारत र पाकिस्तान युद्ध पश्चात् २५ मार्च १९७१ मा स्वतन्त्र भएको राष्ट्र हो । भारतबाट सन् १९४९ अगस्ट र तारिखमा स्वतन्त्र भएको मुलुक हो ।

आसियान स्थापनाको समयमा यस क्षेत्रमा विचारधारात्मक विभाजन र युद्धको अवस्था आर्थिक नाजुकता, राजनीतिक अस्थिरता, सुरक्षाक्षेत्र वाह्य शक्तिको हातमा, भौगोलिक विवाद जातीगत द्वन्द्व भियतनाम युद्ध, चीनमा भएको सांस्कृतिक क्रान्तिको प्रभाव यस क्षेत्रमा बढी परेको थियो भने सार्कको स्थापना कालमा यस क्षेत्रमा त्यस्तो अवस्था थिएन ।

आसियान सङ्गठनको शुरुआत सर्वप्रथम १९५८ मा मलेसियाका प्रधानमन्त्री दातुक टङ्क अब्देल रहमानले मलेसियामा बोलाउनु भएको बैठकमा प्रस्तुत गर्नु भएको थियो । त्यसपछिको ३१ जुलाई १९६१ मा मलेसिया, फिलिपिन्स, र थाइल्यान्डद्वारा Association of South East Asia (ASEAN) को निर्माण भएको हो । भने सार्क सङ्गठनको शुरुवात सर्वप्रथम सन् १९७७ मा काठमाडौँमा बसेको कोलोम्बो आयोजनामा परामर्श दातृ समितिको बैठकमा तत्कालिन राजा वीरेन्द्र वीरविक्रम शाहदेवबाट उपयोग गर्न क्षेत्रीय सहयोगको आह्वान गरेका थिए । अर्को तिर २ मे १९८० मा बङ्गलादेशका तत्कालिन राष्ट्रपति जियाउर रल्यानले दक्षिण एसियाली क्षेत्रीय सहयोगको अवधारणा अगाडि सार्दै नेपाल, भारत, भुटान, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र माल्दिभ्सको राष्ट्र प्रमुख सरकार प्रमुखहरूको शिखर बैठकको आह्वान गर्दै पत्रचार गर्नु भएको थियो । त्यसपछि पाँचवटा सचिव स्तरीय बैठक पाँचवटा स्थायी समितिको बैठक र चारवटा विदेश मन्त्रीको बैठक पश्चात् सार्क स्थापना भएको थियो ।

आसियान र सार्क स्थापनामा प्रोत्साहनको हिसाबले पनि फरक पाउन सकिन्छ । आसियान वाह्य शक्ति राष्ट्र जो पुँजीवादी र समाजवादीको खेल मैदान बनेको थियो ।

त्यसैले वाह्य शक्ति राष्ट्रहरूको धम्की खतरा यसको स्थापनाको मूल स्रोत हो भने सार्क दक्षिण एसियाली राष्ट्रहरूको सामूहिक प्रयास हो ।

आसियानको स्थापना कालदेखि आजसम्म ५१ वर्ष पूरा गरेको छ भने सार्कले आफ्नो स्थापना कालदेखि केबल ३३ वर्ष पूरा गरेको छ। अनुभव र उमेरको हिसाबले आसियान सार्कभन्दा १८ वर्ष जेठो छ।

## ५.४ सङ्गठनका उद्देश्यहरू

आसियानको घोषणा पत्र अनुसार यस सङ्गठनको उद्देश्य दक्षिण पूर्वी एसियालाई शान्ति, स्वतन्त्रता र तटस्थ क्षेत्र आर्थिक प्रगति र स्थिरता, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक क्षेत्रमा सहयोगको परस्पर आदानप्रदान र सामूहिक क्षेत्रीय सुरक्षा सुदृढ तुल्याउने देखिन्छ। भने सार्क (दक्षिण एसियाका जनताको कल्याणमा अभिवृद्धि, जीवनस्तरमा सुधार, आर्थिक, सामाजिक, सांस्कृतिक विकास सम्मानपूर्ण जीवनयापन सामूहिक आत्मनिर्भरता, विश्वास र समझदारी, आर्थिक, सामाजिक सांस्कृतिक, प्राविधिक र वैज्ञानिक क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्य हो (धमला, २०६२)। तसर्थ उद्देश्यको आधारमा आसियान घोषणापत्रमा उल्लेख भएको शान्ति स्वतन्त्रता र तटस्थता र क्षेत्रीय सुरक्षा सुदृढ तुल्याउने भन्ने उद्देश्य सार्क वडापत्रमा उल्लेख गरिएको छैन ।

आसियानको घोषणापत्रमा आसियान सङ्गठनका सिद्धान्तहरू प्रत्येक देशहरू बीच स्वतन्त्र, सार्वभौमसता समानता भौगोलिक अखण्डता र राष्ट्रिय पहिचानका लागि पारस्परिक उत्तरदायित्व राष्ट्रिय पहिचानका लागि, राष्ट्रिय अस्तित्वको लागि, वाह्य हस्तक्षेप र दवावबाट स्वतन्त्र रहने आन्तरिक मामिलामा हस्तक्षेप, शान्तिपूर्ण उपायद्वारा समस्याको समाधान शक्तिको अप्रयोग र प्रभावकारी सहयोग जस्ता विषय राखी व्यापक सिद्धान्त निर्माण छ भने सार्क सङ्गठनको सिद्धान्त निर्माण छ भने सार्क सङ्गठनको सिद्धान्त जस्ता सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वाधिनता, अहस्तक्षेप, पारस्परिक हित र द्विपक्षीय र बहुपक्षीय सहयोगको प्रतिस्पर्धा नभएको सहयोग हुने उल्लेख छ ।

## ५.५ सङ्गठनका मुख्य चुनौतिहरू

आसियान सङ्गठनको सार्क सङ्गठनमा जस्तो सबै स्तरका निर्णय सर्वसम्मति, द्विपक्षीय र विवादस्पद मामिलाहरू माथि विचार विमर्श गर्ने छैन, भन्ने छैन आसियान सङ्गठनले राजनीतिक र सुरक्षात्मक सहयोग क्षेत्रमा व्यापक छलफल गरी निर्णय गरेको छ। सार्कको मुख्य संविधान सार्कको बडापत्र हो भने आसियानको आसियान घोषणापत्र हो र अगस्ट १९६७ मा शान्ति, स्वतन्त्रता र तटस्थता नीति लिएर स्थापना भएको हो भने सार्कले दक्षिण एसियाली, देशहरूबीच आपसी सहयोगमा अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको हो। आसियानको घोषणा पत्रमा सार्कमा जस्तै सपष्ट धाराको उल्लेख छैन। दक्षिण पूर्वी एसिया क्षेत्रका सबै देशका लागि उद्देश्य बमोजिम खुल्ला प्रवेशको लागि उल्लेख छ भने सार्क मुलुकमा खुल्ला प्रवेशको विषयमा उल्लेख गरिएको छैन।

आसियान घोषणापत्रमा दक्षिण पूर्वी एसियाका राष्ट्रलाई पनि ढोका खुल्ला राखेको हुँदा ७ जनवरी १९४८ मा ब्रुनाई, २८ जुलाई १९४५ मा भियतनाम, २३, जुलाई १९९७ मा लाओस र म्यानमार ३० अप्रिल १९९९ मा कम्बोडिया सन् २००२ मा पूर्वी टिमोर गरी संस्थापक राष्ट्र पाँच गरी एघार राष्ट्रहरूको राष्ट्रदयक्ष र सरकार प्रमुखद्वारा निर्माण भनिएता पनि अफागिस्तानको सम्पूर्ण, भाग दक्षिण एसियामा पर्ने हुँदा सार्कको आठौ सदस्यको रूपमा अफगानिस्तान रहेको छ। यस सार्कको वडापत्रमा अन्य राष्ट्रलाई प्रदेश सम्बन्धमा मौन छ। आसियान सहाय राष्ट्रहरूको प्रतिव्यक्ति आयको अध्ययन गर्दा सिङ्गापुर, व्रुनाई र फिलिपिन्स आर्थिक प्रति व्यक्ति आय भएको सम्पन्न मुलुकमा गनिन्छ भने यही क्षेत्रमा रहेको कम्बोडिया, लावोस, भियतनाम कम आय भएको मुलुकमा गनिन्छ। यसरी सार्क राष्ट्रको प्रति व्यक्ति आय आसियान सदस्य राष्ट्रको जस्तो उच्च छैन सार्क राष्ट्रको प्रतिव्यक्ति आयमा आसियानको जस्तो ठूलो अन्तर पनि छैन। सार्क राष्ट्रको सबै भन्दा बढी प्रतिव्यक्ति आय भएको मुलुक माल्दिभ्स हो भने नेपाल, भुटान, अफगानिस्तान कम प्रति व्यक्ति आय भएको मुलुक हो।

दक्षिण एसियाको लगभग तिन चौथाई भाग भारतले ओगटेको छ। यसलाई क्षेत्रीय शक्ति राष्ट्रको रूपले पनि चिनिन्छ। दक्षिण पूर्वी एसियामा इन्डोनेसिया भौगोलिक शक्तिको हिसाबले ठूलो भएता पनि सार्कको भारत जस्तो निर्णायक शक्ति, बन्न सकेको छैन। अशियान राष्ट्रहरू लाओस बाहेक सम्पूर्ण राष्ट्रहरू समुन्द्रले छोएको छ भने सार्क राष्ट्रहरूमा नेपाल, भुटान, अफगानिस्तान भुपरिवेष्ठित मुलुक हो भने अन्य मुलुक समुन्द्र

सँग जोडिएको छ। सार्क वा वाकी मुलुक समुन्द्र सँग जोगिए पनि आसियानले जस्तो विकास गर्न सकेको देखिदैन। समुन्द्री शक्ति पनि छैन।

आसियान सदस्य राष्ट्रहरूको जनसङ्ख्याको अध्ययन गर्दा इन्डोनेसिया एक ठूलो जनसङ्ख्या भएको क्षेत्र हो। तर हाल पूर्वी टिमोर स्वतन्त्र भएपछि यसको जनसङ्ख्या केही घट्न गएको छ भने सार्कको सबैभन्दा बढी जनसङ्ख्या भएको मुलुक भारत हो। यसको जनसङ्ख्या एक अरबभन्दा बढी छ। भारतको जनसङ्ख्या आसियानका सबै राष्ट्रहरूको जनसङ्ख्याभन्दा बढी छ।

## ५.६ सामाजिक साँस्कृतिक आधारहरू

सामाजिक, सांस्कृति आधारले हेर्दा यी दुवै क्षेत्र बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक क्षेत्र रहेका छन्। पाकिस्तान, बङ्गलादेश र माल्दिभ्स सार्क राष्ट्रका मुश्लिम धर्म बढी भएको राष्ट्र हुन् भने आसियानमा इण्डोनेशिया, ब्रुनाई, मलेसियामा मुस्लिम जनसङ्ख्या बढी भएका राष्ट्र हुन्। त्यस्तै सार्क राष्ट्रका भुटान, श्रीलङ्का बौद्ध मार्गी हुन् भने आसियानका राष्ट्रमा कम्बोडिया, लाओस, म्यानमार, भियतनाम र थाइल्यान्ड बौद्ध धर्मालम्बी बढी भएको देश हुन्। सार्क राष्ट्रमा क्रिश्चियन धर्मालम्बी बढी भएको राष्ट्र छैन भने आसियानमा फिलिपिन्स र सिङ्गापुर क्रिश्चियन धर्मालम्बी भएको राष्ट्र हुन्। नेपाल भगवान् बुद्धको जन्मस्थल भई कन पनि हिन्दुपछि बौद्ध धर्मको बाहुल्यता छ ( पोखरेल, २०७४ : २५)।

## ५.७ अन्तराष्ट्रिय शक्तिको प्रभाव

अशियानले राजनीति र सुरक्षाको सहयोग क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। आसियान स्थापनाको समयमा भियतनाम युद्ध चलिरहेको थियो। भियतनाममा पश्चिमी शक्ति राष्ट्र अमेरिकाद्वारा साम्यवादी प्रभाव अन्त्य गर्न युद्ध जारी थियो भने कम्बोडिया १९९१ को पेरिस सम्मेलन अघिसम्म सोभियतसङ्घ, चाइना र अमेरिकाको खेल मैदान बनेको थियो। तर विसंम परिस्थितिमा पनि आसियानको संस्थापक राष्ट्रद्वारा यस क्षेत्रलाई Zone of Pece Freedom and Neutrality घोषणा गरी यस क्षेत्रलाई शान्ति स्वतन्त्र र तटस्थतालाई विश्व मान्यता दिलाउने अठोट लिएको छ  विदेशी शक्तिको हस्तक्षेपलाई वर्जित गरिएको छ। तर सार्कले राजनीति र सुरक्षाको क्षेत्रमा त्यस्तो उल्लेखनीय प्रगति

गरेको छैन । सन् १९८७ को नोभेम्वर २-४ मा काठमाडौँमा भएको तेस्रो शिखर सम्मेलनले आतङ्कवाद विरुद्ध सार्क क्षेत्रीय महासन्धी घोषणा गरिएता पनि उल्लेखनीय प्रगति हुन नसकी अझ आतङ्कवाद बढेको छ ।

## ५.८ सार्क, आसियन र पर्यवेक्षकको भूमिका

आज विश्वको कुनै पनि क्षेत्र र सङ्गठन भूमण्डलीकरणबाट अप्रभावित छैन । मूलतः बितेको ७० वर्षमा विश्वमा थुप्रै क्षेत्रीय सङ्गठनहरूले जन्म लिए, ती सङ्गठनहरूको स्थापनाको पछाडि थुप्रै भौगोलिक, आर्थिक, सामजिक तथा सुरक्षात्मक कारणहरू जिम्मेवार देखिन्छन् । त्यसमा पनि आर्थिक समृद्धि र सुरक्षा चासोलाई क्षेत्रीयतावादको महत्त्वपूर्ण आधारको रूपमा लिन सकिन्छ (बराल, २०१८ : ७६) । यसै क्रममा त्यस्ता सङ्गठनहरूमा परोक्ष सम्बन्ध राख्ने कतिपय देश र सङ्गठनलाई पर्यवेक्षकको रूपमा आमन्त्रण गर्ने अभ्यास पनि विश्वमा भेटिन्छ ।

सामान्यतया कुनै पनि सङ्गठनमा पर्यवेक्षकको रूपमा अन्य राष्ट्र वा सङ्गठनको उपस्थितिका पछाडि तीन मुख्य कारणहरू देखिन्छन् :

क) त्यस्ता देश जो उक्त सङ्गठनको सदस्यता लिन चाहन्छन् । उदाहरणको लागि म्यानमार प्रारम्भमा आसियनको पर्यवेक्षक थियो भने पछि आएर यसको सदस्य नै बन्न पुग्यो ।

ख) केही देश जो सदस्य बन्न त इच्छुक छैनन्, तर निरन्तरको संलग्नतामा रहन चाहन्छन् । भारत तथा चीन अफ्रिकी एकता सङ्गठनको पर्यवेक्षकको रूपमा रहनु यसको उदाहरण हो भने

ग) केही त्यस्ता देश जो अन्य देशको उपस्थितिलाई निरन्तर निगरानीमा राख्न चाहन्छन् । अमेरिका, युरोपियन युनियन आदिको सार्कमा देखिएको पर्यवेक्षकीय भूमिकालाई यसैको उदाहरणको रूपमा लिन सकिन्छ (बारु, २०१० : २२९) ।

सन् १९८५ मा सार्कको बडापत्र घोषणा भएपछि यस सङ्गठनले विधिवत रूपमा क्षेत्रीय सङ्गठनको रूपमा मान्यता प्राप्त गर्‍यो । यसको विधानमा नै “समान उद्देश्य तथा विचार भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूसँग सहयोगको अभिवृद्धि गर्ने” (धारा १ (ग)) भन्ने उल्लेख छ । तथापि लामो समयसम्म भने यस संस्थाले सार्कमा अन्य राष्ट्र वा सङ्गठनको प्रवेशलाई “ढोका बन्द” को नीतिद्वारा आविष्कार नै गर्‍यो । यद्यपि सन् १९९३

देखि सार्क-जापान विशेष कोष खडा गरी जापानले निरन्तर रूपमा सहयोग गर्दै भने आएको पाइन्छ (बराल, २०१८ : ७७) । तथापि २००५ सम्म भने सार्क बाहिरी विश्वसँग कमै सम्पर्कमा रह्यो । केवल सन् २००५ मा बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न सार्कको तेह्रौं शिखर सम्मलेनले चीन र जापानलाई सार्कको पर्यवेक्षकको रूपमा मान्यता प्रदान गर्‍यो भने २००७ मा भारतको नयाँदिल्लीमा सम्पन्न १४ औं सम्मेलनले युरोपियन युनियन, दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकालाई थप पर्यवेक्षकको रूपमा स्वीकार गर्‍यो । पुनः २००८ मा श्रीलंकाको कोलम्बोमा सम्पन्न १५ औं शिखर सम्मेलनले अष्ट्रेलिया, इरान, मौरिसस र म्यानमारलाई पर्यवेक्षकमा सामेल गर्ने निर्णय गर्‍यो । हाल आएर यस्ता पर्यवेक्षकको सङ्ख्या ९ पुगेको छ ।

तर सार्कले पर्यवेक्षक राष्ट्रहरूबाट उचित सहयोग लिन सकेको छैन । विधानमा व्यवस्था भए तापनि एकातर्फ सार्कको पर्यवेक्षक र तिनीहरूसँग समन्वय गर्न स्पष्ट नीतिको अभाव देखिन्छ भने अर्कोतर्फ सार्क आफैंमा विभिन्न आन्तरिक समस्याहरूमा फैलिएको छ । सार्क सदस्यहरूमध्ये महाशक्ति राष्ट्रप्रति निर्भर रहने र ती शक्ति राष्ट्रको कुनै न कुनै रूपमा सार्कमा प्रभाव पर्नुले पनि पर्यवेक्षकको भूमिका आशातीत भेटिँदैन । फेरि पनि सार्कको पछिल्लो सम्मेलनले सार्कमा पर्यवेक्षकको संलग्नतालाई उत्पादनमूलक तथा उद्देश्यमूलक योजनामा प्राथमिकताको आधारमा उपयोग गर्न प्रतिबद्धता व्यक्त गरिएको छ (बराल, २०१८ : ७८) । तथापि यसको कार्यान्वयनले भने ठोस उपलब्धि हासिल गर्न सकेको छैन ।

आसियानले वार्ता प्रणालीद्वारा सहयोग बढाउनका लागि सन् १९९२ मा सिङ्गापुरमा चौथो शिखर सम्मेलनले ASEAN Regional Forum को गठन गरेको छ । क्षेत्रीय शान्ति, सुरक्षा, स्थायित्व र सहयोग बढाउन ASEAN- 10 Dialogue Parterns" मा अष्ट्रेलिया, क्यानाडा, चीन, युरोपियन युनियन, भारत जापान, गणतन्त्र कोरिया, न्यूजिल्यान्ड रसिया र अमेरिका जस्ता विश्वका ठूला धनी र शक्तिसम्पन्न राष्ट्रसँग आसियानले सम्बन्ध वढाएको छ भने सार्कले आसियानले जस्तो फराकिलो सम्बन्ध विस्तार गर्न नसकेता पनि संयुक्त राष्ट्र सङ्घीय वाल कोष, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, युरोपेली आयोगसँग सहयोग बढाउन सार्कसँग सम्झौता भएको छ ।

## ५.९ सङ्गठनको आर्थिक पक्षहरू

आशियन क्षेत्र सार्क क्षेत्र भन्दा अन्तराष्ट्रिय आर्थिक व्यवस्थापक ठूलो महत्त्व छ। विश्वका प्रमुख राष्ट्रहरू अमेरिका, बेलायत, चीन, भारत, जापान आदि पक्षहरूको ठूलो लगानी छ। बर्मा, थाइल्यान्ड र इन्डो चाइना क्षेत्रमा बढी घनत्व धानवाली हुने हुनाले यस क्षेत्रलाई धानको कचौरा नै भनिन्छ। मलेसिया एक्लैले ९० प्रतिशत रवर र ६० प्रतिशत टिन उत्पादन गर्दछ। त्यस्तै पेट्रोलियम पदार्थको उत्पादनमा राम्रो हुने क्षेत्र मानिन्छ भने सार्क क्षेत्र विश्व आर्थिक व्यवस्थामा ठूलो महत्त्व नभई समस्त दक्षिण एसियालाई गरीवहरूको वसोवास गर्ने क्षेत्रको रूपमा लिइन्छ।

दक्षिण पूर्वी एसियाली देशहरूको सङ्गठन आसियानले आर्थिक क्षेत्रमा सार्कले भन्दा उल्लेखनीय प्रगति गरेको छ। आसियानको चौथो शिखर सम्मेलन १९९२ सिङ्गापुरले आसियान खुल्ला व्यापार क्षेत्र (AFTA) अवधारणा ल्याई व्यापार क्षेत्रमा भन्सार महशुल घटाई सामूहिक योजना निर्माण गरेको छ। पश्चिमी शक्ति सम्पन्न राष्ट्रसँग व्यापार सम्बन्ध वढाएको छ। बहुउद्देश्यीय संस्थासँग सम्बन्ध विकास, विदेशी लगानीलाई प्रोत्साहन, व्यापारमा उदारिकरण र विश्व व्यापार सँगठन (wto) सँग साझेदारी विकास गरी आर्थिक सहयोगमा उल्लेखनीय पुँजी गरेको छ। तर सार्क आर्थिक सहयोगको क्षेत्रमा आर्थिक जस्तो शसक्त छैन। जस्तो सन् १९९३ अप्रिल ११का दिन बङ्गलादेशको ढाकामा सम्पन्न सार्कको सातौ शिखर सम्मेलनको अवसरमा सार्क राष्ट्का विदेश मन्त्रीहरूद्वारा हस्ताक्षर भई सार्क सौविद्य व्यापार सम्झौता (SAPTA) मा सहमति भएको हो । यो SAPTA लाई एसिया एसियाली स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area. SAFTA) बनाउने लक्ष्य लिई आइरहेको छ। जसमा एघारौ सार्क शिखर सम्मेलनले २००२ को अन्त्य सम्ममा यसका लागि सन्धी पत्रको ढाँचा तयार पार्न मन्त्रीपरिषदलाई निर्देशन दिएको थियो। अतः आर्थिक क्षेत्रमा आसियानले उल्लेखनीय प्रगति गरेको छ भने सार्कले आर्थिक क्षेत्रमा त्यति प्रगति गर्न सके जस्तै देखिदैन।

आसियानले यस क्षेत्रको आर्थिक विकासको लागि अन्य समानान्तर क्षेत्रीयसँग आर्थिक सहयोगको लागि सहयोगको योजना र वार्ता गर्दै आएको छ। यसस्ता Dalogue Partners हरूको सहयोग हाल व्यापार उद्यौग वित्तिय प्राविधिक सहयोग र विकास कार्यक्रममा केन्द्रीत रहेको छ।

१९९० को दशकको अन्त्य दखि दक्षिण एसिया बढी तनावग्रस्त बनेको छ। आणविक शक्तिको होडवाजी क्षेव्यस्त्र परीक्षण भारत र पाकिस्तान बीच प्रतिस्पर्धा चलेको छ। भारत, पाकिस्तान बीच युद्ध तयारी अवस्था बन्नुले सार्क सङ्गठनका विकास र सहयोगको क्षेत्रमा असर परेको छ। सार्कको एघारौ सम्मेलन १९९९ मा हुनुपर्नेमा २००२ जनवरी ५-६ मा मात्र भएको छ। बाह्रौ शिखर सम्मेलन २००२ डिसिम्वर ८ का दिन भारतको कारण भन्दै पाकिस्तानले स्थगित गरेको थियो। आशियन क्षेत्रको राष्ट्रमा क्षेप्यास्त्र परीक्षण आणविक शक्तिको होडवाजी नभई, सामाजिक क्षेत्रमा सामूहिक योजनाद्वारा आर्थिक उदारीकरण गर्दै, आसियान क्षेत्रलाई शान्त स्वतन्त्र र तटस्थ क्षेत्र बनाउने प्रयासमा एकजुट छ।

आसियान राष्ट्रले जस्तै सार्क राष्ट्रले पनि क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयवस्तुमा खासगरी अन्तर्राष्ट्रिय आर्थिक अवस्थामा सामूहिक  अवधारणालाई अगाडि क्रमिक रूपमा ल्याएको पाएछौ। एकातिर सार्क राष्ट्रहरूले अन्तर्राष्ट्रिय मञ्चमा सामूहिक आवाजको प्रस्तुत प्रयास गरिरहेको छन् भने राष्ट्रिय क्षेत्रीय स्तरमा द्विपक्षीय सम्बन्ध भारत पाकिस्तान विवाद आदिले सार्कलाई प्रारम्भदेखि नै राजनीतिक रूपमा कमजोर तुल्याएको छ। काठमाडौँ ११ औँ सार्क शिखर सम्मेलनमा भाग लिन सन् २००२ मा पाकिस्तानका राष्ट्रपति चीनको बाटो भएर नेपाल आउनु परेको थियो। ती सानातिना विवाद बाहेक क्षेत्रीय गरिबी जस्ता आर्थिक सामाजिक चुनौतीसँग सार्कले सङ्घर्ष गरिरहनु परेको अवस्था छ।

सार्क र आसियान बीच विभिन्न क्षेत्रमा असमानता हुँदाहुँदै पनि धेरै कुरामा समानता रहेको पाउँछौ। यी दुवै क्षेत्रका मुलुकहरू संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरू हुन भने असंलग्न आन्दोलनको सदस्य पनि हुन्। तेस्रो विश्वका सदस्य, प्रायः साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशवाद, रङ्गभेद विरोधी भावना प्रवल साना राष्ट्रहरूको हितको वकालत उत्तर दक्षिण सहयोग माथि जोड, दक्षिण दक्षिण सहयोग G77, WTO मा सदस्य आदि कुरामा समान रूपमा रहेको पाउँछौ।

आसियान र सार्क क्षेत्रले महाशक्ति राष्ट्रको प्रभावबाट आफ्नो क्षेत्रलाई मुक्त राख्न चाहन्छ। जसमा दक्षिण एसियाको हिन्द महासागरलाई शान्ति क्षेत्र बनाउने योजना र आसियानको शान्ति, स्वतन्त्रता र तटस्थता क्षेत्रको घोषणा रहेको छ।

माथि उल्लेखित तुलनात्मक अध्ययनबाट सन् १९६७ मा स्थापित आसियान र १९८५ मा स्थापित सार्क एकभन्दा एक बढी अनुभवी र परिवक्क रहेको छ । आसियानले विभिन्न सङ्कटको अवधि पार गरी सफलताको अवस्थातिर उन्मुख छ तर सार्कले विभिन्न चुनौती र समस्याहरूको सामना गरिरहेको छ । यो प्रारम्भिक अवस्था र जटिल चरणमा रहेको छ । अशियान राष्ट्रहरूले व्यापार उद्योग लगानी जस्ता विविध आर्थिक पक्षमा अन्तर क्षेत्रीय सहयोगको लागि Dialogue Partners सँग वार्ता गरी कार्य शुरु गरेका छन् । हालैका वर्षमा सार्कले पनि यस्ता अभियान शुरु गरेतापनि आसियानको तुलनामा सफल भएको पाउदैनौ । सार्क राष्ट्रहरूबीच सार्कका आर्थिक गतिविधि र क्रियाकलाप बीच मतमतान्तर रहेको छ । सार्कले आफुलाई भावी दिनमा कतातिर डोऱ्याउने हो र कति छिटो यसले प्रगति गर्न सक्ने देखिन्छ । त्यसैमा सार्कको सफलता निर्मर हुनेछ तर अहिले आएर हेर्दा अशियानले यो चरण पार गरी सकेको छ । यसै गरी सार्क क्षेत्रमा सार्कलाई कमजोर र कुनै राष्ट्रको निजी स्वार्थ पूरा गर्न विम्सङ्कट जस्ता उपक्षेत्रीय सङ्गठनको स्थापना भएको छ । यही सन् २०१८ मा काठमान्डौ मा शिखर सम्मेलन सम्पन्न भयो । जुन सार्कको विकास र उद्देश्यमा अप्ठ्यारो पर्ने निश्चित छ तर आसियान राष्ट्रहरूबीच त्यस्तो समस्या रहेको छैन । जुन आसियानका लागि अगाडि बढ्न सहज र सरल भएको छ । यसरी सार्क र आसियानाबीच धेरै क्षेत्रमा समानता देखिएतापनि केही ठाउमा असमानता रहेको पाउँछौ ।

माथिको तुलनाबाट यो प्रष्ट हुन्छ कि तुलनात्मक रूपमा आसियान सार्कको तुलनामा जेठो संस्था मात्र नभई एक सफल क्षेत्रीय सङ्गठन पनि सिद्ध भइसकेको छ । यस अर्थमा सार्कले आफ्नो लक्ष्य हासिल गर्न आसियनलाई एउटा मार्गदर्शकको रूपमा लिन सक्दछ । सामान्यतयाः हालसम्मको अभ्यासलाई हेर्दा सार्कले आसियनबाट सिक्ने विषयहरू प्रशस्तै रहे । जसको चर्चा आउदो उपशीर्षकमा गरिएको छ ।

## ५.१० आसियानबाट सार्कले सिक्नु पर्ने पाठहरू

संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा ५२, ५३, ५४ बमोजिम स्थापना भएको सार्क दक्षिण एसियाको आठ राष्ट्रहरूको सङ्गठन हो भने आसियान दक्षिण पूर्वीय एसियाका राष्ट्रहरूको सङ्गठन हो । आसियान क्षेत्रीय सङ्गठनको स्थापना बैङ्कक घोषणापत्र अनुसार पाँच सदस्य राष्ट्र थाइल्यान्ड, मलेसिया, फिलिपिन्स, सिङ्गापुर र इन्डोनेसियाका

मन्त्रीहरूद्वारा ८ अगस्ट १९६७ मा स्थापना भएको हो । आसियानको रणनीतिक अवधारणा १९६७ को बैङ्कक घोषणापत्र जारी गर्ने अवस्थाको दक्षिण पूर्वी एसियाली क्षेत्रको पश्चिमि मूल रूपमा जिम्मेवार थियो। तत्कालिन इन्डोचाइना क्षेत्र भियतनाम लाओस र कम्बोडियामा भएको महाशक्ति राष्ट्रहरूको राजनीतिक विचारधारात्मक प्रतिस्पर्धा मूल रूपमा निर्णायक थियो। भियतनाम र कम्बोडियाबाट यस क्षेत्रमा बढ्ने संभावित साम्यवादी खतराको कारणले यस क्षेत्रका राष्ट्र नजिकिन बढी प्रेरित गरेको पाउँछौ । यसरी सुरक्षा अवधारणा, आसियान आन्दोलनको मूल पक्ष हो भने सार्कको स्थापना विश्वका अन्य क्षेत्रमा निर्माण भएको क्षेत्रीय सङ्गठनले गर्न थालियो प्रगति उल्लेखनिय भएको देखि यस क्षेत्रका साना राष्ट्रहरूको पहलबाट स्वतः स्फुर्त सार्कको स्थापना भएको भनिएता पनि तत्कालिन अवस्थामा सिक्किम भारतमा विलय भएपछि दक्षिण एसियाका साना राज्यहरू भारतबाट हुन सक्ने सम्भावित डरको कारणले क्षेत्रीय सँगठनका आवश्यकता महसुस गरी सार्कको स्थापना भएको मान्न सक्छौ । सार्कको स्थापना आज ३३ वर्ष पूरा गरी सकेको छ भने आसियानले आफ्नो स्थापना काल ५६ वर्ष पूरा गरी सकेको छ। सार्क आसियान भन्दा १८ वर्षले कान्छो छ। आसियानको स्थापना वाह्य शक्ति राष्ट्रको हस्तक्षेप, चलखेलबाट मुक्ति पाउन र शान्ति, स्वतनत्र र तटस्थ क्षेत्र वनाई आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा सामूहिक सहयोगद्वारा प्रगति गर्न स्थापना भएको सङ्गठन हो। आसियान स्थापनाको समयमा त्यस क्षेत्रमा राजनीतिक अस्थिरता, जातीय द्वन्द्व, साम्यवाद र पूँजीवादको हस्तक्षेप, आन्तरिक विवाद र चीन सँग जोडिएको सिमानामा चीनमा भएको सांस्कृतिक क्रान्तीको प्रत्यक्ष प्रभाव थियो । आसियान द्वन्द्व विवाद र हस्तक्षेपको भुमरीबाट मुक्ति पाउन सामूहिक भावनाद्वारा शान्ति, स्वतन्त्रता र तटस्थता कायम गरी क्षेत्रीय सुरक्षा कायम गर्ने उद्देश्य थियो भने सार्क स्थापनाको समयमा यस दक्षिण एसियामा युद्ध र द्वन्द्वको अवस्था थिएन। शान्त वातावरणमा स्वत स्फुर्त रूपमा क्षेत्रीय सङ्गठन स्थापना गर्ने भावनाले एकजुट भई सात राष्ट्रहरूद्वारा सार्क सङ्गठनको स्थापना गरियो । मूलत आर्थिक, सामाजिक, सांस्कृतिक प्रगति र सामूहिक आत्मनिर्भरता, पारस्पारिक सहयोग गर्दै आज सुरक्षा क्षेत्रमा आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगति गर्न सफल पारस्परिक रूपमा स्वतस्फूर्त स्थापना भएतापनि आज एक्काइसौ शताब्दीमा आइपुग्दा प्रगतिको साटो दक्षिण एसिया गरिबहरूको घर भनी विश्वमा चिनिनु र आणविक परीक्षणको व्यापक जुवारी चली युद्धको अवस्थामा लाखौ लाख सैनिक प्रदर्शन गर्न यस क्षेत्रमा साना राष्ट्रको प्रगतिमा

अवरोध देखियो भने विश्वका धनी शक्ति सम्पन्न राष्ट्रको चलखेल बढेको अवस्था हुँदा सार्कले यस क्षेत्रमा उल्लेखनीय प्रगति गर्न सकेन अतः सार्क आसियान जेठो अनुभवी र सङ्कटको अवधि पार गरी सफलताको अवस्था तिर उन्मूख भएको र अघिल्ला अध्ययामा सार्क र आसियानको परिचय, सदस्य राष्ट्रहरूको परिचय, उपलब्धि र चुनौतीहरू अध्ययन गर्दा सार्कले आसियानबाट निम्न पाठ सिकेर तत्काल सुधारउन्मूख बन्नुपर्ने देखिन्छ ।

सार्क वडापत्रलाई आवश्यक संशोधन गरी खुल्ला प्रवेशको व्यवस्था गर्नु आवश्यक छ । आसियानको घोषणापत्रमा आफ्नो उद्देश्य लक्ष्य सिद्धान्त स्वीकार गर्ने यस क्षेत्रका सबै सदस्यलाई ढोका खुल्ला राखिएको छ । त्यसै कारणले पाँच वटा राष्ट्रबाट हाल ASEAN -11 बन्न सफल भएको छ । तर सार्क सङ्गठनको प्रस्तावनामा नै सदस्य सङ्ख्या निश्चित गरेको छ । अन्य सदस्यलाई सामेल गर्ने नगर्ने सम्बन्धमा मौन रहेको छ । त्यसैले सार्क वडापत्रमा संशोधन गरी खुला प्रवेशको व्यवस्था गरिनु पर्दछ ।

त्यस्तै गरी द्विपक्षीय र विवादस्पद मामिलाहरू माथि विचार विमर्श गरिने छैन भन्ने प्रावधानलाई (धारा १०) संसोधन गरी द्विपक्षीय र विवादास्पद मामिलामा निर्णय गर्न दुवै पक्षलाई मान्य हुने मध्यस्थता टोली गठन गरी प्रत्यक्ष वार्ताद्वारा समाधान गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

सार्क वडापत्रको धारा ९ मा भएको वित्तिय व्यवस्थामा सङ्गठनका गतिविधिहरूका लागि खर्च जुटाउने सम्बन्धमा प्रत्येक सदस्य राष्ट्रको योगदान स्वेच्छिक हुनेछ भन्ने व्यवस्थालाई सम्बोधन गरी प्रत्येक राष्ट्रको आर्थिक अवस्था, प्राकृतिक सम्पदा, प्रगतिको आधारमा राष्ट्ाूदयक्ष सरका प्रमुखको सम्मेलनद्वारा पास गरी प्रतिशतको आधारमा खर्च जुटाउने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

आसियान सदस्य राष्ट्रहरूले आसियान स्थापना भएको चार वर्ष पछाडि २७ नोभेम्वर १९६१ मा यस सङ्गठनले यस क्षेत्रलाई Zone of Peace freedom and Neutrality घोषणा क्वालालाम्पुर विदेश मन्त्री स्तरीय बैठकले गरेको छ । त्यस्तै दोस्रो आसियान अनौपचारिक शिखर १९९७ मा वसेर उक्त सम्मेलनले Treaty on the South Nuclear Weapon- Free Zone दक्षिण पूर्वी एशिया आणविक हतियार मुक्त क्षेत्र सम्बन्धी सन्धिमा हस्ताक्षर गर्न सफल भए । यस सन्धीलाई दक्षिण पूर्वी एसियामा आणविक हातहतियार रहित क्षेत्र बनाउनमा उल्लेखनीय कदम मान्नु पर्दछ । यसले अन्तर्राष्ट्रिय शान्ति स्थायित्व र सुरक्षामा थप बल प्रदान गर्दछ । साथै आसियानले पाँच मुख्य आणविक शक्ति सम्पन्न

राष्ट्रसङ्घ छलफल गरी यस क्षेत्रलाई शान्ति कायम राख्न आह्वान गरिएको देखिन्छ। आसियान राष्ट्र SEANWFZ Commission बनाई South East Asian Nuclear Weapon-Free Zone को कार्यान्वयन सम्बन्धमा जोड दिन्छ। यसरी आसियानले यस क्षेत्रलाई शान्ति, स्वतन्त्र र तटस्थ क्षेत्र बनाउनमा व्यवहारमा, पनि उल्लेखनीय प्रगति गरेको छ। यसरी नै सार्क भने दक्षिण एसियालाई शान्ति स्वतन्त्र र टतस्थ क्षेत्र वनाई विश्वमा चिनाउनु पर्ने, यस क्षेत्रलाई आणविक हातहतियार रहित क्षेत्र बनाउन र सार्कका सबै सदस्यलाई सहमतिमा ल्याउने उल्लेखनीय सन्धी निर्माण गर्नु पर्ने देखिन्छ।

आसियान सङ्गठनले वार्ता प्रणालीद्वारा सहयोग बढाउन आसियान क्षेत्रीय मञ्च निर्माण गरेको छ। आसियान सङ्गठनले यस क्षेत्रलाई आर्थिक सहयोग क्षेत्रीय शान्ति सुरक्षा र स्थायित्व कायम गर्न आसियान क्षेत्रीय मञ्च सङ्गठन खडा गरेको छ। जसमा विश्वका शक्ति सम्पन्न धनी, औधोगिक राष्ट्रहरू सामेल छ। यसरी आसियानले सुरक्षा र आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। सार्कले पनि यस दक्षिण एसियालाई सुरक्षित क्षेत्र र आर्थिक रूपमा शक्ति सम्पन्न क्षेत्र बनाउन आसियानले जस्तो मञ्च निर्माण गरी विश्वमा धनी शक्ति सम्पन्न औद्योगिक वैज्ञानिक प्रगति, प्राविधिक दक्षता हासिल गरेको राष्ट्रसङ्घ सहकार्य गरी दक्षिण एसियालाई गरिबहरूको घर नभई वौद्धिक नमातको आश्रयस्थल शक्ति सम्पन्न क्षेत्र बनाउन यस क्षेत्रका राष्ट्रहरू पूरा इच्छाशक्तिको साथ लाग्नु पर्ने देखिन्छ।

आसियान चौथो शिखर सम्मेलन १९९२ मा सिङ्गापुरमा भई ASEAN-FREE TRADE AREA (AFTA) को निर्माण गरी भन्सार महशुल हटाई सामूहिक योजना निर्माण अवधारणा ल्याई आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। सार्कले पनि दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र SAFTA लाई उद्देश्य मुताविक सामूहिक सहमतिद्वारा व्यापार क्षेत्रमा खुल्ला भन्सार महसुल रहित अवधारणा ल्याई विकास गर्नु पर्दछ। आर्थिक उदारीकरणको अवधारणालाई विकसित गर्नु पर्ने देखिन्छ।

आसियानले गरे जस्तो प्रगति गर्न दक्षिण एसियाका आठ देशहरूको सङ्गठन सार्कमा चीन लगायन म्यानमारलाई संलग्न गराउन सार्क वडापत्रलाई आवश्यक संसोधन गर्नु पर्ने देखिन्छ। दक्षिण एसियालाई उत्तरमा रहेको हिमालय पर्वतलाई सिमाना हटाई चीन लगायत अन्य मुलुकलाई सहभागी वनाई सङ्गठनलाई बृहत्तर र परिणाममुखी बनाउनु पर्ने देखिन्छ।

## परिच्छेद छ

# उपसंहार र निष्कर्ष

क्षेत्रीय सङ्गठनहरू सबै राज्यहरूमा साझा हितको उपज हो। विश्वमा राज्यहरूको अस्तित्वमा आएदेखि नै कुनै न कुनै रूपमा क्षेत्रीयता सम्बन्धी अवधारणाको विकास भएको पाइन्छ। क्षेत्रीय व्यवस्था प्राचीनकालदेखि नै चल्दै आएको देखिन्छ। ग्रीक महासङ्घ, भारतीय महामण्डल जस्ता प्राचीन क्षेत्रीय अवस्था देखिएका छन्। सन् १८६३ को कंगो कानुन, १८८५ आदि १९औ शताब्दिको उदाहरणहरू हुन्। जर्मन महासङ्घ अन्तर अमेरिकी सङ्घ वाल्कन समुहआदि क्षेत्रीय अवधारणा अन्तर्गत विकसित भएको पाउँछौँ।

विश्वमा क्षेत्रीय सङ्गठनको अध्ययन अन्तर्राष्ट्रिय सङ्गठनको सुरुआत सन् १६४८ को वेष्ट फालिया सम्मेलनलाई नै मान्नु पर्ने हुन्छ। त्यसपछि भियाना सम्मेलन, पवित्र सङ्घ, चर्तुपक्षीय सङ्घ, युरोपेली सङ्घ हेग सम्मेलनहरू आदि रहेका छन्। यसरी अन्तर्राष्ट्रिय सङ्गठनहरूको विकास अन्तर्राष्ट्रिय सम्मेलनहरूबाट भएको पाइन्छ। यिनै अन्तर्राष्ट्रिय सङ्गठनहरूले गरेको व्यवस्थालाई आधारमा पनि क्षेत्रीय सङ्गठनहरू विकास भएको हो भन्न सकिन्छ। आजको यथार्थ के हो भने राज्यहरू स्वतन्त्र छन्। तर पनि एक अर्कोमा अन्तरनिर्भर पनि छ। त्यसैले तिनले राष्ट्रिय सिमानाबाट बाहिर निस्केर परराष्ट्रिय सम्बन्ध सुत्रमा बाधिनु पर्छ। हुन पनि आज विश्व विज्ञान र प्रविधिले गर्दा एउटा गाउँ जस्तो भएको छ। राज्यका आवश्यकताहरूले राज्यका सीमा नाघेर अन्तर्राष्ट्रिय जगतसम्म पुग्न र अन्तर राज्यीय निर्भरता वढ्नु स्वभाविकै हो र वास्तवमा अन्तर्राष्ट्रिय सहयोग र अन्तर्राष्ट्रिय सङ्गठनहरू यिनै आवश्यकताको उपज भन्न सकिन्छ।

आजको आधुनिक वैज्ञानिक तथा प्रविधिमा आएको परिवर्तन र यातायात क्षेत्रमा भएको विकासले विश्वका राष्ट्रहरू बीच सम्बन्ध वढ्न थालेको पाउँछौँ। तर यो विकासको क्रममा समग्र विश्वमा समान रूपमा चल्न संयुक्त आर्थिक, सामाजिक, प्रशासकीय, सङ्गठनान्तक, सुरक्षाको दृष्टिकोणले बढी विकसित राष्ट्रहरूलाई आ-आफ्ना देशमा उत्पादित वस्तु विक्रीको लागि बजारको आवश्यकता अनुभव गर्न थाल्यो भने युद्ध

विकासको मार्गमा अवरोधको रूपमा उपस्थित भयो। युद्ध र युद्धबाट सिर्जनाहुने अशान्तिपूर्ण वातावरणबाट वच्ने एक मात्र उपाए थियो अन्तर्राष्ट्रिय बीचको आपसी सहयोग । आज हामी जुन अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरू देख्छौ, ती सबै राज्यहरूको आपसी सहयोग र साझा हित र साझा प्रयत्नबाट अन्तर्राष्ट्रिय सङ्गठन बनेको छन् । तिनै हित र प्रयन्नबाट क्षेत्रीय सङ्गठन बनेका छन् । प्रथम विश्वयुद्धको परिणाम स्वरूप सन् १९१९ को भर्सेलित शान्ति सन्धि प्रथम छब्बिस धाराको रूपमा राष्ट्रसङ्घको अनुबन्ध समावेश गरियो र पछि १० जनवरी १९२० मा राष्ट्रसङ्घ विधिवत रूपमा स्थापना भयो । राष्ट्रसङ्घको स्थापनापछि पनि विश्वमा शान्तिको गुन्जाएस न्यून हुदै गर्‍यो । र परिणाम स्वरूप दोस्रो विश्वयुद्ध भयो । दोस्रो विश्वयुद्धपछि विश्वमा सबै राष्ट्रहरूले शान्ति र स्थायित्वको महत्त्वलाई महसुस गर्न थाले । तत्पश्चात् विश्वमा एक शसक्त अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता मुताविक सानफ्रान्सीस्को सम्मेलन मार्फत ५१ राष्ट्रहरूको उपस्थितिमा विधिवत रूपमा भावी सन्ततीहरूलाई युद्धको विभिषिकाबाट जोगाउन मुल उद्देश्य लिएर २४ अक्टोवर १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो । संयुक्त राष्ट्रसङ्घको विधानको धारा १०१ र १०२ मा संयुक्त राष्ट्रसङ्घ एउटा प्रणाली हो र यसका उपप्रणाली हो भनिएको छ । संयुक्त राष्ट्रसङ्घको वडापत्रको भाग ८ को धारा ५२, ५३, ५४ मा संयुक्त राष्ट्रसङ्घ अन्तर्गत क्षेत्रीय सङ्गठनहरू खोल्ने अनुमति प्रदान गरेको छ । यसै आधारमा दक्षिण पूर्वी एसियाली क्षेत्रीय सहयोग सङ्गठन र दक्षिण वा पूर्वी एसियाली राष्ट्र सङ्गठन (SAARC) कुनै क्षेत्रमा तीन वा सो भन्दा बढी राज्यहरूद्वारा नीति अपनाइन्छ जुन नीति साझा हितको लागि हुन्छ। राज्यहरू Race, Clals, cast, institution को समिप्यता लाई ख्याल गर्दै त्यस विवाद भन्दा माथि हुदा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक हितका लागि एकताको भावनाको आधारमा क्षेत्रीयतावादको विकास भएको पाइन्छ ।

दोस्रो विश्वयुद्धपछि राष्ट्रसङ्घको असफलपछि राष्ट्रसङ्घको स्थापना भयो । जुन सङ्गठन भावी सन्ततिलाई युद्धको प्रकोपबाट जोगाउने र विश्वमा शान्ति कायम गर्ने उद्देश्य लिएर स्थापना भएको थियो । तर तत्कालिन शक्ति राष्ट्रहरू संयुक्त राष्ट्रसङ्घको उद्देश्यलाई आत्मा साथ गर्दै अगाडि वढ्नु पर्नेमा विश्व स्पष्ट रूपमा दुई सीमामा विभाजित भयो । एकातिर साम्यवादी विचार धारा अँगाल्ने शोभियत सङ्घले नेतृत्व गरे भने अर्कोतिर पूँजीवादि अर्थव्यवस्था अगाल्ने अमेरिकाले नेतृत्व गरे । यसरी समाजवादी

विचारको नेतृत्व गर्ने राष्ट्र र पूँजीवादी विचारको नेतृत्व गर्ने महाशक्ति राष्ट्रहरू आफ्नो प्रभाव बढाउन प्रतिस्पर्धाको स्थिति सिर्जना भयो । दुई सीमाबीच प्रतिस्पर्धा वढ्न थालेपछि एकले अर्काबाट त्रासको वातावरण महसुन गर्न थाले र एकले अर्काको सैनिक शक्ति निगरानी गर्नुका साथै संचार माध्यमबाट होहल्ला, त्रास, घृणा, दमन र हस्तक्षेप जस्ता अभियान शुरु गरे । यसपछि विस्तारै शितयुद्धको रूप धारण गऱ्यो । यस्ता विसम परिस्थिति उत्पन्न भएपछि स-साना राज्य र नव स्वाधिन राष्ट्रहरू भने आफ्नो अस्तित्व जोगाउने उपाएको खोजीमा थिए । यसै वेला आपसी सुरक्षाको लागि विविध सङ्गठनहरू स्थापना हुन थाले । यस्ता सङ्गठनमा NATO,SEATO,Warsaw Pact आदि पर्दछ । सन् १९४५ मा स्थापित संयुक्त राष्ट्रसङ्घको भूमिका अन्य सङ्गठनको तुलनामा भिन्न छ । यो सवल र संक्षम अन्तर्राष्ट्रिय सङ्गठन हो । यसले महाशक्ति राष्ट्रहरूबीच समन्वय कायम गर्दै विश्व शान्ति सुरक्षा कायम गर्ने लक्ष्य लिएको भए तापनि विविध कारणले त्यो उपलव्धि हासिल गर्न सकेको छैन ।

यसरी सुरक्षाको दृष्टिले स्थापित विविध सङ्गठनहरूले केही राष्ट्रहरूलाई सुरक्षाको प्रत्याभूति दिलाए तापनि आर्थिक, सामाजिक विकासका अलवा जनताको जीवनस्तर उच्च हुन नसकेको महसुस गर्न थाले त्यसपछि आर्थिक विकासका लागि विभिन्न किसिमका वस्तुहरूको आयात निर्यात गर्नुका साथै सेवा तथा सहयोगको आदानप्रदान गर्नका लागि त्यस्तै सङ्गठनको आवश्यकता देखा पर्न थाल्यो । फलस्वरूप आर्थिक क्षेत्रमा आपसी सहयोग अभिवृद्धि गर्न यूरोपेली आर्थिक समुदायको गठन भयो । राष्ट्रको स्वतन्त्रतालाई अक्षुणता राख्दै आर्थिक विकासका लागि आपसी सहयोग आदान प्रदान गर्नका लागि भौगोलिक निकटताको आधारमा क्षेत्रीय गठबन्धन बनाउन लाभप्रद देखि आपसी हित, क्षेत्रीय सहयोग, आर्थिक, व्यापारिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समेत सामूहिक विकास र शान्तिलाई अगाडि बढाउन क्षेत्रीय सङ्गठनहरूको स्थापना भएको भन्ने एउटा तर्क छ भने अर्को तर्फ क्षेत्रीयतावादको स्थापना महाशक्तिको पारस्पारिक अविश्वास, साम्यवादको प्रसार तथा सैनिक सुरक्षाको लागि भएको भन्ने पनि तर्क रहेको छ । यसले वाह्य राज्यहरूद्वारा गरिन सक्ने विशेष कारवाहीको समयमा एकले अर्कोलाई सहयोग गर्ने लक्ष्य लिएर स्थापना भएको पाइन्छ । एउटा नहरकै रूपमा विकास हुन शुरु भएका क्षेत्रीय सङ्गठनहरू OPEC, ASEAN आदिले एउटा गति लिइरहेको थिए । जे जति क्षेत्रीय गठबन्धन भए पनि तिनिहरूमा केही न केही सैनिक शक्तिको गन्ध आउने र ति

गठबन्धनमा कुनै न कुनै महाशक्ति राष्ट्रहरूको नजिक रहेको आभाष आउन थालेपछि सामाज्यवाद, उपनिवेशवाद, नव उपनिवेशवाद र सबै प्रकारको विदेशी हस्तक्षेपको विरोध गर्दै आफ्नो राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्न दुवै महाशक्ति राष्ट्रको समदुरीमा रहन चाहने राष्ट्रहरूको अर्को गठबन्धन असंलग्न आन्दोलनको जन्म भएको पाउँछौ । तेस्रो विश्वमा नै क्षेत्रीय सङ्गठनको गठबन्धन भइरहेको वेला दक्षिण एसिया र दक्षिण पूर्वी एसिया क्षेत्रका राष्ट्रहरूका यसतर्फ सोचाई जानु स्वभाविकै थियो ।

दक्षिण एसिया क्षेत्रमा रहेको ठूला राष्ट्र भारतले यस तर्फ त्यति ध्यान नदिएता पनि यस क्षेत्रका साना राज्यहरूले क्षेत्रीय माध्यमबाट यस क्षेत्रमा शान्ति सुरक्षा, स्थिरताको वातावरण स्थापना गरी आफ्नो सुरक्षा सम्प्रभुता र अखण्डता प्रति निश्चित रहन र आर्थिक सामाजिक, सांस्कृतिक विकास दक्षिण एसिया क्षेत्रमा राजनितिक सांस्कृतिक सामाजिक, आर्थिक धार्मिक विविधता पाइन्छ । यस क्षेत्रको सबैभन्दा ठूलो र प्रायः सबै दशसँग सिमाना जोडिएको शक्तिशाली राष्ट्र भारत हो । दक्षिण एसियाको आणविक शक्तिको रूपमा भारत र पाकिस्तान रहेका छन् । भारत र पाकिस्तानले विभिन्न वाहानामा आणविक परीक्षण गर्दै आएका छन् । यस क्षेत्रमा क्षेत्रीय सङ्गठनको विकास गर्न सर्वप्रथम वि.स. २०३१ मा तत्कालिन राजा विरेन्द्रबाट नेपालको तर्फबाट विश्वसामु शान्ति क्षेत्रको प्रस्ताव राखिएको थियो । यो प्रस्तावलाई भारतले स्वीकार नगरेपछि नेपाललाई क्षेत्रीय सङ्गठनको आवश्यकता ज्यादै खडकेको थियो । सन् १९७७ मा काठमाडौँमा वसेको कोलोम्बो आयोजना परामर्श दातृ समितिको बैठकमा राजा विरेन्द्रबाट सम्बोधन गदै नेपालको जलस्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगको आहवान गरेका थिए । त्यसपछि एउटा सकृय क्षेत्रीय सङ्गठनको स्थापना गर्न कठिन भूमिका तत्कालिन बङ्गलादेशका राष्ट्रपति जियाउर रहमानबाट निर्वाह भएको थियो । उनलाई सार्कको जन्मदाता पनि भनिन्छ ।

दक्षिण एशियाली क्षेत्रीय सहयोगको अवधारणा अगाडि सार्दै राष्ट्रपति जियाउर रहमानले मई २, १९८० मा नेपाल, भारत, प्रमुख र सरकार प्रमुखको शिखर बैठकको आव्हान गर्दै पत्राचार गरेका थिए । यो प्रस्तावलाइ सबैले स्वीकार गरे । भारत र पाकिस्तान बीच केही विवाद थिए । सन् १९८१ अप्रिल २१-२३ सम्म श्रीलङ्काको राजधानी कोलोम्बोमा दक्षिण एसियाली राष्ट्रहरूको विदेश सचिवहरूको पहिलो बैठक वस्यो । सार्क स्थापनामा यो पहिलो औपचारिक प्रयास थियो । यस बैठकबाट यस क्षेत्रका

सहयोगका पाँच क्षेत्र कृषि, ग्रामिण विकास दुर संचार, जलवायु र स्वास्थ्य तथा जनसङ्ख्यालाई अगाडि ल्याइयो। साथै अन्य सहयोगका क्षेत्र पत्ता लगाउने सबै राष्ट्रका सरकारी अधिकारीको कमिटि पनि गठन गरियो।

सार्कले आफ्नो स्थापना काल देखि हालसम्म विभिन्न उपलब्धिहरू हासिल गरेको पाएछौँ। यसले विविध क्षेत्रमा प्रगति गर्न सक्ने सम्भावनाहरू पनि छन्। सार्कका उपलब्धिहरू मात्र नभएर यसका आफ्नै किसिमको समस्या र चुनौती पनि छन्। जुन सार्कलाई अगाडि वढ्नका लागि बाधक बनेको छन्। सार्कका मुख्य चुनौतीहरूमा यस क्षेत्रको तनाव र सङ्घर्ष युक्त हुनु, आर्थिक र अन्य क्षेत्रमा यी राष्ट्रबीच विभेद हुनु। यस क्षेत्रका राष्ट्रहरूबीच न्यूनतम सञ्चार सुविधा आदि सहयोगका क्षेत्रमा व्यापार सम्मिलित नगरिनु आदि, समस्या र चुनौती रहेका छन्। यसै गरी सार्कलाई कमजोर बनाउने उद्देश्यले दक्षिण एसियाली क्षेत्रमा एउटा उपक्षेत्रीय सङ्गठन विमस्टेक पनि एउटा बाधकको रूपमा अगाडि बढेको पाउँछौँ। त्यस्तै गरी धार्मिक, राजनीतिक, आर्थिक विविधता रहेको सार्क सदस्य राष्ट्रमध्य भारत सबै दृष्टिकोणले ठूलो र शक्तिशाली छ। अन्य सदस्य राष्ट्रहरूसँग भारतको सीमा कुनै न कुनै रूपमा जोडिएको छ। त्यसैले यसलाई भारत केन्द्रीत क्षेत्र पनि भनिन्छ। र प्रायः सबै देशसँग भारतको विवाद छ। भारत पाकिस्तान बीचको कास्मीर विवाद, भारत बङ्गलादेश बीचरहेको फरक्का विवाद, भारत भुटानबीच रहेको सन १९४९ को सन्धिको विवाद, नेपाल भारत बीच रहेको १९५० को सन्धि कालापानी, लक्ष्मणपुर वाघ र सीमा विवादहरू प्रमुख विवाद रहेको छन्। भने अर्को तर्फ सार्क वडापत्रले दुइपक्षीय विवादलाई सार्क सम्मेलनमा उठाउन नपाउने व्यवस्था गरेको छ।

यसरी दक्षिण एसियाली राष्ट्र भारत पाकिस्तान, नेपाल, बङ्गलादेश श्रीलङ्का, माल्दिभ्स भुटान र पछिल्लो पटक अफगानिस्तान मिलि बनेको सार्कले युरोपियन युनियन र आसियानलाई सार्कले धेरै प्रगति गर्न सक्छ।

त्यसरी प्रसान्त महासागर र हिन्द महासागर बीच अवस्थित दक्षिण पूर्वी एसिया विभिन्न सामूहिक जलमार्गद्वारा कुनै न कुनै रूपमा जोडिन पुगेको छ। यस क्षेत्रमा पर्ने सार्वभौम, मुलुकहरूमा कम्बोडिया, बुनाई, भियतनाम, थाइल्यान्ड, सिङ्गापुर र पछिल्लो पटक इण्डोनेसियाबाट स्वतन्त्र भई पूर्वी टिमोर पनि यस सङ्गठनको सदस्य राष्ट्र बनेको छ। एसियाको शक्ति सन्तुलनमा यो क्षेत्रको ठूलो महत्त्व रहेको छ।यस क्षेत्रले समुन्द्री

जलमार्ग मार्फत, हिन्द महासागर र प्रसान्त महासागरलाई जोड्ने गर्दछ। यस्ता समुन्द्र मार्ग मध्य मलक्का स्ट्रेटको विशेष महत्त्व रहेको छ। जस मार्फत प्रशान्त र हिन्द महासागरीय राष्ट्रहरूमा ९० प्रतिशत व्यापार यसै रणनीतिक दृष्टिकोणले महत्त्वपूर्ण मानिने मार्ग मार्फत हुने गर्छ। एसिया प्रशान्त क्षेत्रको वढ्दो नविन अवधारणाले यस क्षेत्रको रणनीतिक महत्त्वमा अझ वृद्धि हुन पुगेको छ। दक्षिणपूर्वी एसियाको कुल क्षेत्रफल १.८ मिलियन वर्गमाइल रहेको छ भने जनसङ्ख्या लगभग ७ सय मिलियन भन्दा बढी रहेको छ। अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा यसको क्षेत्रको ठूलो महत्त्व रहेको छ। औधोगिक विकासका लागि पूर्वशर्तका रूपमा आवश्यक पर्ने प्राकृतिक र अन्य सम्पदा यस क्षेत्रमा अत्याधिक रूपमा विद्यमान रहेको छ। औधोगिक र कच्चा पदार्थ यस क्षेत्रमा बढि रहेको पाइन्छ।

आर्थिक हिसाबले यस क्षेत्र उल्लेखनीय रहेको पाउँछौ। थाइल्यान्ड, म्यन्मार, इण्डोचाइना क्षेत्र, भियतनाम, कम्बोडिया, लाओस क्षेत्र लामो समयदेखि एसियाको धानको कचौराको रूपमा लिइएको पाइन्छ भने मलेसिया र इण्डोनेसिया ले विश्वको कुल प्राकृतिक रवर उत्पादनको ९० प्रतिशत रवर उत्पादन गर्दछ भने  विश्वको कुल टिन को ६० प्रतिशत उत्पादन गर्दछ। तर आजको विश्वमा यस क्षेत्रले गम्भिर आर्थिक सङ्कटको सामना गर्दै छ। यस क्षेत्रमा विश्वका प्रमुख शक्ति राष्ट्रहरू अमेरिका, ब्रिटेन र प्रमुख एसियाली राष्ट्र चिन, भारत, जापान आदीको आर्थिक लगानी रहेको छ। आजको अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा यस क्षेत्रको ठूलो आर्थिक महत्त्व रहेको पाउँछौ।

यस क्षेत्रमा विश्वका प्रमुख धर्महरू अबलम्बन गरिएको पाउँछौ। कम्बोडिया, लाओस, म्यानमार, थाइल्यान्ड भियतनाममा वौध, धर्मावलम्बी राष्ट्रमा पर्दछ भने मलेसिया इण्डोनेसिया  इस्लामी राष्ट्रहरू हुन। त्यसै गरी फिलिपिन्समा ९०% जति इसाइ धर्मालम्वी रहेका छन्। त्यस्तै सिङ्गापुर मलेसिया आदिमा नगन्य रूपमै भए पनि इसाई धमालम्बी रहेका छन्। यो क्षेत्रमा अल्पमतमा हिन्दु पनि रहेको छ। यस क्षेत्रको आफ्नै किसिमको सामाजिक सांस्कृतिक विशेषता रहेका छन्। साम्यवादी र पुँजीवादी दुवै सरकार द्वारा यो क्षेत्र प्रभावित छ। हिन्दु धर्मावलम्बी भएको भारतीय संस्कृति, चिनियाँ संस्कृति दुवै सामाजिक सांस्कृति प्रभाव रहेको छ। यो एक वहुभाषिक, बहुसांस्कृति, वहुधार्मिक क्षेत्रको रूपमा रहेको छ।

यस क्षेत्रको राजनीतिक इतिहास आफ्नै किसिमको छ। दुई महासागर बीचको सामरिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको र प्राकृतिक सम्पदाको दृष्टिकोणले महत्त्वपूर्ण मानिएको यस क्षेत्रलाई इतिहासका विविध अवधिमा विभिन्न राष्ट्रहरूद्वारा उपनिवेश वनाइएको थियो। 'डच' ले इन्डोनेसियामा, फ्रान्सले इन्डोचाइना क्षेत्रमा व्रिटेनले मलेसिया, सिङ्गापुर म्यानमार र ब्रुनाइमा र अमेरिकाले फिलिपिन्समा उपनिवेश र प्रभाव क्षेत्र कायम गरेका थिए। थाइल्यान्डले मात्र यस क्षेत्रमा स्वतन्त्र अस्तित्व वचाइ राख्न सफल भएको थियो। विगत ३ सय वर्ष भन्दा समयदेखि यस क्षेत्रमा पश्चिमी राष्ट्रको उपनिवेश कायम रहदै आएका छ। यो क्षेत्र लामो समयदेखि शक्ति राष्ट्रहरू को खेल मैदानको रूपमा रहेको पाउँछौ। दक्षिण पूर्वी एसिया क्षेत्रमा सङ्गठनको रूपमा क्षेत्रीय सुरक्षा र विकासको अवधारणा जस्ता मुल उद्देश्य लिएर Assocation of south East Asian Nation (ASEAN) को स्थापना ८ अगस्ट १९६७ मा भएको थियो। प्रारम्भमा थाइल्यान्ड, मलेसिया, इण्डोनेसिया सिँगापुर र फिलिपिन्स मिलेर यस सस्थालाई जन्म दिएको थियो। आज ५ राष्ट्रले स्थापना गरेको ASEAN का सदस्य १० हुदै ११ पुगिसकेको छ।

८ अगस्ट १९६७ मा वैकक घोषणापत्र जारी गरी यस सङ्गठनले यस क्षेत्रको आपसी आर्थिक उन्नति र प्रगति सदस्य बीच सहयोग र पारस्पारिकताको भावना अभिवृद्धि गर्ने र यस क्षेत्रमा शान्ति र स्थायित्व विकास गर्ने लक्ष्य लिएको थियो। इन्डोनेसीयाको राजधानी जकार्तमा केन्द्रीय सचिवालय रहेको आसियानको महासचिव सदस्य राष्ट्रबाट प्रत्येक २।२ वर्षमा फेरिने गरिन्छ। अग्रेजी वर्णमालाको पहिलो अक्षरको आधारमा यस्तो पदमा छनोट गरिन्छ। यसका कर्मचारीहरू ३ वर्षसम्म आफ्नो पदमा वहाल रहन्छन्। आसियानले राखेको उद्देश्य अनुसार यसले यस क्षेत्रका राष्ट्रहरूको आर्थिक, सामाजिक, सांस्कृतिक विकास र प्रगति, समानहितका क्षेत्रमा सहयोग अभिवृद्धि र अन्तर्राष्ट्रिय सहयोगको परिचालन जस्ता कार्य हुदै आएका छन्। आपसी सहयोगलाई प्रात्साहन दिने व्यापार पर्यनट, प्राविधिक विकास अनुसन्धान जस्ता क्षेत्रमा कार्य भइरहेको छ। सन १९९१ मा आसियानको कलालम्पुरमा भएको ३ दिने मन्त्रीस्तरीय बैठकले जापान, क्यानडा, अष्ट्रेलिया, न्यूजिल्यान्ड उत्तर कोरिया र अमेरिकासँग छलफल गऱ्यो। शिखर सम्मेलन आसियानको सङ्गठनको सर्वोच्च अङ्ग हो। शिखर सम्मेलनमा राष्ट्र प्रमुख सरकार प्रमुखहरूको उपस्थिति हुन्छ। शिखर सम्मेलनको आयोजना आवश्यकता अनुसार जहिले पनि गर्न सकिने व्यवस्था छ।

विदेश मन्त्रीहरूको बैठक आशियाको कार्यकारी अंग हो । यो बैठकको आयोजना प्रत्येक वर्ष सदस्य राष्ट्रहरूले वर्णानुक्रम अनुसार गर्दछ ।

आसियानको स्थायी समिति पनि रहेको छ । स्थायी समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेलामा पनि वस्न सक्छ । यसको अलावा विशेष समितिको पनि व्यवस्था गरिएको छ । विशेष समितिको बैठक आवश्यकता अनुसार कुनै खास विषयमा अध्ययन अनुसन्धान गर्न आसियानको विशेष समितिहरू गठन हुन्छन् ।

आसियान स्थापनाको ५१ वर्षमा विभिन्न स्थानमा विभिन्न उपलब्धि हासिल गर्दै हालसम्म १४ वटा शिखर सम्मेलन सम्पन्न गरी सकेको छ । हालसम्मका शिखर सम्मेलनहरूले गरेका उपलब्धिहरूलाई समग्रमा सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ । आसियानको प्रथम शिखर सम्मेलनका ३ वटा महत्त्वपूर्ण दस्तावेजमा हस्ताक्षर गरे 1) Declaration of ASEAN Concerd (2) Treaty of Amity and Co-operation in South East Asia, (3) Agreement establishing the ASEAN Secreatariat . यस सम्मेलनले क्षेत्रीय सहयोगमा ASEAN को भूमिका एक ठोस रूपरेखा तयार गऱ्यो । दोस्रो शिखर सम्मेलनले आर्थिक सामाजिक, व्यापार जस्ता सहयोग बढाउने विषयमा छलफल भयो । त्यसैगरी क्रमश, संयुक्त राष्ट्र सङ्घलाई आवश्यक सल्लाह दिन पेरिस शान्ति सम्झौता गराउन सहयोग गऱ्यो । आर्थिक विकासको क्षेत्रमा आसियान खुल्ला बजार क्षेत्र (AFTA) को निर्माण गऱ्यो । वौद्धिक सम्पदा सँग सम्बन्धित सम्झौता, Treaty on the south East Asian Nuclear Weapons Fre Zone. मा हस्ताक्षर गऱ्यो । यो सन्धि Zone of peace freedom. and Nertracity को मर्मसँग सम्बन्धित छ । आसियान ल SEANWFZ Commision वनाई South East Asian Neculear Weapon Free Zone को कार्यान्वयन सम्बन्धमा जोड दिएको छ । त्यसै गरी छैठौ शिखर सम्मेलनले दक्षिण पूर्वी एसियामा स्वतन्त्र व्यापार क्षेत्र (SFTA) लाई पूर्व निर्धारित सीमा भन्दा पहिले नै प्रभावकारी सहमत भयो । एच.आई. भि. एड्स सम्बन्धमा विश्लेषण गर्दै रोकथाप गर्न विभिन्न उपायको अबलम्बन पर्यटन विकास सम्बन्धी संयुक्त कार्य प्रणालीको विकास गर्न घोषणा गऱ्यो । यसै गरी कम्बोडियाको राजधानी नोम्हपेनमा भएको आठौ शिखर सम्मेलनले दक्षिण पूर्वी एसियामा वढ्दो आलङ्कवादि गतिविधिको एकजुट भएर सामना गर्ने सहमति भएको थियो चीन सँग खुल्ला व्यापारिक क्षेत्रको सिर्जना गर्नेर चीन सँगको सीमाना अपराध नियन्त्रण गर्ने विषयमा आसियान र चीन बीचन सम्झौतामा हस्ताक्षर भएको छ । आसियानले विविध क्षेत्रमा

उपलब्धि हासिल गरेको छ। आसियान क्षेत्रयि सङ्गठनहरू मध्ये युरोपियन युनियन पछिको सफल क्षेत्रीय सङ्गठन हो। आसियान युरोपियन युनियनलाई मार्ग निर्देशक मानेर अगाडि बढिरहेको छ। आज यी देशहरूमा आसियान क्षेत्रको एक राष्ट्रमा Airport Tax तिरेपछि त्यस क्षेत्रको अन्य राष्ट्रमा Tax तिर्नु नपर्ने व्यवस्था छ। यसलाई आसियानको थप उपलब्धि मान्न सकिन्छ। आसियानले विभिन्न उपलब्धि हासिल गरे पनि South East Asia विविध राजनीतिक मानयता वोकेका, विविध धार्मिक आस्था वोकेका, विविध सांस्कृतिक सामाजिक अवस्था भएको देशहरूका सङ्गमस्थल हो भिन्न अवस्थाका देशहरूलाई एकै ठाउमा समेटेर लैजाने कार्य आफैमा एक चुनौती पूर्ण कार्य हो। आसियान सदस्य राष्ट्रबीच क्षेत्रीय आर्थिक सहयोग अभिवृद्धि गर्ने दिशामा महत्त्वपूर्ण कार्य गर्न नसकेको गुनासो रहेको छ। आज आसियान भित्रको व्यापारिक कारोवार अन्तरक्रिया अति नै न्यून रहेको छ।

तुलनात्मक हिसाबले सार्क भन्दा आसियान प्रभावकारी र सक्षम छ। दास्रो विश्वयुद्ध पश्चात् स्थापना भएको संयुक्त राष्ट्रसङ्घको वडापत्र भाग ८ को धारा ५२, ५३, ५४ मा भएको व्यवस्था अनुसार क्षेत्रीय सङ्गठनको रूपमा स्थापना भएको सार्क यी दुवे सङ्गठन आफ्ना क्षेत्रका विभिन्न समस्या, चुनौती उपलब्धिलाइ हासिल गर्दै अगाडि बढेका छन्। तुलनात्मक हिसाले सार्क भन्दा आसियान सक्षम र प्रभावकारी छ । सार्क वडापत्र अनुसार द्विपक्षीय विवादहरूमा सार्क सम्मेलनमा उठाउन नपाइने व्यवस्थाले समस्या समाधान गर्न पछाडी परेको छ। शक्ति राष्ट्रहरूको खेल मैदानको रूपमा रहेको दक्षिण पूर्वी एसियाका सदस्य राष्ट्रहरू पनि थाइल्यान्ड फिलिपिन्स अमेरिका प्रति झुकाव राख्दछन् भने सिङ्गापुर ब्रुनाई बेलायत प्रति झुकाव राख्दछ। त्यस्तै गरी NAM को संस्थापक राष्ट्र इन्डोनेसीया यसै क्षेत्रमा पर्दछ। त्यसै गरी भियतनाम, लाओस, कम्बोडिया चीन, प्रति अलि बढी झुकाव राखेको पाउँछौ।

## ६.१ निष्कर्ष

क्षेत्रीयता सम्बन्धी अवधारणा प्राचीन कालदेखि कुनै न कुनै रूपमा रहेको पाइन्छ। ग्रीस महासङ्घ, भारतीय महामण्डल आदि प्राचीन क्षेत्रीय व्यवस्था हुन् भने प्रायद्विपलाई तटस्थता प्रदान गर्ने १८५६ को सन्धि, आयोनिक प्रायद्विप सम्बन्धी सन्धि १८६३ कङ्गो कानुन, सन् १८८५ आदि १९ औ शताव्दिका उदारहण हुन्। आधुनिक वैज्ञानिक तथा

प्राविधिक विकासले राष्ट्रहरूबीच सम्बन्ध वढ्न थाल्यो र अन्तरनिर्भरताको स्थिति उत्पन्न भयो। त्यसलाई व्यवस्थित गर्नको लागि क्षेत्रीय सहयोगको आवश्यकता महसुस गर्न थालियो। प्रष्ट रूपमा भन्नु पर्दा राज्यहरू कै साझा हित र साझा प्रयत्नबाट अन्तर्राष्ट्रिय सङ्गठन बनेका हुन् र तिनै हित र प्रयत्नबाट क्षेत्रीय सङ्गठन बनेका हुन्। दोस्रो विश्वयुद्धपछि राष्ट्रसङ्घको अन्त्यमा भावि सन्ततिलाई युद्धको प्रकोपबाट वचाउने मुल उद्देश्य लिएर २४ अक्टोवर १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको पाउँछौं। यहि संयुक्त राष्ट्रसङ्घको भाग ८ को धारा ५२, ५३ र ५४ ले दिएको अधिकार प्रयोग गरी विभिन्न क्षेत्रीय सङ्गठनहरू स्थापना भएका हुन्। यसै क्रममा आसियान र सार्कको पनि स्थापना भएको हो।

क्षेत्रीय सङ्गठनको रूपमा शुरुमा दक्षिण पूर्वी एसियामा आसियान र दक्षिण एसियामा सार्कको स्थापना क्रमश वैंकक घोषणापत्रद्वारा सन १९६७ मा भएको थियो भने सार्कको स्थापना सन १९८५ मा ढाका घोषणापत्रद्वारा सार्कको स्थापना भएको थियो। दोस्रो विश्वयुद्धपछि शक्ति राष्ट्रहरूको खेल मैदानको रूपमा रहेको आसियान क्षेत्र धार्मिक, राजनीतिक, आर्थिक सामाजिक, सांस्कृतिक विविधता भएको क्षेत्र हो। आसियान सार्क भन्दा १८ वर्ष जेठो सङ्गठन हो। सार्क दक्षिण एसियामा स्थापित स्थापनाकालमा ७, र हाल अफगानिस्तान गरी यसको सदस्य सङ्ख्या ८ पुगेको छ। यो पनि धार्मिक विविधता, राजनीतिक विविधता, सांस्कृतिक विविधता रहेको क्षेत्र हो। यो क्षेत्रको सबै भन्दा ठूलो सदस्य राष्ट्र भारत हो। अन्य सदस्य राष्ट्रहरूसँग भारतको कुनै न कुनै रूपमा सीमा जोडिएको छ। र प्रायः सबै सदस्य राष्ट्रसँग कुनै न कुनै विवाद छ। भारत र पाकिस्तान दक्षिण एसियामा आणविक शक्ति सम्पन्न राष्ट्रको रूपमा देखा परेका छन्। यिनीहरूले विभिन्न वाहनामा आणविक परीक्षण गर्दै आएका छन्। सार्कको वडापत्रमा कमजोरीको रूपमा रहेको द्विपक्षीय विवाद उठाउन नपाउने र सबै निर्णय सर्बसम्मत गर्नै पर्ने समस्याले गर्दा सदस्य राष्ट्रहरूलाई द्विपक्षीय समस्या सुल्झाउन अप्ठ्यारो परेको छ। यसरी हेर्दा क्षेत्रीय सङ्गठनको रूपमा रहेको सार्कले विभिन्न समस्याहरू र चुनौतीहरूलाई सामना गर्दै अगाडि बढिरहेको पाउँछौ।

तुलनात्मक रूपमा आसियान सार्क भन्दा प्रभावकारी र सक्षम सङ्गठनको रूपमा देखिन्छ। क्षेत्रीय सङ्गठनको नमुनाको रूपमा देखिन्छ। क्षेत्रीय सङ्गठनको नमुनाको रूपमा विकास भएको युरोपियन युनियनपछिको आसियान सफल सङ्गठन हो। झण्डै

साढे ३ दशकको यात्रा पूरा गरेको सार्कको भौगोलिकलाई मानविय स्रोत र साधान उपलब्धता र प्रर्यावरणीय दृष्टिकोणले प्रचुर सम्भावना भएता पनि यस क्षेत्रको राजनीतिक अस्थिरता लगानीको वातावरण नहुनु, आंतककारी गतिविधि जस्ता समस्याले गर्दा सार्कले गति लिन सकेको देखिदैन । यसको अतिरिक्त दुई देशको विवादको कारणले सार्कले आफ्नो नियमित शिखर सम्मेलनसम्म पनि समयमा आयोजना गर्नै सकेको छैन । यसरी क्षेत्रीय सङ्गठनको रूपमा उदाएको सार्कले आशियान मोडेललाई अवलम्बन गर्न कार्यान्वयन पक्षमा जोड दिनुका साथै वैधानिक व्यवधान हटाउँदै लान सके जुन उद्देश्य लिएर सार्कको स्थापना भएको हो त्यो लक्ष्य पूरा हुने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


**नेपाली**

अधिकारी, रमेश (२०७०), *दक्षिण एशिया र दक्षिणपूर्वी एशिया,* काठमाडौँ : पैरवी प्रकाशन ।

आचार्य, निलाम्बर (२०६१), *प्रजातन्त्रमा सङ्क्रमण, अवरोध र अप्ठ्याराहरू,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

कान्तिपुर राष्ट्रिय दैनिक, २९ कार्तिक, २०७२ पृ. ३ ।

कान्तिपुर राष्ट्रिय दैनिक, २५ असार २०७५, पृ. ३ ।

घिमिरे, पशुपतिराज (२०६०), *प्रभावकारी क्षेत्रीय सङ्गठनको रूपमा सार्क र आसियनको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र), राजनीतिशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

जिज्ञासु, भिम राना (२०५९), "भियतनाम विविध जानकारी", *विमोचन,* वर्ष २१, अङ्क १०, काठमाडौँ ।

दहाल, रामकुमार (२०५९), *समसामयिक अन्तर्राष्ट्रिय अध्ययन,* काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

देवकोटा, इन्द्र बहादुर (२०५८), *अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठन अध्ययन,* काठमाडौँ : कञ्चन प्रिन्टिङ प्रेस ।

दहाल, गिरिधारी (२०७४), *आधुनिक राजनीतिक विश्लेषण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

धमला, दशरथ (२०६२), *दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन,* काठमाडौँ : सांग्रिला पुस्तक प्रा.लि. ।

पराजुली, गणेश (२०५८), "सार्क स्थापनाको सोह्र वर्ष : एक सिंहावलोकन", *प्रतियोगिता मञ्च,* वर्ष ८, अङ्क २, पूर्णाङ्क ५०, काठमाडौँ ।

पाण्डे, रमेशनाथ (२०७२), *कूटनीति र राजनीति,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

पोखरेल, कृष्ण (२०५९), *अन्तर्राष्ट्रिय सम्बन्धको विश्लेषण,* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

प्याकुरेल, विश्वम्भर (२०५८), "सार्क वर्तमान समस्या र सम्भावना", *प्रतियोगिता मञ्च,* वर्ष ८, अङ्क २, पूर्णाङ्क ५०, काठमाडौँ ।

प्रसाई, नरेन्द्र राज (२०४३), *दक्षिण एसियाली सहयोग सङ्गठन,* काठमाडौँ ।

प्रसाई, नरेन्द्र राज (२०५८), *दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन,* काठमाडौँ : उषा प्रसाई ।

फाडिया, वी.एल (२००१), *अन्तर्राष्ट्रिय राजनीतिमा भारत,* आगरा : साहित्य भवन पब्लिकेशन ।

बराल, भीमनाथ (२०६४), "सार्कको चौधौँ शिखर सममेलन, उपलब्धि र चुनौतीहरू", *प्राज्ञमञ्च,*

पोखरा : नेपाल प्राध्यापक सङ्घ, पृथ्वीनारायण क्याम्पस एकाई समिति ।

बराल, भीमनाथ (२०७३), "अठारौँ शिखर सम्मेलन र चुनौतीहरू", *प्राज्ञमञ्च,* पोखरा : नेपाल प्राध्यापक सङ्घ, पृथ्वीनारायण क्याम्पस एकाई समिति ।

बस्नेत, लीला बहादुर (२०५०), *अन्तर्राष्ट्रिय सङ्गठनको परिचय,* काठमाडौँ : एम. के. पब्लिकेसन एण्ड डिष्ट्रिब्युटर्स ।

भट्टराई, केशवप्रसाद (२०७४), "चीनको ताइवान नीति, चुनौती र अमेरिका", अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक, १५ फागुन ।

भण्डारी, बुद्धि प्रसाद (२०६८), *अन्तर्राष्ट्रिय अध्ययन : अन्तर्राष्ट्रिय सम्बन्ध र अन्तर्राष्ट्रिय कानुन,* काठमाडौँ : पैरवी प्रकाशन ।

विश्वकर्मा, बाबुराम (२०७५), "सार्क, पन्छाउँदै बिमस्टेक", *नेपाल* (राष्ट्रिय साप्ताहिक), १७ भदौ २०७५ ।

राई, अमृत बहादुर (२०५८), *सार्क एक विस्तृत अध्ययन,* काठमाडौँ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

रेग्मी, श्रीकान्त (२०५८), "बदलिँदो परिप्रेक्ष्यमा एघारौँ सार्क", नेपाल समाचारपत्र, काठमाडौँ ।

शिखा, अग्नी (२०५८), "स्वाधीनताको पहिलो गास कस्तो हुन्छ", *दृष्टि साप्ताहिक,* वर्ष १९, अङ्क २७, काठमाडौँ ।

शिवाकोटी, गोपाल (२०५९), *अन्तर्राष्ट्रिय सम्बन्धको परिचय,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शिवाकोटी, गोपाल (२०६८), *अन्तर्राष्ट्रिय सम्बन्ध,* काठमाडौँ : पैरवी प्रकाशन ।

श्रेष्ठ, हिरण्यलाल (२०५९), "भुटानमा चारपटक भ्रमण गर्दा", काठमाडौँ : स्पेशटाइम दैनिक ।

शर्मा, गोपाल (२०५५), *संक्षिप्त अन्तर्राष्ट्रिय कानुन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, हिरण्यलाल (२०४९), *अन्तर्राष्ट्रिय राजनीति,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

*सार्क बडापत्र* (१९८५ इ.सं.), सार्क सचिवालय, काठमाडौँ ।

**English**

A Brief on SAARC (2001), SAARC Secretariat.

ASEAN Document Series (1996), Jakarta, ASEAN Secretariat.

ASEAN Standing Committee (1993), Annual Report, Jakarta.

Baral, Bhimnath (2018). *South Asia: An Overview,* Pokhara : Fishtail Publication Pvt. Ltd.

Baral, Lok Raj (1998), *The Politicals of Balanced Interdependence Nepal and SAARC*, Ratna Pustak Bhandar, Kathmandu.

Baral, Lok Raj (2009), *Regional and Extra Regional Links and South Asia Co-operation*, T.U., CEDA, Kathmandu.

Ghosh, Peu (2015). *International Relations* (Third Edition), Delhi : PHI Learning Private Limited.

http://www.saarc-sec.org

International Relations and Labour Committee (2017). *Regional Conference on SAARC Effectiveness (29-30 Sept. 2016)* edited by Lal Babu Yadav and Lekh Nath Poudel, Legislature Parliament Nepal.

K.C., Khadga (1999). "SAARC, Its challenge and Future Prospects" in *Journal of Political Science*, Vol. II, No. 1, Department of Political Science, Prithvi Narayan Campus, Pokhara.

Khatri, Sridhar K. (1998). "The Questions of Political will and the challenge of Deepaning Regional Cooperation in South Asia" in *Journal of Politcal Science,* Vol 1, No. 1, Department of Political Science and Sociology, Prithvi Narayan Campus, Pokhara.

Lama, Mahendra P. (2017). "Regionalism in South Asia: Renegotiating the Existing Model in SAARC" *Regional Conference on SAARC Effectiveness*

*(29-30 Sept. 2016)* edited by Lal Babu Yadav and Lekh Nath Poudel, Legislature Parliament Nepal.

Malhotra, Vinay Kumar (2012). *International RElations (4th Revised and Enlarged Edition),* New Delhi : Anamol Publications Private Limited.

Muni, S.D. (2010). "SAARC Prospects: The Changing Dimensions" in *The Emerging Dimensions of SAARC* edited by S.D. Muni, New Delhi: Cambridge University Press India Pvt. Ltd.

SAARC (2002), A profile, SAARC Secretariat, Kathmandu.

SAARC Charter and Provisional Rules of Procedure of the SAARC.

Turnner Barry (2000), *The World Today*, London : Macmillian Reference Limited.

Vaidya Malla, Meena (2017). "SAARC Back Frm Achieving More" in *Journal of Political Science*, Vol. XV No. 3, Centra Department of Political Science, Tribhuvan University, Kirtipur. Kathmandu.

World Bank Report on Global Commodities Market, August 2002.

https://en.m-wikipedia.org